# शिक्षा योजना

## कार्यान्वयन अवधि

(२०७८/७९–२०८२/८३)



**शिक्षा, युवा तथा खेलकुद शाखा**

**शान्तिनगर गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**चिराघाट, दाङ**

# शिक्षा योजना

## कार्यान्वयन अवधि

## (२०७८/७९-२०८२/८३)

## शान्तिनगर गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### लुम्बिनी प्रदेश

### चिराघाट, दाङ

# शान्तिनगर गाउँपालिका, शिक्षा समितिको निर्णयानुसार गठित गाउँ शिक्षा योजना निर्माण कार्यदलको चिनारी

१) संयोजक-श्री सुमन पाण्डे (शिक्षा अधिकृत)

२) सदस्य-श्री ठुमराज लामिछाने (प्रधानाध्यापक)

३) सदस्य-श्री सशिधर के.सी (बिद्यालय व्यबस्थापन समिति अध्यक्ष)

४) सदस्य-श्री मिना गिरि (शिक्षा समिति सदस्य)

५) सदस्य-श्री सुदर्शन रिजाल (उपप्राध्यापक तथा प्राबिधिक बिज्ञ)

सर्बाधिकार@शान्तिनगर गाउँपालिका, चिराघाट दाङ ।

# अध्यक्षको शुभकामना मन्तव्य

ज्ञानमा आधारित सु-संस्कृत समाजको माद्यमवाट मुलुकको दिगो शान्ति र सम्बृद्दीका लागी शिक्षालाई महत्वपुर्ण साधनको रुपमा स्विकार गरिदै आएको बर्तमान परिस्थीतिमा नेपालको संबिधानले उच्च शिक्षा सम्बन्धि हकलाइ मौलिक हकका रुपमा प्रत्याभुत गरेको छ।शिक्षा क्षेत्रका बिभिन्न समस्याहरु मध्ये सवैका लागि गुणस्तरिय शिक्षाको पहुँच सुनिश्चतता गर्न नसकिनु, लक्षित समुहका बालबालिकाको शैक्षिक पहुँच बृद्दि गर्न नसकिनु, भर्ना भएका बालबालिकाई बिद्यालयमा टिकाइराख्न र शैक्षिक निरन्तरता कायम गर्न नसकिनु, बिषयगतरुमा प्राज्ञिक शैक्षिक व्यवस्थापनमा उल्लेखनिय प्रगति नहुनु, प्रारम्भिक बाल शिक्षाको दरिलो आधारस्तम्भ तयार गर्न नसकिनु, बिषयगत तथा बिधागत बिषयबस्तुलाई एकिकृत शैक्षिक प्रक्रियाको माद्यमवाट शैक्षिक अनुसन्धनात्मक ज्ञानमा आधारित अर्थतन्त्रको विकासमा टेवा पुर्याउन सक्ने जनशक्ति उत्पादनमा बिशेष जोड दिन नसक्नु, सिपलाई श्रम र श्रमलाई उत्पादन र बजार संग तादम्यता गराई आयमुलक क्रियाकलापमा शैक्षिक जनशक्तिलाई उपयोग गर्न नसकिनु तथा अपेक्षित सिकाई उपलब्धि हाँसिल गर्न नसकिनु हाल शिक्षा क्षेत्रमा रहेका बिधमान समस्याहरु हुन ।

उल्लेखित बिबिध प्रकारका शैक्षिक समस्या न्युनिकरण गर्नको लागि शिक्षा क्षेत्रमा उपयुक्त प्रकारको शिक्षा योजना निर्माण गरी बिभिन्न चुनौति र अवसरलाई शैक्षिक विकास गर्ने प्रयास स्वरुप शान्तिनगर गाउँपालिकाले पञ्चवर्षिय शैक्षिक योजना निर्माण गयी। शान्तिनगर गाउँ शिक्षा समिति वाट शिक्षा शाखा प्रमुखको संयोजकत्वमा गठित शिक्षा योजना निर्माण कार्यदलले बिभिन्न चरणमा शैक्षिक सरोकारवालाहरुको उपस्थितिमा यस गाउँपालिका अन्तर्गत रहेका सामुदायिक बिद्यालयको शैक्षिक क्षेत्रमा रहेका समस्या र समस्या समाधानको रणनिति सहित निश्चित लक्ष्य उद्देश्य राखेर यस क्षेत्रको शैक्षिक बिकासमा टेवा पुर्याउने, शिक्षामा आधुनिक प्रबृत्तिको बिकास मार्फत प्रारम्भिक बाल कक्षा देखी माद्यामिक तहसम्मको वार्षिक रुपमा निश्चित बजेट बिनियोजन मार्फत शैक्षिक स्तर उकास्ने प्रयास गर्ने र सो कार्यमा यस क्षेत्र अन्तर्गतका सबै शैक्षिक सरोकारवालाले सहयोग पुर्याउने बिश्वासका साथ यो शिक्षा योजना अगाडि बढ्ने बिश्वास लिएको छु ।

पुर्बनिर्धारित लक्ष्य प्राप्तिका लागि निश्चित समयाबधि भित्र उपलब्ध साधनको उच्चतम प्रयोग मार्फत शैक्षिक लक्ष्य हाँसिल गर्न भविष्यको लागि दिशा निर्देश गर्ने शैक्षिक दस्ताबेजनै वास्तबमा शिक्षा योजना हो। शिक्षाको बिकास मार्फत स्थानिय र राष्ट्रिय आबश्यकतालाई परिपुर्ति गर्ने गरी देश समाज र सवै सरोकारवालाको आबश्यकता बमोजिम रणनिति तय गरी क्रियाकलाप सञ्चालन गरिनु शिक्षा योजनामा समाबिष्ट हुने बिषयबस्तुहरु हुन ।

सामाजिक मागको आबश्यकता र सबै क्षेत्र बर्ग समुदायले अपनत्व कायम हुने किसिमले प्रभावकारी संयन्त्रको को विकास मार्फत समभ्कदारि बिकास गरि यस शान्तिनगर गाउँपालिकाको शेक्षिक उन्नयनमा टेवा पुग्नेछ भन्ने आशा व्यक्त गरेको छु। मुलुक संघिय संरचनामा प्रबेश गरे सगै यस शान्तिनगर गाउँपालिकामा मेरो नेतृत्वमा बिभिन्न क्षेत्रको बिकास गर्ने र यस क्षेत्रका सबै समुदायलाई सुख र सम्बृद्दिको दिशामा अगाडि बढाउने प्रयत्न श्वरुप सामाजिक क्षेत्र अन्तर्गत शिक्षामा हरेक बर्ष

नै प्रयाप्त मात्रामा वजेट बिनियोजन गरि बिभिन्न प्रकारका शैक्षिक क्रियाकलापहरु संचालन हुदै आएका छन र सवै नानि बाबुहरुले शिक्षामा आफ्नो अधिकार सजिलै प्रत्याभुत गर्न सकुन र निश्चित समयबधि भित्र तोकिएको लक्ष्य पुरा गर्न सजिलो होस भन्ने हेतुले यो शैक्षिक योजनाको निर्माण भएको हो ।

शान्तिनगर गाउँपालिकाको यस शैक्षिक योजना (२०७८/७९-२०८२/८३) ले बिद्यालय शिक्षाको समग्र शैक्षिक स्थितिमा सुधार ल्याउने छ भन्ने पुर्ण अपेक्षा गर्दै यस योजना तर्जुमा निर्माणमा अग्रणी भुमिका निर्बाह गर्नुहुने सम्पुर्ण कर्मचारी, शिक्षक बर्ग तथा अन्य शैक्षिक सरोकारवालाहरु सबैलाई बिशेष धन्यबाद दिदै शिक्षा क्षेत्रको बिकासमा यो शैक्षिक योजना कोशेढुङ्गा सावित हुने छ भनि शुभकामना व्यक्त गर्न चाहन्छु ।

कमान सिंह डाँगी
अध्यक्ष
शान्तिनगर गाउँपालिका

# हार्दिक आभार

नेपालको संबिधानले शिक्षामा सवै नागरिकको पहुँच, अनिबार्य तथा निःशुल्क शिक्षा सम्बन्धि व्यवस्था मौलिक हकको रुपमा अङ्गिकार गरे पश्चात स्थानिय सरकार सञ्चालन ऐन-२०७४ बमोजिम आधारभुत तथा माद्यामिक तह सम्मको शिक्षाको अधिकार स्थानिय तहमा निक्षेपण गरेको देखिन्छ। सोहि व्यवस्था बमोजिम शैक्षिक क्षेत्रका बिबिध समस्या समाधानको लागि योजनाबद्द तरिकाले कार्यक्रम तय गरि बिभिन्न क्रियाकलापको माद्यमवाट तल्लो तह देखि नै शैक्षिक स्तर उकास्ने प्रयास श्वरुप यस शान्तिनगर गाउँपालिकाले शैक्षिक समस्या समाधान गर्ने उद्देश्य निर्धारण गरेर स्पष्ट रणनीति सहित पञ्चबर्षिय शैक्षिक योजना निर्माण गरेको छ । देशमा गणतन्त्रको स्थापन पश्चात लोकतन्त्रका लाभहरुको समानुपातिक, समावेशी र न्यायोचित बितरण गरी कानुनि राज्य र दिगो बिकासको अबधारणा अनुरुप समाजबाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढ गर्न र स्थानीय नेतृत्वको बिकास गर्दै स्थानीय शासन पद्दतिलाई मजबुत बनाउँदै लैजान स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भई उक्त ऐनको दफा ११ को “ज” मा आधारभुत र माद्यामिक शिक्षा शीर्षक अन्तर्गत २३ वटा बुँदामा स्थानीय तहको शिक्षा सम्बन्धी अधिकारलाई बिस्तृतिकरण गरिएको छ। शिक्षाका राष्ट्रिय लक्ष्य र उद्देश्य परिपुर्तिको लागि संघ, प्रदेश र स्थानिय सरकारका शैक्षिक नीतिहरुको मार्गदर्शन अनुरुप गुणस्तरिय शिक्षाको बिकास गर्नु आजको आबश्यकता हो । प्रारम्भिक शिक्षा तथा आधारभुत तहमा बालबालिकाको शैक्षिक पहुँच बृद्दि गर्ने, भर्ना भएका बालबालिकाको माद्यामिक शिक्षा अनिवार्य परिपुर्ति गराउने प्रयास शवरुप शैक्षिक निरन्तरताको अभियानलाई बिभिन्न किसिमका कार्यक्रम मार्फत स्थायित्व प्रदान गर्नु महत्वपुर्ण मानिन्छ। बिभिन्न कारणले पढाई छाड्ने प्रबृत्तिलाई निरुत्साहित गरि अभिभाबक सचेतना मार्फत शिक्षामा सबै बालबालिकाको पहुँच बृद्दि गर्न र राष्ट्रिय तथा स्थानिय आबश्यकता बमोजिम स्तरयुक्त दक्ष जनशक्ति उत्पादनमा सहजिकरण गर्नु हामि सवैको दायित्व हो ।

शिक्षण सिकाइ प्रक्रियामा दक्ष जनशक्तिको प्रयोग, आधुनिक नबप्रबर्तन शिक्षण कला कौशलको उपयोग, शिक्षक-बिधार्थी अभिभावकको अन्तरक्रिया मार्फत शिक्षकको क्षमता बिकास गर्ने र सोहि बमोजिम शिक्षण सिकाई प्रक्रिया सञ्चालन गर्ने गरि निश्चित लक्ष्यरउद्देश्य किटान गरेर कक्षा शिक्षण सिकाईमा सुधार गर्नु र बिदाथीको सिकाई उपलब्धि स्तरको बिकास गर्नु शैक्षिक योजना निर्माणको उद्देश्य हो ।

योजना बिकासको अबधारणालाइ दृष्टिगत गर्दा बि।स। २०१३ साल देखि योजना बिकासको थालनि गरिएको हो भने शिक्षा क्षेत्रको बिकासको सन्दर्भमा नेपाल राष्ट्रिय शिक्षा आयोगको प्रतिबेदन-२०११, राष्ट्रिय शिक्षा पद्दतिको योजना-२०२८ र राष्ट्रिय शिक्षा आयोगको प्रतिबेदन-२०४९ लाई शैक्षिक सुधारको महत्वपुर्ण दस्ताबेजको रुपमा लिन सकिन्छ। सम्बन्धित क्षेत्र, समुदायलाई किटान गरेर आबश्यतकता पहिचान गरिन्छ सोहि समुदायका सरोकारवाला, शैक्षिक बिज्ञको उपस्थितिमा उनीहरुको आबश्यकता बमोजिम स्थानियस्तरको योजना निर्माण गरिनु नै शैक्षिक योजना निर्माण गरि कार्यानवयन गर्न

सकिने हुन्छ सोहि बमोजिम नै यस शान्तिनगर गाउँपालिका, गाउँ शिक्षा समितिले शिक्षा शाखा प्रमुखको संयोजकत्वमा शैक्षिक योजना निर्माण कार्यदल गठन गरि सवै सरोकारवालाको प्रतिनिधित्व गराएर बिभिन्न चरणमा सुझाबहरु संकलन गरी शैक्षिक स्तर उकास्ने अभियान स्वरुप यो पञ्चबर्षिय (२०७८/७९-२०८२/८३) शैक्षिक योजनाको दस्ताबेज तयार गरेको छ । आ.व. २०६६/६७ देखिनै बिद्यालय शिक्षाको गुणस्तर सुधार गर्ने गरि बिद्यालय क्षेत्र सुधार योजना कार्यान्वयन भयो। यस योजनाका सार्थक क्रियाकलापलाई अझ बढी प्रभावकारि बनाउन २०७३/७४ देखि बिद्यालय क्षेत्र बिकास योजना कार्यान्वयन भइरहेको छ। दिगो बिकासका लक्ष्य प्राप्ति गर्न नेपालको सन्दर्भमा पन्ध्रौ योजना कार्यान्वयनको चरणमा छ। शिक्षा सम्बन्धि बिभिन्न बिकेन्द्रित अधिकार र जिम्मेवारिहरुलाई शिरोधार्य गर्दै मुलुकको समग्र शिक्षा प्रशासनलाई जनमुखी, चुस्त, बैज्ञानिक, समयसापेक्ष, समाबेशी, गुणतरीय र पर्तिस्पर्धि बनाउदै लैजान सबै तहलाई मार्गदर्शन हुने किसिमबाट नेपाल सरकारले बिद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरु निर्धारण गरि कार्यान्वयनमा ल्याइएको छ। अब उप्रान्त संघ, प्रदेश तथा स्थानीय तहहरुले शैक्षिक क्रियाकलापहरु तर्जुमा गर्दा उक्त उद्देश्य पुरा हुने कुरामा हर हिसाबले टेवा पुग्ने जरुरी हुन्छ।सोहि अनुरुप माथि उल्लेखित बिभिन्न शैक्षिक दस्ताबेजको कार्यान्वयन तथा यस क्षेत्रको शैक्षिक उपलब्धि बृद्दि गरि गुणस्तरिय शिक्षाको प्रत्याभूत गराउन यस शान्तिनगर गाउँपालिकाले शैक्षिक योजना निर्माण भएको हो । यस शैक्षिक योजनाले बिद्यालय शिक्षामा रहेका बिभिन्न चुनौति र समस्या लाई निराकरण गर्न स्पष्ट रणनिति, कार्यनिति र क्रियाकलाप तय गरि भावी योजना र कार्यक्रम तय गरेको छ र सोहि बमोजिम कार्य सम्पादन गर्न सहयोग हुनेछ भन्ने अपेक्षा गरेका छौ । यस शैक्षिक योजना निर्माण गर्न तथा योजना कार्यान्वयनको सुनिश्चितताका लागि सम्बद्द सबै निकाय, अभिभाबक, शैक्षिक सरोकारवाला, शिक्षक, कर्मचारिहरुलाई धन्यबाद तथा योजना कार्यान्वयनमा सवै पक्षवाट निरन्तर रुपमा सहजिकरण हुनेछ भन्ने बिश्वास लिदै यहाहरुको अमूल्य सुझाव र सकारात्मक तथा रचनात्मक सल्लाहको अपेक्षा सहित हार्दिक आभार प्रकट गर्दछौ ।

सुमन पाण्डे
शिक्षा अधिकृत
शिक्षा योजना निर्माण कार्यदल संयोजक

रेमन्त बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत

# कृतज्ञता

नेपाल सरकार लुम्बिनी प्रदेश शान्तिनगर गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाले शान्तिनगर गाउँपालिकाको समग्र शैक्षिक बिकास गर्ने उदेश्यले आर्थिक बर्ष २०७७/०७८ मा पाँच बर्षे गाउँपालिका शिक्षा योजना २०७८/७९-२०८२/०८३ निर्माणका लागि बजेट बिनियोजन गरी योजना निर्माण गर्ने काम सम्पन्न गरेको छ । यस कार्यका लागि शान्तिनगर गाउपालिका शिक्षा समितिले शिक्षा शाखा प्रमुख श्री सुमन पाण्डेको संयोजकत्वमा ५ सदस्यीय कार्यदल गठन गरेको थियो । शिक्षा समितिको बैठकले सो कार्यदलमा शान्तिनगर गाउँपालिकामा बिकास परामर्शदाता तथा शिक्षा बिज्ञको रुपमा काम गर्नका लागि सूचिकृत महेन्द्र बहुमुखी क्याम्पस दाङको उप प्राध्यापक सुदर्शन रिजाललाई पनि कार्यदल सदस्यमा राखी परामर्शदाताको रुपमा काम गर्ने जिम्मेबारी प्रदान गऱ्यो । शिक्षा योजना निर्माण कार्यदल सदस्य तथा परामर्शदाताको जिम्मेबारीमा रहेर शान्तिनगर गाउपालिका शिक्षा शाखाको प्रत्यक्ष सम्पर्कमा रही योजना निर्माणमा जुट्दा शान्तिनगर गाउँपालिकाको शिक्षा क्षेत्रलाई नजिकबाट बुझ्ने अबसर प्राप्त भयो । योजना निर्माण गर्नेक्रममा यस क्षेत्रका शिक्षा सरोकार वालाहरु, शिक्षा समिति तथा गाउँपालिका शिक्षा शाखामा उपलव्ध तथ्याङ्कका साथै योजना निर्माणका लागि आबश्यक पर्ने थप तथ्याङ्क संकलन गरी बिश्लेषण गर्ने काम गरियो । साथै कार्यदलले योजना बिदसंगको परामर्श, नेपाल सरकार, पालिका तथा पालिकाका सहयोगी निकायबाट शिक्षा क्षेत्रमा भईरहेका तथा गर्नुपर्ने क्रियाकलापलाई सहयोग गर्ने गरी बजेट तथा श्रोत समेतको बिश्लेषण गरी नेपाल सरकार शिक्षा  तथा मानव श्रोत बिकास केन्द्रले बिकास गरेको ढाचामा शिक्षा योजनाको मस्यौदा तयार गर्ने काम सम्पन्न गरेको छ । सो मस्यौदालाई गाउँपालिका शिक्षा समितिमा छलफल गराई गाउँ कार्यपालिकावाट पारित गरी आगामी बर्षदेखी कार्यन्वयनमा लैजाने निर्णय समेत गरिएको छ । मलाई यो अबसर प्रदान गर्नुहुने शान्तिनगर गाउँपालिका अध्यक्ष कमानसिह डाँगी, प्रमुख प्रशासकिय अधिकृत रेमन्त बहादुर डाँगी तथा शिक्षा शाखा प्रमुख सुमन पाण्डे प्रति आभार व्यक्त गर्दछु । साथै कार्यदलमा रहेर सहयोग गर्नुहुने सम्पूर्ण सदस्यमा बिशेष धन्यबाद व्यक्त गर्न चाहन्छु । शिक्षा योजना कार्यन्वयनमा ल्याउन शान्तिनगरका सबै सरोकारवाला सामुहिक मिसनका साथ लाग्नुहुनेछ भन्ने अपेक्षा राख्दछु ।

सुदर्शन रिजाल

उप प्राध्यापक/परामर्शदात

# बिषय सूची


| बिषय सूची | पेज नं. |
|---|---|
| परिच्छेद एक : गाउँपालिका शिक्षा योजनाको अबधारणा | १–४ |
| परिच्छेद दुई: दाङ जिल्ला तथा शान्तिनगर गाउँपालिका परिचय | ५–६ |
| परिच्छेद तीन : शान्तिनगर गाउँपालिकाको शैक्षिक स्थिति परिचय | ७–१९ |
| परिच्छेद चार : गाउँपालिका शिक्षा योजना निर्माण प्रकृया | २०–२२ |
| परिच्छेद पाँच : प्रारम्भिक बाल शिक्षा | २३–३२ |
| परिच्छेद छ : आधारभुत शिक्षा | ३३–४५ |
| परिच्छेद सात : माध्यमिक शिक्षा | ४६–५५ |
| परिच्छेद आठ : साक्षरता तथा जीवन पर्यन्त शिक्षा | ५६–६२ |
| परिच्छेद नौ : बिद्यार्थी र शिक्षकको क्षमता तथा पेशागत बिकास | ६३–७१ |
| परिच्छेद दश : संस्थागत बिद्यालयहरुको व्यबस्थापन | ७२–७८ |
| परिच्छेद एघार : अनुगमन तथा मुल्याङ्कन | ७९–८४ |
| परिच्छेद बाह्र : गैर सरकारी संस्थासंगको सहकार्य तथा व्यबस्थापन | ८५–८८ |
| परिच्छेद तेह्र : बजेट व्यबस्थापन | ८९-९८ |

# बिषय सूची


| बिषय सूची | पेज नं. |
|---|---|
| अनुसूची १ : सहयोगी कार्यकर्ता, आ.बि. तथा मा.बि. शिक्षक, बिद्यालय सहायक र सहयोगीको तलब भत्ताको संघ तर्फको | ९८ |
| अनुसूची २: बाल विकास, आधारभूत तथा माध्यमिक तहको तलब बाहेक संघको नियमित अनुदानको बजेटको लक्ष | ९९ |
| अनुसूची ३: बाल विकास, आधारभूत तथा माध्यमिक तहको प्रशासन तर्फको गाउँपालिका बजेट भौतिक तथा वित्तिय | ९९ |
| अनुसूची ४: बाल विकास शिक्षा तर्फ गाउँपालिका तथा अन्य क्षेत्रबाट प्राप्त हुने सहयोगका भौतिक एवं वित्तिय | १००-१०१ |
| अनुसूची ५: आधारभूत/माध्यमिक तहमा भौतिक | १०१-१०३ |
| अनुसूची ६: आधारभूत, माध्यमिक तथा उच्च शिक्षामा गुणस्तरीय शिक्षाका लागि शैक्षिक व्यवस्थापन तर्फको बजेट | १०४-१०६ |
| अनुसूची ७: विद्यालय तथा समुदाय स्तरमा गाउँपालिकास्तर बजेट खेलकुद तथा युवा तर्फको भौतिक एवं वित्तिय लक्ष | १०७ |
| अनुसूची ८: अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा तर्फको भौतिक एवं वित्तिय लक्ष | १०७-१०९ |
| अनुसूची ९: विद्यार्थी, शिक्षक, कर्मचारीको क्षमता तथा पेशागत विकास | १०९-११२ |
| अनुसूची १०: संस्थागत विद्यालय व्यवस्थापन बजेट लक्ष | ११२-११३ |
| अनुसूची ११: गैर सरकारी संस्था सहकार्य व्यवस्थापन बजेट | ११३ |
| अनुसूची १२: अनुगमन सुपरिबेक्षण तथा मूल्याङ्कन बजेट | ११४ |
| अनुसूची १३: शान्तिनगर गा.पा. अन्तर्गतका सामुदायिक विद्यालयहरुको नाम,तह र वि. संख्या | ११५ |
| अनुसूची १४: शान्तिनगर गा.पा. अन्तर्गतका संस्थागत विद्यालयहरुको " " " | ११६ |
| अनुसूची १५: शान्तिनगर गा.पा.को गाउँपालिका शिक्षा योजना निर्माण प्रयोजनार्थ प्रश्नावली | ११७-११९ |
| अनुसूची १६: शान्तिनगर गा.पा.को शिक्षा योजना निर्माण प्रयोजनार्थ शिक्षा सरोकारवालासंगको राय सुझाब संकलन फाराम | १२०-१२१ |
| अनुसूची १७: शान्तिनगर गाउँपालिका दाङ (निति तथा कार्यक्रम) २०७८-०७९ | १२२-१२५ |
| अनुसूची १८: विद्यालय स्थापना तथा पुर्नसंरचना मापदण्ड | १२६-१३३ |
| अनुसूची १९: गुणस्तरीय शिक्षा (मानक तथा मापदण्ड) | १३४-१४५ |
| अनुसूची २०: आर्थिक बर्ष २०७६/२०७७ र २०७७/२०७८ मा शान्तिनगर गा.पा.मा शिक्षा बजेट | १४६-१५० |

# परिच्छेद : एक
# गाउँपालिका शिक्षा योजनाको अवधारणा

## १.१. पृष्ठभुमि

नेपालमा योजनाबद्ध बिकास निर्माण प्रकृयाको थालनी बि.सं. २०१३ साल देखी भएको पाईन्छ। हालसम्म आईपुग्दा १२ वटा पञ्चबर्षिय र ३ बटा त्रिबर्षिय योजना निर्माण भईसकेका छन्। हाल हामी १५ औ पञ्चबर्षिय योजना सञ्चालनको अबस्थामा आईपुगेका छौ।पुरा गर्नुपर्ने लक्ष, उदेश्य, उपलव्ध श्रोत साधन तथा समय एबं गर्नुपर्ने कामको आवश्यकतालाई मध्यनजर गरी योजना कति कस्तो र कति अवधीको हुने भनि निर्धारण गर्ने गरिन्छ। योजनालाई भबिश्यको गर्भमा हेर्ने कला भनेर बुझ्ने गरिन्छ। बिगत तथा बर्तमानमा भईरहेका शैक्षिक योजनालाई आधारमानी भबिश्यमा गरिने कामलाई योजनाबद्ध तरिकाले सम्पन्न गर्न निश्चित बिधीको प्रयोग गरि बनाईने योजना नै शिक्षा योजना हो योजना निर्माण गर्दा त्यसको बर्तमान अबस्थाको बिश्लेषण, भबिश्यमा प्राप्त गर्न खोजिएको लक्ष, लक्ष प्राप्त गर्न लाग्ने समय, श्रोत साधन तथा गरिने क्रियाकलापहरुको स्पष्ट बिश्लेषण गरिएको हुनुपर्छ।

शान्तिनगर गाउँपालिका क्षेत्रको समग्र शैक्षिक गुणस्तर सुधार गर्ने प्रमुख साधन नै गाउँपालिका शिक्षा योजना हो। यस साधनले गाउँपालिकाको हालको शैक्षिक अबस्थाको बिश्लेषण गर्दै निश्चित अवधीमा गाउँपालिकाको शैक्षिक अबस्थालाई कहाँ पुऱ्याउने भन्ने लक्ष निर्धारण गरी त्यसका लागि गरिने क्रियाकलाप र बजेट खाका तय गर्नुका साथै सरोकारवालाहरुको भुमिका पहिचान र जिम्मेबारी तय गर्न मद्यत गर्छ। शान्तिनगर गाउँपालिकाले गाउँपालिकाको समग्र शैक्षिक गुणस्तर सुधार योजना तयार गर्ने उदेश्य राखी आर्थिक बर्ष ०७७/०७८ को बार्षिक कार्यक्रममा बजेट बिनियोजन गरी यो शान्तिनगर गाउँपालिकाको शिक्षा योजना २०७८/७९ - २०८२/८३ निर्माणको काम गरेको छ। शान्तिनगर गाउँपालिका अध्यक्ष कमानसिह डाँगीको अध्यक्षतामा रहेको गाउँपालिका शिक्षा समितिले गाउँपालिका शिक्षा शाखा प्रमुख सुमन पाण्डेको संयोजकत्वमा गाँउपालिका शिक्षा निर्माण कार्यदल गठन गरी शिक्षा योजना निर्माणमा अनुभव हासील गर्नुभएका महेन्द्र बहुमुखी क्याम्पसका उप प्राध्यापक श्री सुदर्शन रिजाललाई परामर्शदाता नियुक्त गरी यो ५ बर्षे शिक्षा योजना निर्माणको काम सम्पन्न गरेको छ। साथै त्यस योजनालाई शिक्षा समिति हुदै कार्यपालिका र नगर सभा समेतले पास गरी आगामी बर्ष देखि कार्यन्वयनमा ल्याईने भएको छ।

यस शान्तिनगर गाउँपालिकाको सन्दर्भमा शैक्षिक सेवा र सुबिधाहरुको सम्वन्धमा के, कहिले, कति, कसरी, कहाँ र को बाट भन्ने कुरालाई एकिन गर्नका लागि यस पालिका शिक्षा योजनाले मार्ग प्रसस्त गर्नेछ भन्ने अपेक्षा गर्न सकिन्छ।

## १.२. शैक्षिक बिकेन्द्रिकरण

नेपालमा शैक्षिक योजनाको शुरुवात बि.सं. २०११ सालमा राष्ट्रिय शिक्षा योजना आयोग गठन भएपछि शुरु भएको मानिन्छ। त्यस पछि बि.सं. २०१९ सालमा सर्बाङ्गिण राष्ट्रिय शिक्षा समिति, बि.सं २०२८ सालमा राष्ट्रिय शिक्षा

पद्धतीका् योजना, बि.सं. २०४९ सालमा राष्ट्रिय शिक्षा आयोग, बि.सं. २०५५ सालमा उच्चस्तरिय राष्ट्रिय शिक्षा आयोग, जस्ता बिभिन्न आयोगहरु गठन भई तिनीहरुले तयार गरेका प्रतिबेदनहरु र तिनीहरुले सिफारिस गरेका सुझावहरु नै नेपालको शैक्षिक योजना निर्माणका लागि मार्गदर्शक सामग्रीहरु रही आएका छन् ।

बि.सं.२०५५ को उच्चस्तरिय शिक्षा आयोगको सिफारिस बमोजिम बि.सं. २०५६ सालमा शिक्षा बिभाग स्थापना भई शिक्षामा बिकेन्द्रिकरणको शुरुवात भई जिल्लास्तरिय शिक्षा योजना निर्माणकोक्रम शुरु भएको पाईन्छ । नेपालको संबिधान २०७२ बमोजिम नेपाल संघीय संरचनामा गएसंग प्रदेश सामाजिक बिकास मन्त्रालय, शिक्षा निर्देशनालय हुदै स्थानीय तहहरुमा शिक्षा महाशाखाहरु बनेपछि स्थानीय तहहरुले समेत आबधिक नगर तथा पालिका शिक्षा योजना बनाउने क्रम शुरु भएको छ भन्न सकिन्छ ।

## १.३. गाँउपालिका शिक्षा योजनाको पृष्ठभुमि

नेपाल संघीय संरचनामा जानु अघि नै बि.सं २०५० को दशकबाट जिल्ला शिक्षा योजना निर्माणको प्रकृया शुरु भई बि.सं. २०६० को दशकमा धेरै जिल्लाहरुले जिल्ला शिक्षा योजना निर्माण र केही नगरपालिका तथा गाँउ बिकास समितिहरुले नगर तथा गाउ शिक्षा योजनाको निर्माण गरी प्रयोगमा ल्याईसकेको पाईन्छ । बि.सं.२०७० को दशकको शुरुबाट देश संघीय संरचनामा गई देशको भौगोलिक बिभाजन र प्रसासनिक संरचनामा परिबर्तन भई अधिकारहरुको समेत बाडफाड भई धेरै भन्दा धेरै बिकेन्द्रिकरणको अभ्यास हुन थालेको छ ।

यसै सन्दर्भमा स्थानीय आबश्यकतामा आधारित भई BUTTOM UP PLANNINGको अवधारणा अनुसार शान्तिनगर गाउँपालिका स्थापना पछि पहिलो पटक गाउँपालिकाले शिक्षा शाखाको आफ्नै सकृयतामा गाउँपालिका शिक्षा योजना निर्माण गरी अघि बढ्ने प्रयास स्वरुप यो ५ बर्षे गाउँपालिका शिक्षा योजना बनाएको छ । गाउँपालिका शिक्षा योजनालाई शिक्षा योजना निर्माण कार्यदल तथा परामर्शदाताको सहजीकरणमा अन्तिम रुप दिई शान्तिनगर गाउँपालिका शिक्षा समिति हुदै नगर सभाबाट पारित गरी यस योजनालाई कार्यन्वयनमा ल्याईएको छ ।

## १.४. गाउँपालिका शिक्षा योजनाको औचित्य

- शान्तिनगर गाउँपालिकाको सिमित श्रोत साधनका बिच शिक्षा क्षेत्रमा रहेका असिमीत आबश्यकताहरु पुरा गर्नुपर्ने बाध्यता बिच थप श्रोतको खोजी गरी एकिकृत रुपमा प्राथमिकताका आधारमा योजना सञ्चालन गर्नु ।
- शिक्षा मन्त्रालय, बिभाग, लुम्बिनी प्रदेश सरकार तथा शान्तिनगर गाउँपालिकाले तय गरेका शिक्षा नितिलाई प्रभावकारी ढंगले कार्यन्वयन गर्नु ।
- देशमा आएको राजनीतिक परिबर्तनले ल्याएको उपलव्धीलाई संस्थागत गर्ने तथा नेपालको संबिधान २०७२ ले शिक्षालाई मौलिक हकको रुपमा राखी जनाएको प्रतिबद्धता कार्यन्वयन गर्नै ।

- शान्तिनगर गाउँपालिकाका साथै जिल्लाका अन्य स्थानीय तहमा भईरहेका राम्रा अभ्यासहरुलाई शान्तिनगर गाउँपालिकामा प्रयोगमा ल्याउनु ।

- शान्तिनगर गाउँपालिकाका शैक्षिक आबश्यकताहरुलाई सम्वोधन गर्दै स्थानीय श्रोत र साधनको उच्चतम प्रयोग गरी संस्थागत हिसावले शान्तिनगर गाउँपालिकाको दिगो शैक्षिक बिकास गर्नपर्दछ भन्ने मान्यता स्थापित गर्नु ।

- शिक्षा क्षेत्रमा भईरहेको श्रोत साधनको असमान बितरणको पहिचान गरी न्युनिकरण गर्न तथा श्रोत साधनको बितरणलाई न्यायोचित तथा समानुपातिक बनाउने पद्धतीको बिकास गर्नँ ।

- बिद्यालय बिकास तथा शैक्षिक व्यबस्थापनलाई पुर्व प्राथमिक, आधारमुत र माध्यमिक तहको मोडलमा स्थापित गर्नँ ।

## १.५. गाउँपालिका शिक्षा योजनाको दुरदृष्टि

- आगामी ५ बर्ष भित्र शान्तिनगर गाउँपालिकाका शिक्षा प्राप्त गर्न सक्ने उमेर समुहका सबै व्यक्तिहरुलाई गुणस्तरिय, व्यबहारिक, व्यबसायिक, उत्पादनमुलक तथा प्राबिधिक शिक्षाको पहुँचमा पुर्‍याउने ।

## १.६. गाउँपालिका शिक्षा योजनाको बृहत उदेश्य

- नेपालको संबिधान २०७२ को धारा ३१ मा उल्लेखित शिक्षालाई मौलिक हकको रुपमा व्यबस्था गरिएको परि कल्पनालाई सर्बसुलभ तथा साकार पार्न यस शान्तिनगर गाउपालिकाका सबै वडा तथा बस्तीका सम्पुर्ण बालबालिकालाई बिद्यालयको पहुँचमा ल्याउने । साथै बिद्यालय बाहिर रहेका सबै बर्गलाई औपचारिकका साथै अनौपचारिक शिक्षाका माध्यमबाट शिपमुलक, व्यबहारिक र प्राबिधिक शिक्षामा समाहित गर्ने ।

## १.७. गाउँपालिका शिक्षा योजनाको लक्ष

- आगामी ५ बर्ष भित्र शान्तिनगर गाउँपालिकाका सबै बालबालिकाले बिना भेदभाव बिद्यालयमा पुगी गुणस्तरिय शिक्षा प्राप्त गर्नेछन् । यो लक्ष हासील गर्नका लागि आबश्यक सबै भौतिक पुर्बाधार व्यबस्थाको यथार्थ पहिचान गर्नु यो योजनाको मुख्य लक्ष रहेको छ ।

- उपर्युक्त लक्ष प्राप्तीका लागि शान्तिनगर गाउँपालिकाको समग्र शैक्षिक सुधारका लागि सामुदायिक बिद्यालयका प्रधानाध्यापकहरुसंग नतिजा सुचकमा आधारित कार्यसम्पादन सम्झौता गर्ने, प्रधानाध्यापनले हरेक शिक्षकसंग नतिजामुलक कार्यसम्पादन सम्झौता गर्ने र यसलाई शिक्षकको बृत्ति किससंग आबद्ध गर्ने निति योजनामा समाबेश गर्ने, स्थानीय पहिचान र शिपमा आधारित प्राथमिक तहको पाठ्यक्रम निर्माण, “बालिकालाई काम होईन पढ्न दिउ” “किशोर किशोरीलाई बिदेश अनि पराई घर होईन शिपमुलक शिक्षा दिउ” जस्ता बालिका

तथा किशोर किशोरी मैत्री कार्यक्रम सञ्चालन गर्ने, एक साबिक गाबिस एक प्राबिधिक बिद्यालय, बिद्यालय व्यबस्थापन समितिको क्षमता अभिबृद्धि, लगायतका निति अबलम्वन गर्ने ।

## १.८. गाउँपालिका शिक्षा योजनाको बिशिष्ट उदेश्य

- शान्तिनगर गाउँपालिकाको बर्तमान शैक्षिक अबस्था पत्ता लगाई शैक्षिक गुणस्तरलाई मापनयोग्य बनाउनु ।
- बिद्यालयको बातावरणलाई बालमैत्री, अपाङ्ग मैत्री तथा अबिभावक मैत्री बनाउनु र बिद्यालयलाई शैक्षिक पुर्बाधारयुक्त युक्त बनाउनु ।
- बिद्यालयलाई समुदायमैत्री शिक्षणसंस्थाको रुपमा बिकास गरी गुणस्तरिय, व्यबहारिक, व्यबसायिक, शिपयुक्त र प्राबिधीक शिक्षा प्रदान गर्ने थलोको रुपमा बिकास गर्नु ।
- बिद्यार्थीहरुको बिद्यालय छाड्ने दरमा कमी ल्याई उत्तिर्ण तथा सिकाई दरमा बृद्धि गर्नु ।
- बिद्यालयमा सुसासन र पारदर्शीता बढाई बिद्यालयलाई समुदाय प्रति जवाफदेही

  बनाउनु ।

# परिच्छेद : दुई
# दाङ जिल्ला तथा शान्तिनगर गाउँपालिकाको परिचय

## २.१. दाङ जिल्ला परिचय

दाङ जिल्लालुम्बिनी प्रदेशका १२ जिल्ला मध्ये एक हो । यस्को दक्षिणमा भारतको उत्तर प्रदेश, पुर्बमा प्युठान जिल्ला अर्घाखानी र कपिलबस्तु जिल्ला, उत्तरमा सल्यान, प्युठान र रोल्पा जिल्ला तथा पश्चिममा बाँके र सल्यान जिल्लाहरु पर्दछन् । बिविध भौगोलित धरातल भएको यो जिल्ला समुन्द्रि सतह देखी २१३ मिटरको उचाई (सिसहनिया मानपुर) बाट शुरु भई २०५८ मिटर उचाई (हासीपुर अर्खले) सम्म फैलिएको छ। यस जिल्लाको कुल क्षेत्रफल २९५५ बर्ग किलोमिटर रहेको छ । पुर्बपश्चिम लम्बाई ९० किमी र उत्तरदक्षिण चौडाई ७२ किमी रहेको छ ।

बिगतमा ३९ गाबिस र दुई नगरपालिका भएको यस दाङ जिल्लामा राज्य पुर्नसंरचना पछि हाल दुई उपमहानगर पालिका, एक नगरपालिका र ७ स्थानीय तह रहेका छन् । जस अन्तर्गत एक सय वडा कार्यालयहरु रहेका छन् । पहाडको बिचमा रहेको मैदानी भुभागलाई बुझाउने संस्कृतको “द्रोण” शव्दबाट “दाङ” शव्दको उत्पत्ति भएको र र पहिलो बस्ती देवपुर शव्दबाट “देवपुरी” शव्द अपभ्रंश भई “देउखुरी” शव्द भई “दाङ देउखुरी” जिल्ला नामाकरण भएको भनाई रहेको छ ।

दाङ जिल्लाका १० स्थानीय तहमा ४ सय २३ सामुदायिक र २ सय ३५ संस्थागत गरी ६ सय ५८ बिद्यालय रहेका छन्। यस्तै जिल्लाभर ३२ सामुदायिक सिकाई केन्द्र ११ मदरसा तथा ५ अनौपचारिक पौढ बिद्यालय तथा दुई आधार भुत तथा माध्यमिक खुल्ला बिद्यालय रहेका छन्। जहाँ ०-१२ कक्षामा सामुदायिकमा ९७ हजार ९२ र संस्थागतमा ९१ हजार ४ सय ६८ गरी जम्मा १ लाख ८८ हजार ५ सय ५० बिद्यार्थीहरुले अध्ययन गरिरहेका छन्। (४. शैक्षिक बुलेटिन शिक्षा बिकास तथा समन्वय इकाई, दाङ पेज २-५)

## २.२ शान्तिनगर गाउँपालिका परिचय

देश संघीय संरचनामा जादा बि.सं २०७३ फाल्गुन २२ गते नेपाल सरकारले गरेको निर्णय अनुसार भएको भौगोलिक पुर्नसंरचनामा दाङ जिल्लाका साविकका शान्तिनगर, वाघमारे र धनौरी गा.बि.स.हरुलाई मिलाएर शान्तिनगर गाउँपालिका बनाईएको हो । यस गाउँपालिकाको क्षेत्रफल ११६ दशमलव सुन्य २ बर्ग कि.मी. रहेको छ । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार शान्तिनगर गाउँपालिकाको जनसंख्या २५ हजार २ सय ३ जना रहेको छ । जसमध्ये ११ हजार ५ सय ९५ अर्थात ४६ प्रतिशत पुरुष र ४६ दशमलव ९९ प्रतिशत महिला रहेका छन्। यसो हुनुमा युवा उमेरको पुरुष जनसक्ति रोजगारीको शिलशिलामा गाउपालिका बाहिर देशकै अन्य जिल्लामा तथा बिदेशमा जानु हो। यही कारण यस गाउँपालिकाको लैगिक अनुपात प्रति १०० महिलामा ८५ दशमलव २१ जना पुरुष रहेको देखिएको छ ।

यसैगरी यस गाउँपालिकामा रहेको कुल जनसंख्या मध्ये सकृय उमेर समुह १५ देखी ५९ बर्ष उमेर समुहको जनसंख्या ५५ दशमलव ३७ प्रतिशत, १५ बर्ष मुनीको आश्रित उमेर समुहको जनसंख्या ३६ दशमलव ७७ प्रतिशत र ६० बर्ष माथिको आश्रित समुहको जनसंख्या ७ दशमलव ८६ प्रतिशत रहेको छ। यस गाउँपालिकामा ७ सय २८ जना अर्थात २.८९ प्रतिशत जनसंख्या अपाङ्गता भएको रहेको छ । यस गाउँपालिकाबाट २ हजार ५ सय ९४ जना कामको खोजीमा बिदेश गएको देखिएको छ ।

**तालिका १ शान्तिनगर गाउँपालिकाको वडागत घर परिबार जनसंख्या, क्षेत्रफल तथा जनघनत्व**

| वडा | परिबार | जनसंख्या | क्षेत्रफल | जनघनत्व | घर संख्या | जम्मा जनसंख्या |
|---|---|---|---|---|---|---|
| | जनगणना २०६८ | | | | वास योजना घरधुरी सर्बेक्षण २०७६ | |
| १ | ६५६ | ३११७ | ३१.४१ | ९९.२४ | ७७४ | ३८१३ |
| २ | ९३९ | ४६७० | २३.६ | १९७.८८ | ११३९ | ५६६२ |
| ३ | ९९२ | ४३३४ | २६.९८ | १६०.६४ | ११५४ | ५३९३ |
| ४ | ८०८ | ३६४९ | ११.४३ | ३१९.२५ | ८९१ | ४४६१ |
| ५ | ५५२ | २७८६ | ६.८३ | ४०७.९१ | ७१७ | ३७१६ |
| ६ | ६४५ | ३१४१ | ७.६३ | ४११.६६ | ७८४ | ४२७९ |
| ७ | ७३६ | ३५०६ | ८.१६ | ४२९.६६ | ९३१ | ४८३९ |
| जम्मा | ५,३२८ | २५,२०३ | ११२.३० | २२४.४३ | ६३९० | ३२१६३ |

श्रोत : जिल्ला बस्तुगत बिबरण २०७५, जिल्ला तथ्याङ्क कार्यालय, घोराही

तालिका १ मा शान्तिनगर गाउँपालिकाको वडागत जनसंख्या वडागत क्षेत्रफल, वडागत जनसंख्याको चाप तथा वडागत घर परिबार संख्या देखाईएको छ। जन अनुसार शान्तिनगर गाउँपालिकामा ५ हजार ३ सय २८ परिबारमा २५ हजार २ सय ३ जनसंख्या रहेको छ भने जनघनत्व प्रति वर्ग कि.मी. २ सय १७ दशमलव १९ रहेको छ।

**तालिका २ जातजाती अनुसारको शान्तिनगर गाउँपालिकाको जनसंख्या तथा प्रतिशत**

| कुल जनसंख्या | | क्षेत्री | | थारु | | मगर | | अन्य बाँकी | |
|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| २५,२०३ | १०० | १०९१८ | ४३.३२ | ४४४२ | १७.६२ | ३३८१ | १३.४२ | ६४६२ | २५.६३ |

श्रोत : शान्तिनगर गाउँपालिका बार्षिक बजेट कार्यक्रम पुस्तिका २०७७/०७८ पेज १

**तालिका ३ शान्तिनगर गाउँपालिकामा धर्म अनुसारको जनसंख्या तथा प्रतिशत**

| हिन्दु | | बौद्ध | | क्रिश्चियन | | ईस्लाम | | अन्य बाँकी | |
|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| २४,३९६ | ९६.८० | ३४२ | १.३६ | २४६ | ०.९८ | १९७ | ०.७८ | २२ | ०.०९ |

श्रोत : शान्तिनगर गाउँपालिका बार्षिक बजेट कार्यक्रम पुस्तिका २०७७/०७८ पेज ७

# परिच्छेद ३ (तीन )
# शान्तिनगर गाउँपालिकाको शैक्षिक स्थिति परिचय

## ३.१ शान्तिनगर गाउँपालिका शैक्षिक स्थिति परिचय

शान्तिनगर गाँउपालिकामा बि.सं. २०६८ को जनगणना अनुसार ५ हजार ३ सय २८ घर परिबार तथा २५ हजार ३ सय ३ जनसंख्या रहेको छ । ६ बर्ष माथिको जनसंख्यामा साक्षरता दर ६७ दशमलव १ प्रतिशत रहेको छ । (श्रोत शान्तिनगर गाउँपालिका आ.ब. २०७७/७८ को बार्षिक बजेट तथा कार्यक्रम पुस्तिका पेज ५) यस गाँउपालिकामा २७ सामुदायिक हाल मर्ज भएपछि २४ र ७ संस्थागत गरी ३१ बिद्यालय रहेका छन् भने १ सामुदायिक सिकाई केन्द्र रहेका छन्। जहाँ ०-१२ कक्षामा सामुदायिकमा ५ हजार ४ सय १३ र संस्थागतमा २ हजार ९ सय २० गरी जम्मा ८ हजार ३ सय ३३ बिद्यार्थीहरुले अध्ययन गरिरहेका छन् ।

शान्तिनगर गाउँपालिकाको शिक्षा शाखाको एकिकृत शैक्षिक सूचना व्यबस्थापन प्रणाली (IEMIS) मा अध्यावधिक गरिए अनुसार शान्तिनगर गाउँपालिकाको स्कुल लेभल रिपोर्ट कार्ड २०७७ का अनुसार बाल बिकास देखी १२ कक्षा सम्मको छात्रछात्राको बिद्यार्थी बिबरण देहाय अनुसार रहेको छ ।

**तालिका ४ शान्तिनगर गाउँपालिकाका बिद्यालयहरुमा प्रारम्भिक बाल बिकासका बिद्यार्थी**

| कक्षा | सामुदायिक | | | संस्थागत | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा |
| बा.बि. | 251 | 315 | 566 | 341 | 467 | 808 | 592 | 782 | 1374 |
| जम्मा | 251 | 315 | 566 | 341 | 467 | 808 | 592 | 782 | 1374 |

श्रोत : शान्तिनगर गाउँपालिका लोकल लेभल रिपोर्ट कार्ड २०७७

तालिका ४ शान्तिनगर गाउँपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत बिद्यालयहरुमा बि.सं २०७७ मा प्रारम्भिक बाल बिकास कक्षामा अध्ययनरत बालबालिकाको संख्या देखाईएको छ । जस अनुसार सामुदायिक बिद्यालयमा अध्ययन गर्ने बालबालिकाको संख्या ५ सय ६६ जना र संस्थाथत तर्फ ८ सय ८ जना गरी १ हजार ३ सय ७४ जना रहेको छ। यस गाउँपालिकामा रहेका ३७ सरकारको लगानी रहेका सामुदायिक बिद्यालय अन्तर्गतका बालबिकास केन्द्रमा औषत १५ जना बालबालिकाले अध्ययन गरिरहेका छन् ।

**तालिका ५ शान्तिनगर गाउँपालिकाको तहगत बिद्यार्थी संख्या शैक्षिक सूचक २०७७**

| कक्षा | सामुदायिक | | | संस्थागत | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा |
| ० | 251 | 315 | 566 | 341 | 467 | 808 | 592 | 782 | 1374 |
| **१-५** | 984 | 901 | 1885 | 648 | 772 | 1420 | 1632 | 1673 | 3305 |
| **६-८** | 723 | 696 | 1419 | 202 | 248 | 450 | 925 | 944 | 1869 |
| **९-१०** | 575 | 511 | 1086 | 97 | 137 | 234 | 672 | 648 | 1320 |
| **११-१२** | 280 | 177 | 457 | 6 | 2 | 8 | 286 | 179 | 465 |
| **कु.जम्मा** | 2813 | 2600 | 5413 | 1294 | 1626 | 2920 | 4107 | 4226 | 8333 |

श्रोत : शान्तिनगर गाउँपालिका लोकल लेभल रिपोर्ट कार्ड २०७७

तालिका ५ शान्तिनगर गाउँपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत बिद्यालयहरुमा बि.सं २०७७ मा प्रारम्भिक बाल बिकास कक्षामा अध्ययनरत बालबालिकाको संख्या देखाईएको छ । जस अनुसार सामुदायिक बिद्यालयमा अध्ययन गर्ने बालबालिकाको संख्या ५ सय ६६ जना मात्र रहेको छ भने संस्थाथत तर्फ ८ सय ८ जना बालबालिकाले अध्ययन गरिरहेका छन् । दुबै तर्फ गरी कुल १ हजार ३ सय ७४ जना बालबालिकाले प्रारम्भिक बाल बिकास तहमा अध्ययन गरिरहेका छन् । यस गाउँपालिकामा सरकारको लगानी रहेका २७बालबिकास केन्द्रमा औषत १५ जना बालबालिकाले अध्ययन गरिरहेका छन् ।

यसंगरी १-५ तहमा अध्ययन गर्ने बालबालिकाको संख्या सामुदायिक तथा संस्थागत दुर्बतर्फ गरी ३ हजार ३ सय ५ जना रहेको छ । यस्तै ६-८ तहमा १ हजार ८ सय ६९ जना, ९-१० तहमा १ हजार ३ सय २० जना र ११-१२ मा ४ सय ६५ जना बालबालिकाले अध्ययन गरिरहेका छन् ।

**तालिका ६ तह अनुसार सामुदायिक र संस्थाग बिद्यालयमा अध्ययन गर्ने बिद्यार्थीको प्रतिशत**

| तह | सामुदायिक | संस्थागत | जम्मा प्रतिशत |
|---|---|---|---|
| प्रारम्भिक बाल बिकास ० | ४१ | ५९ | १०० |
| प्रा.बि. १-५ | ५७ | ४३ | १०० |
| निमाबि. ६-८ | ७६ | २४ | १०० |
| मा.बि.९-१० | ८२ | १८ | १०० |
| उ.मा.बि. ११-१२ | ९९ | १ | १०० |
| **शान्तिनगर जम्मा** | **६५** | **३५** | **१००** |

श्रोत : शान्तिनगर गाँउपालिका लोकल लेभल रिपोर्ट कार्ड २०७७

तलिका ६ तह अनुसार सामुदायिक र संस्थागत बिद्यालयमा अध्ययन गर्ने बिद्यार्थीको प्रतिशतको प्रतिशत देखाईएको छ। समग्रमा ६५ प्रतिशत बिद्यार्थीले सामुदायिक बिद्यालयमा अध्ययन गरिरहेका भएपनि प्रारम्भिक बालबिकासमा ५९ प्रतिशत र प्राथमिक तहका४३ प्रतिशतबिद्यार्थीको रोजाई संस्थागत बिद्यालय बढी भएपनि निमाविमा ७६ प्रतिशत माबिमा ८२ प्रतिशत र उच्च माबिमा ९९ प्रतिशत बिद्यार्थीको रोजाई सामुदायिक भइरहेको छ।

### तालिका ७ शान्तिनगर गाउँपालिकामा रहेका सामुदायिक बिद्यालयमा शिक्षक दरबन्दीको अबस्था

| तह | स्थायी/अस्थायी | राहत | जम्मा | पालिका श्रोत | कुल जम्मा |
|---|---|---|---|---|---|
| **वाल बिकास** | **३७** | **०** | **३७** | **०** | **३७** |
| प्रा.बि. | ६७ | २४ | ९१ | ० | ९१ |
| नि.मा.बि. | ८ | १५ | २३ | ० | २३ |
| **आधारभुत** | **७५** | **३९** | **११४** | **३८** | **१५२** |
| मा.बि. | ८ | ३ | ११ | १६ | २७ |
| उ.मा.बि. | ३ | ० | ३ | ० | ३ |
| **मा.बि.जम्मा** | **११** | **३** | **१४** | **१६** | **३०** |
| **प्राबिधिक धार** | **१६** | **०** | **१६** | **०** | **१६** |
| **जम्मा** | **१३८** | **४२** | **१८०** | **५४** | **२३४** |
| **बिद्यालय सहायक** | ६ | **०** | **६** | **०** | **६** |
| **बिद्यालय सहयोगी** | **२७** | **०** | **२७** | **०** | **२७** |

श्रोत : शिक्षा युवा तथा खेलकूद शाखा शान्तिनगर गाउँपालिका २०७७

तालिका ७ मा संघ तथा स्थानीय तह श्रोतबाट पारिश्रमिक लिने शिक्षक कर्मचारीको दरबन्दी बिबरण दिईएको छ। जस अनुसार सहयोगी कार्यकर्ता सहितका शिक्षक संख्या २ सय ३४ र बिद्यालय कर्मचारी र सहयोगी ३३ गरी २ सय ६७ जना रहेका छन्। जस मध्ये ५४ जना गाउँपालिका श्रोतबाट तलव लिने रहेका छन्।

### तालिका ८. बाल बिकास कक्षाका कुल तथा त्यहा अध्ययनरतदलित बिद्यार्थीहरुको संख्या

| कक्षा | जम्मा | | | दलित जम्मा | | |
|---|---|---|---|---|---|---|
| | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा |
| बा.बि. | 592 | 782 | 1374 | ८८ | ९५ | १८३ |
| **जम्मा** | 592 | 782 | 1374 | ८८ | ९५ | १८३ |

श्रोत : शान्तिनगर गाँउपालिका लोकल लेभल रिपोर्ट कार्ड २०७७

तालिका ८ अनुसार शान्तिनगर गाउँपालिका अन्तर्गतका बिद्यालयहरुमा रहेका बाल बिकास केन्द्रहरुमा रहेका बाल बिकास केन्द्रहरुमा १ हजार ३ सय ७४ बालबालिका अध्ययन गरिरहेका छन्। जसमध्ये बालिका संख्या ७ सय ८२ रहेको छ। ती मध्ये दलित बालबालिका जम्मा १ सय ८३ अर्थात १३ प्रतिशत रहेका छन्। दलित बालिकाको संख्या ८८ र बालकको संख्या ९५ रहेको छ।

**तालिका ९ बाल बिकास कक्षामा अध्ययनरत जनजाती तथा अपाङ्गता भएका बिद्यार्थीको संख्या**

| कक्षा | जनजाती | | | अपाङ्गता भएका | | |
|---|---|---|---|---|---|---|
| | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा |
| बा.बि. | १६६ | २२३ | ३८९ | १ | १ | २ |
| **जम्मा** | १६६ | २२३ | ३८९ | १ | १ | २ |

श्रोत : शान्तिनगर गाँउपालिका लोकल लेभल रिपोर्ट कार्ड २०७७

तालिका ९ अनुसार शान्तिनगर गाउँपालिकाका बिद्यालयहरुमा रहेका बाल बिकास केन्द्रहरुमा रहेका बाल बिकास केन्द्रहरुमा अध्ययनरत जनजाती बालबालिका संख्या ३ सय ८९ जना अर्थात २८ प्रतिशत रहेको छ। जसमध्ये बालिका संख्या १ सय ६६ जना रहेको छ। यस्तै बाल बिकास केन्द्रहरुमा अध्ययनरत अपाङ्गता भएका बालबालिका संख्या २ जना रहेको छ भने बालिका संख्या १ रहेको छ।

**तालिका १०. आधारभूत तहमा कूल तथा दलित बिद्यार्थी संख्याको कक्षागत अबस्था**

| कक्षा | जम्मा | | | दलित जम्मा | | |
|---|---|---|---|---|---|---|
| | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा |
| १ | ३७३ | ३८७ | 774 | ६६ | ८६ | 152 |
| २ | ३०२ | ३१५ | 630 | ५१ | ५५ | 106 |
| ३ | २८७ | ३३८ | 676 | ५१ | ७० | 121 |
| ४ | ३०९ | ३०५ | 610 | ५१ | ५२ | 103 |
| ५ | ३३६ | ३११ | 622 | ५० | ५१ | 101 |
| ६ | २५५ | ३०० | 600 | ३८ | ४८ | 86 |
| ७ | ३१६ | २८७ | 574 | ६१ | ५८ | 119 |
| ८ | ३३८ | ३२७ | 654 | ५३ | ५२ | 105 |
| **जम्मा** | 2516 | 2570 | 5140 | 421 | 472 | 893 |

श्रोत : शान्तिनगर गाँउपालिका लोकल लेभल रिपोर्ट कार्ड २०७७

तालिका १० अनुसार शान्तिनगर गाउँपालिका अन्तर्गत सामुदायिक संस्थाथत आधारभुत तह कक्षा १-८ मा अध्ययनरत कुल बिद्यार्थी संख्या ५ हजार १ सय ४० जना रहेको छ। जसमध्ये दलित बिद्यार्थी संख्या ८ सय ९३ जना अर्थात १७ दशमलव ४ प्रतिशत रहेका छन्। जसमध्ये दलित बालिका संख्या ४ सय २१ ६२ रहेको छ।

**तालिका ११.आधारभुत तहमा अध्ययनरत जातजाती तथा अपाङ्गता भएका बिद्यार्थीको बिबरण**

| कक्षा | जनजाती | | | अपाङ्गता भएका | | |
|---|---|---|---|---|---|---|
| | केटी | केटा | जम्मा | केटी | केटा | केटा |
| १ | ११४ | १०९ | 223 | १ | १ | २ |
| २ | ९६ | ७९ | 175 | १ | १ | २ |
| ३ | ९० | ८७ | 177 | १ | १ | २ |
| ४ | ७६ | ९८ | 174 | १ | १ | २ |
| ५ | १०४ | ८५ | 189 | ० | ० | ० |
| ६ | ८१ | ९८ | 179 | ० | ० | ० |
| ७ | ८७ | ७० | 157 | ० | ० | ० |
| ८ | १०४ | १०० | 204 | ० | ० | ० |
| जम्मा | 752 | 726 | 1478 | ४ | ४ | ८ |

श्रोत : शान्तिनगर गाँउपालिका लोकल लेभल रिपोर्ट कार्ड २०७७

तालिका ११ अनुसार शान्तिनगर गाउँपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत बिद्यालयको आधारभुत तहमा अध्ययन गर्ने जनजाती बालबालिकाको संख्या १ हजार ४ सय ७८ जना अर्थात २८ दशमलव ६ प्रतिशत रहेका छन्। यस्तै आधारभुत तहमा अध्ययनरत अपाङ्गता भएका बालबालिका संख्या ८ जना मात्र रहेको छ। जस्मा छात्रा संख्या ४ जना रहेको छ।

**तालिका १२. माध्यमिक तहमा अध्ययनरत कुल तथा दलित बिद्यार्थी संख्याको कक्षागत अबस्था**

| कक्षा | जम्मा | | | दलित जम्मा | | |
|---|---|---|---|---|---|---|
| | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा |
| ९ | ३५१ | ३४७ | 698 | ५९ | ५१ | 110 |
| १० | ३१६ | २९३ | 609 | ५८ | २७ | 85 |
| ११ | १५६ | ९० | 246 | ३१ | १२ | 43 |
| १२ | १०३ | ६७ | 170 | १६ | १५ | 31 |
| **जम्मा** | 926 | 797 | 1723 | 164 | 105 | 269 |

श्रोत : शान्तिनगर गाउँपालिका लोकल लेभल रिपोर्ट कार्ड २०७७

तालिका १२ अनुसार शान्तिनगर गाउँपालिका अन्तर्गत सामुदायिक तथा संस्थागत बिद्यालयहरुको माध्यमिक तहमा अध्ययनरत कुल बिद्यार्थी संख्या १ हजार ७ सय २३ जना रहेको छ। जसमध्ये दलित बिद्यार्थी संख्या २ सय ६९ जना अर्थात १५ दशमलव ६ प्रतिशत रहेका छन्। जसमध्ये दलित बालिका संख्या १ सय ६४ जना र बालक १ सय ५ जना रहेको छ।

**तालिका १३.माध्यमिक तहमा अध्ययनरत जातजाती/अपाङ्गता भएका बिद्यार्थीको बिबरण**

| कक्षा | जनजाती | | | अपाङ्गता भएका | | |
|---|---|---|---|---|---|---|
| | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा |
| ९ | ११६ | ११० | 226 | ० | ० | ० |
| १० | १०२ | ९६ | 198 | ० | ० | ० |
| ११ | ३८ | २६ | 64 | ० | ० | ० |
| १२ | २१ | ११ | 32 | ० | ० | ० |
| जम्मा | 277 | 243 | 520 | ० | ० | ० |

श्रोत : शान्तिनगर गाउँपालिका लोकल लेभल रिपोर्ट कार्ड २०७७

तालिका १३ अनुसार शान्तिनगर गाउँपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत बिद्यालयको माध्यमिक तहमा अध्ययन गर्ने जनजाती बालबालिकाको संख्या ५ सय २० जना अर्थात ३० दशमलव २ प्रतिशत रहेका छन्। यस्तै माध्यमिक तहमा अध्ययनरत अपाङ्गता भएका बालबालिका संख्या सुन्य जना रहेका छन्।

**तालिका १४ शान्तिनगर गाउँपालिका अन्तर्गतका शिक्षण संस्था संख्या**

| क्र.सं. | विवरण | सामुदायिक | नीजी | जम्मा |
|---|---|---|---|---|
| १ | बाल बिकास | ३७ | ७ | ४४ |
| २ | आधारभुत बिद्यालय ( प्रा.बि. तथा नि.मा.बि.) | ९ | २ | ११ |
| ३ | माध्यमिक बिद्यालय (सामुदायिक तर्फका ६ मध्ये २ वटामा उच्च मा.बि सञ्चालन भएको) | ६ | ५ | ११ |
| ४ | मदरसा | १ | ० | १ |
| ५ | क्याम्पस | ० | ० | ० |

श्रोत : शान्तिनगर गाउँपालिका लोकल लेभल रिपोर्ट कार्ड २०७७

तालिका १४ मा शान्तिनगर गाँउपालिकामा रहेका शिक्षण संस्थाका तहगत संख्या दिईएको छ। जस अनुसार २४ सामुदायिक बिद्यालयमा ३७ जना बालविकास सहयोगी कार्यकर्ता रहेका छन्। यस्तै ९ प्राथमिक ९ आधारभुत र ६ सामुदायिक माध्यमिक बिद्यालय रहेका छन्। निजी तर्फ ७ बिद्यालय रहेकोमा एक उच्च मा.बि सहित ५ मा.बि. र २ आधारभूत बिद्यालय रहेका छन ।

**तालिका १५. शिक्षक बिद्यार्थी अनुपात तथा बिद्यार्थी शिक्षण संस्था अनुपात**

| आर्थिक बर्ष | शिक्षक बिद्यार्थी अनुपात | बिद्यार्थी बिद्यालय अनुपात | कैफियत |
|---|---|---|---|
| २०७६ | ३५ बिद्यार्थी बराबर १ शिक्षक | ३०२ बिद्यार्थी बराबर १ बिद्यालय | |
| २०७७ | ३२ बिद्यार्थी बराबर १ शिक्षक | ३१० बिद्यार्थी बराबर १ बिद्यालय | |

श्रोत : शान्तिनगर गाउँपालिका लोकल लेभल रिपोर्ट कार्ड २०७७

तालिका १५.मा शिक्षक बिद्यार्थी अनुपात तथा बिद्यालय बिद्यार्थी अनुपात देखाईएको छ। जस अनुसार २०७६ सालमा सबै तहमा गरी ३४ दशमलव ७ बिद्यार्थी बराबर १ शिक्षक रहेकोमा २०७७ सालमा ३२ दशमलव २ बिद्यार्थी बराबर १ शिक्षक रहेको अबस्था छ। बिद्यालय बिद्यार्थी अनुपात भने २०७६ मा ३ सय २ बिद्यार्थी बाट बढेर २०७७ सालमा ३ सय १० बिद्यार्थी बराबर १ बिद्यालय रहेको छ ।

**तालिका १६. तह अनुसार शान्तिनगरका शिक्षकको लैंगिक बिशेषता आधार बर्ष २०७७**

| बिबरण | आधारभुत तह | | माध्यमिक तह | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| महिला | ७४ | ३६ | ११ | २२ |
| पुरुष | १३४ | ६४ | ४० | ७८ |
| जम्मा | २०८ | १०० | ५१ | १०० |

श्रोत : शान्तिनगर गाँउपालिका लोकल लेभल रिपोर्ट कार्ड २०७७

तालिका १६ मा तह अनुसारको शिक्षकको लैगिक अनुपात देखाईएको छ। जस अनुसार आधारभुत तहमा आधारभुत तहमा महिला शिक्षक अनुपात ३६ प्रतिशत र माध्यमिक तहमा २२ प्रतिशत मात्र रहेको छ। जुन आधारभुत तहमा पुरुष शिक्षक प्रतिशत ६४ र माध्यमिक तहमा ७८ प्रतिशत रहेको छ ।

**तालिका १७. तह अनुसार शान्तिनगरका शिक्षकको शैक्षिक योग्यता बिशेषता आधार बर्ष २०७७**

| शिक्षकको शैक्षिक योग्यता | आधारभुत | | माध्यमिक | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| एस.एल.सी. | ० | ० | ० | ० |
| प्लस टु | ६३ | ३२ | ० | ० |
| स्नातक | ९० | ४६ | १४ | २८ |
| स्नातकोत्तर | ४२ | २२ | २० | ४० |
| एम फिल | ० | ० | १६ | ३२ |
| पी.एच.डि. | ० | ० | ० | ० |
| जम्मा | १९५ | १०० | ५० | १०० |
| लाईसेन्स भएको | ५८६ | ४१ | ९८ | २४ |

श्रोत : शान्तिनगर गाँउपालिका लोकल लेभल रिपोर्ट कार्ड २०७७

तालिका १७ मा आधारभूत तथा माध्यमिक तहमा अध्यापन गर्ने शिक्षकहरुका शैक्षिक योग्यता प्रतिशत देखाईएको छ ।

**तालिका १८. शान्तिनगर गाउँपालिकाको संक्षिप्त शैक्षिक सूचक तथा योजना अबधीको लक्ष**

| क.सं | सूचकहरु | शान्तिनगर २०७६/०७७ | शान्तिनगर लक्ष २०८२/०८३ |
|---|---|---|---|
| १ | कक्षा १ को कुल भर्नादर | १०९.६ | १०५ |
| २ | कक्षा १ को खुद भर्नादर | ९९.३ | १०० |
| ३ | १-५ तहको कुल भर्नादर | १०७.१ | १०४ |
| ४ | १-५ तहको खुद भर्नादर | ९८.१ | १०० |
| ५ | ६-८ तहको कुल भर्नादर | १०९.५ | १०५ |
| | ६-८ तहको खुद भर्नादर | ९७ | १०० |
| ६ | १-८ तहको कुल भर्नादर | १०८.३ | १०५ |
| ७ | १-८ तहको खुद भर्नादर | ९७.५ | १०० |
| ८ | ९-१० तहको कुल भर्नादर | १०३.२ | १०२ |
| ९ | ९-१० तहको खुद भर्नादर | ७१ | ८० |
| १० | ११-१२ तहको कुल भर्नादर | ३०.९ | ४० |
| ११ | ११-१२ तहको खुद भर्नादर | २४.८ | ३५ |
| १२ | ९-१२ तहको कुल भर्नादर | ६७.१ | ७५ |
| १३ | ९-१२ तहको खुद भर्नादर | ४७.९ | ६० |

श्रोत- शिक्षा विकास तथा समन्वय ईकाइ, दाङ ।

तालिका १८ शान्तिनगर गाउँपालिकाको समग्र शैक्षिक सूचकको तहगत कूल भर्ना दर र खुद भर्नादर देखाईएको छ। साथै योजना अबधीको अपेक्षित लक्ष समेत देखाईएको छ।

**तालिका १९ शान्तिनगरका सामुदायिक बिद्यालयमा भौतिक तथा प्रबिधिगत पुर्बाधारको अबस्था**

| भौतिक तथा प्रबिधिगत पूर्बाधारको अबस्था | भएको संख्या | भएको प्रतिशत | नभएको बिद्यालय | नभएको प्रतिशत |
|---|---|---|---|---|
| बिद्यालयको आफ्नै जग्गा भए/नभएको | ११ | ४६ | १३ | ५४ |
| बिद्यालयको सम्पूर्ण कार्यका लागि कोठाहरु प्रयाप्त भए/नभएको | ६ | २५ | १८ | ७५ |
| बिज्ञान ल्यावको कोठा भए/नभएको | ३ | १३ | २१ | ८७ |
| पुस्तकालय कोठा भए/नभएको | ६ | २५ | १८ | ७५ |
| प्रधानाध्यापकको छुट्टै कोठा भए/नभएको | ५ | २१ | १९ | ७९ |
| बिद्यालयको आफ्नै खेल मैदान भए/नभएको | १६ | ६७ | ८ | ३३ |
| बिद्यालयमा उर्जाका श्रोतहरु भए/नभएको | १९ | ७९ | ५ | २१ |
| छात्र र छात्राको छुट्टाछुट्टै सौचालय भए/नभएको | १४ | ५८ | १० | ४२ |
| शिक्षकको छुट्टै सौचालय | ९ | ३८ | १५ | ६२ |
| खानेपानी | २४ | १०० | ० | ० |
| पुस्तकालयमा श्रव्यदृष्य सामग्री उललव्ध भए/नभएको | ९ | ३८ | १५ | ६२ |

श्रोत : शान्तिनगर गा.पा. शैक्षिक सुधार संभाव्यता अध्ययन प्रतिबेदन २०७७

तालिका १९ मा शान्तिनगर गाँउपालिकामा रहेका प्राथमिक समेत २४ बटै बिद्यालयहरुको गुणस्तर सुधारसंग जोडिएको भौतिक तथा प्रबिधीगत पुर्बाधारको अबस्थाको मापन गरिएको छ। यहाँ रहेका २४ मध्ये १३ बिद्यालय अर्थात ५४ प्रतिशत बिद्यालयसंग बिद्यालयको आफ्नै जग्गा छैन। यतै १८ बिद्यालय अर्थात ७५ बिद्यालयसंग बिद्यालयको सम्पूर्ण कार्यका लागि कोठाहरु प्रयाप्त छैन। २१ बिद्यालय अर्थात ८७ बिद्यालयसंग बिज्ञान ल्याव छैन।१८ बिद्यालय अर्थात ७५ प्रतिशत बिद्यालयसंग पुस्तकालय कोठा छैन।१९ बिद्यालय अर्थात ७९ प्रतिशत बिद्यालयसंग प्रधानाध्यापकको छुट्टै कोठा छैन। ५ बिद्यालय अर्थात २१ प्रतिशत बिद्यालय संग खेल मैदान छैन। १० बिद्यालय अर्थात ४२ प्रतिशत बिद्यालयसंग छात्रा र छात्रका लागि छुट्टाछुट्टै सौचालय छैन। १५ बिद्यालय अर्थात ६२ प्रतिशत बिद्यालयसंग शिक्षक शिक्षिकाका लागि छुट्टै सौचाले छैन। भने १५ बिद्यालय अर्थात ६२ अर्थात बिद्यालयसंग पुस्तकालयमा श्रव्यदृष्य सामग्रीको व्यबस्था छैन।

**तालिका २० शान्तिनगरका सामुदायिक बिद्यालयमा खानेपानीको श्रोत**

| खानेपानीकोश्रोत | बिद्यालय संख्या | प्रतिशत |
|---|---|---|
| पाईप धारा | २० | ८४ |
| कुवा | २ | ८ |
| मुलधारा | १ | ४ |
| खोला | १ | ४ |
| जम्मा | २४ | १०० |

श्रोत : शान्तिनगर गा.पा. शैक्षिक सुधार संभाव्यता अध्ययन प्रतिबेदन २०७७

तालिका २० मा शान्तिनगर गाँउपालिकामा रहेका प्राथमिक समेत २४ बटा सामुदायिक बिद्यालयहरुको खानेपानीको श्रोतको अबस्था बिश्लेषण गरिएको छ। जस अनुसार २० बिद्यालय अर्थात ८४ प्रतिश बिद्यालयको खानेपानीको श्रोत पाईप धारा रहेको छ भने २ बिद्यालय अर्थात ८ प्रतिशत बिद्यालयसको खानेपानीको श्रोत कुवा रहेको छ भने १ बिद्यालय अर्थात ४ प्रतशत बिद्यालयके खानेपानीको श्रोत मुलधारा हो भने अर्को १ बिद्यालय अर्थात ४ प्रतिशत बिद्यालयको खानेपानीको श्रोत नजिकैको खोला रहेको छ।

**तालिका २१शान्तिनगरका सामुदायिक बिद्यालयको उर्जाका श्रोतहरु**

| उर्जाको श्रोत | बिद्यालय संख्या | प्रतिशत |
|---|---|---|
| बिद्युत | १६ | ६७ |
| बैकल्पीक उर्जा ( सोलार ) | ३ | १२ |
| नभएको | ५ | २१ |
| जम्मा | २४ | १०० |

श्रोत : शान्तिनगर गा.पा. शैक्षिक सुधार संभाव्यता अध्ययन प्रतिबेदन २०७७

तालिका २१ मा शान्तिनगर गाउँपालिकामा रहेका प्राथमिक समेत २४ बटा सामुदायिक बिद्यालयहरुको उर्जाको श्रोतको अबस्था बिश्लेषण गरिएको छ। जस अनुसार १६ बिद्यालय अर्थात ६७ प्रतिश बिद्यालयको उर्जाको श्रोत बिद्युत रहेको छ भने ३ बिद्यालय अर्थात १२ प्रतिशत बिद्यालयसको उर्जाको श्रोत सोलार रहेको छ। ५ बिद्यालय अर्थात २१ प्रतिशत बिद्यालयको उर्जाको श्रोत नै रहेको छैन।

**तालिका २२ शान्तिनगरका सामुदायिक बिद्यालयमा ईन्टरनेटको पहुँचको अबस्था**

| ईन्टरनेटमने पहुँचको अबस्था | बिद्यालय संख्या | प्रतिशत |
|---|---|---|
| पहुँच भएका बिद्यालय | ६ | २५ |
| पहुँच नभएका बिद्यालय | १८ | ७५ |
| जम्मा | २४ | १०० |

श्रोत : शान्तिनगर गा.पा. शैक्षिक सुधार संभाव्यता अध्ययन प्रतिबेदन २०७७

तालिका २२ मा शान्तिनगर गाँउपालिकामा रहेका प्राथमिक समेत २४ बटा सामुदायिक बिद्यालयहरुको ईन्टरनेटको पहुचको अबस्था बिश्लेषण गरिएको छ। जस अनुसार ६ बिद्यालय अर्थात २५ प्रतिशत बिद्यालय ईन्टर नेटको पहुचमा रहेका छन भने १८ बिद्यालय अर्थात ७५ प्रतशत बिद्यालय ईन्छटरनेटको पहुँच बाहिर रहेका छन् ।

**तालिका २३ सामुदायिक बिद्यालयमा शैक्षिक सामग्रीहरुको प्रयाप्तता/अपुगको अबस्था संख्यामा**

| आधारभुत भौतिक/शैक्षिक सामग्रीको अबस्था | जम्मा उपलब्ध | प्रयोग भएको | प्रयोग नभएको | अपुग |
|---|---|---|---|---|
| डेस्क बेञ्च | १३५२ | १२२६ | ८८ | ७३२ |
| दराज | ९४ | ८९ | ५ | ७७ |
| टेवुल | १५६ | १५३ | २ | १३६ |
| मेच | ४०१ | ३७९ | १८ | ४६६ |
| नक्सा | ५१ | ४९ | २ | १२४ |
| ग्लोव | २३ | २२ | १ | ४१ |
| कम्प्युटर | ११२ | ९८ | १३ | ११९ |
| ल्यावटप | २९ | २८ | १ | ६४ |
| फोटोकपी मेसिन | २० | १७ | ३ | १७ |
| प्रीन्टर | १४ | १० | ४ | १६ |
| प्रोजेक्टर | १५ | १५ | ० | ५१ |

श्रोत : शान्तिनगर गा.पा. शैक्षिक सुधार संभाव्यता अध्ययन प्रतिबेदन २०७७

तालिका २३ मा शान्तिनगर गाउँपालिकामा रहेका प्राथमिक समेत २४ बटा सामुदायिक बिद्यालयहरुको भौतिक तथा शैक्षिक सामग्री श्रोतको अबस्था बिश्लेषण गरिएको छ । जस अनुसार सबै बिद्यालयमा गरी ७ सय ३२ डेस्कबेञ्च अपुग रहेको, ७७ दराज अपुग रहेको, १ सय ३६ टेबुल अपुग रहेको, ४ सय ६६ मेच अपुग रहेको, १ सय २४ नक्सा अपुग रहेको, ४१ वटा ग्लोव अपुग भएको, १ सय १९ बटा कम्प्युटर अपुग भएको ६४ बटा ल्यावटप अपुग भएको, १७ बटा फोटोकपी मेसिन अपुग भएको, १६ बटा प्रीन्टर अपुग भएको ५१ बटा प्रोजेक्टर अनुग भएको छ। यस्तै भएर पनि प्रयोगमा आउन नसकेका शैक्षिक तथा भौतिक सामग्रीलाई मर्मत संहार गरी प्रयोगमा ल्याउन जरुरी देखिन्छ ।

**तालिका २४ सामुदायिक बिद्यालयका शिक्षकहरुको तालिम प्राप्तीको अबस्था**

| तालिमको किसिम | शिक्षक शिक्षिका संख्या | प्रतिशत |
|---|---|---|
| टि.पि.डि. | ४५ | २०.३ |
| बिषयगत | ० | ० |
| नभएको | १७७ | ७९.७ |
| जम्मा | २२२ | १०० |

श्रोत : शान्तिनगर गा.पा. शैक्षिक सुधार संभाव्यता अध्ययन प्रतिबेदन २०७७

तालिका २४ मा शान्तिनगर गाँउपालिकामा रहेका प्राथमिक समेत २४ बटा सामुदायिक बिद्यालयहरुमा अध्यापनरत शिक्षकहरुको तालिम प्राप्तीको अबस्था देखाईएको छ। जस अनुसार कुल २ सय २२ शिक्षक शिक्षिका माध्ये ४५ जना अअर्थात २० प्रतिशत शिक्षक शिक्षिकाले टिपीडि तालि प्राप्त गरेका छन भने बिषयगत तालिम प्राप्त शिक्षक शिक्षिका संख्या सुन्य रहेको छ। १ सय ७७ शिक्षक शिक्षिकाले कुनै पनि प्रकारको पेशागत तालिम लिएका छैनन।

**तालिका २५ सामुदायिक बिद्यालयहरुमा शैक्षिक सुशासन र पारदर्शीताको अबस्था**

| आधारभुत शैशिक सुसासन र पादरर्शिताको अबस्था | गरिएको | प्रतिशत | नगरिएको | प्रतिशत |
|---|---|---|---|---|
| बार्षिक अभिभावक भेला भए/नभएको | २४ | १०० | ० | ० |
| गुनासो तथा उजुरी पेटिकाको व्यबस्थापन | ७ | २९ | १७ | ७१ |
| बिद्यालयले गरेका निर्णयहरुको सार्बजनिकिकरण | ४ | १७ | २० | ८३ |
| छात्रबृत्ति छनौट प्रकृया र पाउनेको नाम सार्बजनिक | २२ | ९२ | २ | ८ |
| बिद्यालयको बार्षिक लेखापरिक्षण समयमै गरिएको | २४ | १०० | ० | ० |
| बिद्यालयको सामाजिक परिक्षण बार्षिक रुपमा गरिएको | २४ | १०० | ० | ० |
| शिक्षक स्टाफ बैठक मासीक रुपमा भए/नभएका | १२ | ५० | १२ | ५० |
| बिद्यालयमा अतिरिक्त क्रियाकलाप साप्ताहिक रुपमा | ४ | १७ | २० | ८३ |

श्रोत : शान्तिनगर गा.पा. शैक्षिक सुधार संभाव्यता अध्ययन प्रतिबेदन २०७७

तालिका २५ मा शान्तिनगर गाँउपालिकामा रहेका प्राथमिक समेत २४ बटा सामुदायिक बिद्यालयहरुको शैक्षिक सुशासन तथा पारदर्शीताको अबस्था बिश्लेषण गरिएको छ। जस अनुसार सबै बिद्यालयमा बार्षिक रुपमा अभिभावक भेला हुने गरेको छ। २४ मध्ये ७ बिद्यालय अर्थात २९ प्रतिशत बिद्यालयले मात्र गुनासो तथा उजुरी पेटिका मार्फत गुनासो व्यबस्थापनको काम गरेका छन भने ७ प्रतिशत बिद्यालयले यस्को व्यबस्थापन गर्न सकेका छैनन। यस्तै ४ वटा बिद्यालय अर्थात १७ प्रतिशत बिद्यालयले गरेका निर्णहरु सार्बजनिक गर्ने गरेका छन भने २० वटा बिद्यालयले मौखिक रुपमा सुनाउने मात्र गरेका छन्। छात्रबृत्ति छनौट प्रकृया तथा पाउनेको नाम सार्बजनिक गर्ने बिद्यालयको संख्या २२ अर्थात ९२ प्रतिशत रहेको छ भने ८ प्रतिशत बिद्याललले यस्को सार्बजनिक गर्न सकेका छैनन। सबै

बिद्यालयले सामाजिक परिक्षणको काम गर्ने गरेका छन भने मासिक शिक्षक स्टाफ बैठक बस्ने बिद्यालय १२ बटा अर्थात ५० प्रतिशत रहेका छन भने ५० प्रतिशत बिद्यालयमा मासिक बैठक हुने गरेको छैन। यस्तै ४ बटा अर्थात १७ प्रतिशत बिद्यालयमा मात्र साप्ताहिक रुपमा अतिरिक्त क्रियाकलाप हुने गरेको छ भने २० बटा बिद्यालय अर्थात ८३ प्रतिशत बिद्यालयमा मासिक रुपमा अतिरिक्त क्रियाकलाप हुने गरेको छैन।

**तालिका २६ बिद्यालय सञ्चालन तथा व्यबस्थापन सम्वन्धी अबस्था**

| सञ्चालन तथा व्यबस्थापनका सूचकहरु | बैठक संख्या औषतमा |
|---|---|
| बिद्यालय व्यबस्थापन समितिको बैठक संख्या ( बर्षमा ) | ९ |
| बिद्यालय शिक्षक अबिभावक संघको बैठक ( बर्षमा ) | ४ |
| बिद्यालयका गतिबिधी प्रकाशन गर्ने बिद्यालयको प्रतिशत | ८३ प्रतिशत |

श्रोत : शान्तिनगर गा.पा. शैक्षिक सुधार संभाव्यता अध्ययन प्रतिबेदन २०७७

तालिका २६ मा शान्तिनगर गाउँपालिकामा रहेका प्राथमिक समेत २४ बटा सामुदायिक बिद्यालयहरुममा बिद्यालय सञ्चालन तथा व्यबस्थापन सम्वन्धी अबस्थाको बिश्लेषण गरिएको छ। जस अनुसार सबै बिद्यालयमा बर्षमा औषतमा ९ बटा बिद्यालय व्यबस्थापन सम्वन्धि बैठक बस्ने गरेका छन्। यस्तै बिद्यालय शिक्षक अभिभावक संघको बैठक बर्षमा ४ वटा मात्र बस्ने गरेका छन्। यसैगरी बिद्यालयका गतिबिधी प्रकाशन गर्ने बिद्यालय संख्या १९ अर्थात ८३ प्रतिशत रहेका छन्।

# परिच्छेद ४ (चार)
# गाउँपालिका शिक्षा योजना निर्माण प्रकृया

## ४.१.. गाउँपालिका शिक्षा योजना परिचय

योजनालाई बास्तविक, तथ्यपरक, र कार्यमुलक बनाउनका लागि योजना निर्माण गर्दा अपनाईने प्रकृयाका बारे जानकार हुन आबश्यक छ। योजना निर्माण प्रकृयाले समुदायतहका लक्षित बर्गको भावना र आबश्यकतालाई समेट्न सक्नु पर्दछ। योजनाको महत्वपूर्ण गुण भएको त्यसको कार्यन्वयन हुन सक्ने सक्षमता हो। योजनाले यथार्थताको पहिचान गरी अवसर र संभावनाहरुको अधिकतम उपयोग गर्न सक्नुपर्दछ।

योजनालाई बस्तुपरक, तत्थ्यपरक र यथार्थमा आधारित बनाउनका लागि पूर्व तयारी, समिति गठन, प्रारम्भिक छलफल, तालिम/अभिमुखीकरण, सरोकारवालासंग अन्तर्क्रिया, तथ्याङ्क संकलन, बिश्लेषण तथा समस्या पहिचान, लक्ष निर्धारण कार्यक्रम बिकास तथा लागत अनुमान, योजनाको लेखन, अनुमोदन गरी कार्यन्वयन लगायतका चरणहरु अपनाउनुपर्ने हुन्छ।

## ४.२. गाँउपालिका शिक्षा योजनाको प्रारम्भिक कार्य

शान्तिनगर गाउँपालिकाको शिक्षा क्षेत्रको बिकासका सन्दर्भमा बेलाबेला हुने छलफलहरुमा सबैजसो सरोकार वाहरुहरुमा गाउँपालिका शिक्षा योजना निर्माणको आवश्यकता महसुस भएको तथा जनप्रतिनिधी भएर आएदेखी शिक्षामा योजनाबद्ध बिकास पद्धतीमा लैजानु पर्छ भन्ने मान्यताले शान्तिनगर गाउपालिकाले आर्थिक बर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम बनाउदा नै गाउँपालिका शिक्षा योजनालाई समावेश गरी बजेट समेत बिनियोजन भयो। सोही सोही निर्णय बमोजिम २०७७/०७८ भित्रै शान्तिनगर गाउँपालिकाको ५ बर्षे शिक्षा योजना २०७८/०७९-२०८२/०८३ निर्माण गरियो।

## ४.३. गाउँपालिकाशिक्षा योजना निर्माण कार्यदल गठन

शान्तिनगर गाउँपालिकाको आर्थिक बर्ष २०७७/०७८ को गाउँपालिका सभाबाट गाउँपालिका शिक्षा योजना निर्माण गर्ने नितिगत निर्णय भई बजेट समेत बिनियोजन भएको शन्दर्भमा गाउँपालिका शिक्षा योजना निर्माणका लागि शान्तिनगर गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख सुमन पाण्डेको संयोजकत्वमा एक कार्यदल निर्माण भई गाउँपालिका शिक्षा योजना निर्माण गरिएको हो। गाउँपालिका शिक्षा समितिमा प्रारम्भिक छलफल गरी कार्यदलको अगुवाई र शिक्षा बिज्ञका रुपमा महेन्द्र बहुमुखी क्याम्पसका उप प्राध्यापक सुदर्शन रिजाललाई कार्यदलमा समाबेश गरी प्राविधिक सल्लाह लिई योजना निर्माणलाई अन्तिम रुप दिईएको हो

शान्तिनगर गाउँपालिका शिक्षा योजना २०७८/०७९ -२०८२/०८३निर्माण गरी पुर्णता दिने क्रममा शान्तिनगर गाउँपालिका क्षेत्रमा शिक्षा क्षेत्रमा भईरहेका प्रयासहरु, बिगत २ बर्षमा संघ तथा गाउँपालिकाले शिक्षा क्षेत्रमा गरेको

बजेट बिनियोजनको अबस्था, गाउँपालिकामा भईरहेका राम्रा अभ्यासहरु, कमजोर पक्षहरु, बिद्यालयहरुको शैक्षिक अबस्था अध्ययन गर्न प्रश्नावली निर्माण गरि बिद्यालयहरुबाट सूचना संकलन गरी अबस्था बिश्लेषण गर्ने शिक्षा सरोकारवाला बिच छलफलहरु गरेर राय लिने लगाउतका धेरै क्रियाकलापहरु सम्पन्न गरिएको छ ।

## ४.४गाउँपालिका शिक्षा योजना निर्माण प्रकृया

- गाउँपालिका सभाबाट. नीतिगत निर्णय तथा बजेट बिनियोजन ।
- शान्तिनगर गाउपालिकाको शिक्षा समितिको बैठकबाट ५ बर्षे गाउपालिका शिक्षा योजना निर्माणका लागि शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुको संयोजकत्वमा कार्यदल गठन गरिएको ।
- कार्यदलद्धारा शिक्षा समिति, बिद्यालयका प्रधानाध्यापकहरु त्था अन्य सरोकारवाला बिच अन्तर्क्रिया छलफल गरिएको । अनलाईन माध्यम फेसबुक पेज मार्फत समेत सुझाव संकलन गरिएको ।
- कार्यदलकै अगुवाईमा शिक्षा योजनासंग सम्वन्धीत सान्दर्भिक दस्ताबेजहरु, अभिलेखहरु तथा तत्थ्याङकहरु संकलन तथा पुनराबलोकन गर्ने काम भएको ।
- बिद्यालय क्षेत्र बिकास योजना तथा शिक्षा बिभाग तथा मानव श्रोत बिकास केन्द्रले तयार गरेको बिद्यालय सुधार योजनालाई समेत आधारमानी गाउँपालिका शिक्षा योजनाको मस्यौदा गर्ने काम भएको ।
- शिक्षा योजनाको मस्यौदा माथी गाउँपालिका शिक्षा समिति सहितका सरोकारवाला बिच छलफल गरिएको ।

## ४.५ गाउँपालिका शिक्षा योजना निर्माणमा पूर्ब कार्यको समिक्षा

शान्तिनगर गाउपालिकाको शिक्षायोजना निर्माणका क्रममा यस संग सम्वन्धीत केही पूर्बकार्यको समिक्षा गर्ने काम गरिएको छ । यस क्रममा शिक्षा, बिज्ञान तथा प्रबिधी मन्त्रालय तथा शिक्षा तथा मानव श्रोत बिकास केन्द्रका अभिलेखहरु अध्ययन गर्ने, लुम्बिनी प्रदेश सरकारले लिएका नीती, १० बर्षे नयाँ शिक्षा क्षेत्र योजना २०७८-०८७ को मस्यौदा अध्ययन गर्ने, संघ, प्रदेश तथा स्थानीय सरकारले शिक्षा क्षेत्रमा निर्माण गरेका नीति, नियम तथा निर्देशनहरुको अध्ययन गर्ने, राष्ट्रिय योजना आयोगले लिएको नीतिको अध्ययन गर्ने तथा शिक्षाबिदहरुले दिएका राय सल्लाह तथा लेखहरुको अध्ययन गर्ने काम समेत गरिएको छ ।

## ४.६ गाउँपालिका शिक्षा योजना निर्माणको ढाँचा

यस शान्तिनगर गाउँपापलका शिक्षा योजनाको ढाँचा यस प्रकार रहेको छ ।

परिच्छेद १ मा गाँउपालिका शिक्षा योजनाको अवधारणा, परिच्छेद २ मा दाङ जिल्ला तथा शान्तिनगर गाँउपालिकाको परिचय, परिच्छेद ३ मा दाङ जिल्ला तथा शान्तिनगर गाउपालिकाको  शैक्षिक स्थिति परिचय, परिच्छेद ४ मा योजना निर्माण प्रकृया, परिच्छेद ५ मा प्रारम्भिक बाब शिक्षा, परिच्छेद ६ मा आधारभूत शिक्षा, परिच्छेद ७ मा माध्यमिक शिक्षा, परिच्छेद ८ मा साक्षरता तथा जीवनपर्यन्त शिक्षा, परिच्छेद ९ मा शिक्षकको पेशागत बिकास, परिच्छेद १० मा संस्थागत बिद्यालय व्यबस्थापन, परिच्छेद ११ मा अनुगमन तथा मुल्याङ्कन, परिच्छेद १२ मा सहयोगी निकाय तथा गैरसरकारी संस्थासंगको सहकार्य, परिच्छेद १३ मा वित्तिय व्यबस्थापन र अन्त्यमा सन्दर्भ सूची राखी तयार गरिएको छ ।

# परिच्छेद ५ (पाँच)

# प्रारम्भिक बाल शिक्षा

## ५.१. परिचय

चार बर्ष उमेर पुरा भएका बालबालिकाहरुलाई दिईने शिक्षालाई प्रारम्भिक बाल शिक्षा भनिन्छ। आफ्नो उमेर समुहका बालबालिकासँग उन्मुक्त बाताबरणमा चार घण्टासम्म बाल मनोबिज्ञान बुझेका महिला सहयोगी कार्यकर्ताको रेखदेखमा बिभिन्न सकारात्मक सीपहरु सिक्ने स्थानलाई बाल बिकास केन्द्र भनिन्छ। बाल बिकास केन्द्रहरु बिद्यालयमा आधारित र समुदायमा आधारित गरी दुई किसिमका हुन सक्छन। शान्तिनगर गाउँपालिकामा यस अघि केही बाल बिकास केन्द्रहरु समुदायस्तरमा भएका भएपनि हाल सबै बिद्यालयमा आधारित रहेका छन्।

शारिरिक, मानसिक (बौद्धिक) संबेगात्मक र सामाजिक क्षेत्रको समुचित बिकासलाई "बाल बिकास" भनिन्छ। यी चार पक्ष मध्ये सबै पक्षको बिकास भएको अबस्थालाई मात्र बाल बिकास भएको मानिन्छ। नेपाल सरकारले हाल बाल बिकास, आधारभुत र माध्यमिक तह गरी १२ कक्षा सम्मलाई बिद्यालय शिक्षाको संरचनामा राखेको छ भने स्नातक तह र सो भन्दा माथिलाई उच्च शिक्षाको संरचनामा राखेको छ।

## ५.२. वर्तमान अबस्था

राष्ट्रिय जनगणना २०६८ अनुसार ४ बर्ष उमेर समुहको बालबालिकाको संख्या शान्तिनगर गाउँपालिकामा जिल्लाको जनसंख्याको १ दशमलव ९३ प्रतिशतलाई आधार मान्दा ४ सय ८६ जना.रहेको छ। तर बालबिकासमा भर्ना संख्या १३४४ रहेकाले यस्मा २, ३, र ५ बर्ष उमेर समुहका बालबालिका समेत रहेको र भर्ना संख्यामा बालबिकास तथा संस्थागत बिद्यालयको बालबिकास संख्यामा दोहोरो पन भएको हो की भन्ने देखिएका छ।

### ५.२.१ पहुँच

हालसम्म प्रारम्भिक बाल बिकास केन्द्र (ECDC) मा भर्ना भएका बालबालिकाहरुको केन्द्रगत बिवरण यस प्रकार रहेको छ।

**तालिका २७. सामुदायिक बिद्यालयमा आधारित बाल बिकास केन्द्र र बिद्यार्थी संख्या**

| क.सं. | बाल विकास केन्द्रहरुको नाम | वडा | बा.बि. के. | जम्मा |
|---|---|---|---|---|
| 1 | Birendra Ma V Khiltapur Baghamare | 1 | 2 | 22 |
| 2 | Madrassa Jayaululam Amuwa Pra V | 2 | 1 | 9 |
| 3 | Ambikeshwori Adharbhut Vidyalaya Amuwa | 2 | 1 | 25 |
| 4 | Adharbhut Vidyalaya Pedikhola | 1 | 2 | 18 |
| 5 | Balkalyan Adharbhut Vidyalaya | 2 | 1 | 17 |
| 6 | Jana Kalyan Ma V Simsundarpur | 2 | 2 | 41 |
| 7 | Shiva Pra V Simratipokhari | 2 | 2 | 18 |
| 8 | SARASWOTI ADHARBHUT VIDYALAY BAGHKHOR | 1 | 1 | 17 |
| 9 | Laxmi Adharbhut Vidyalaya Harichar | 1 | 1 | 19 |
| 10 | Basanta Langhali Pra V Jyamire | 1 | 1 | 8 |
| 11 | Pra V Chapikot Pokharichaur | 2 | 1 | 3 |
| 12 | Adarsha Adharbhut Vidyalaya Kasipur | 5 | 1 | 17 |
| 13 | Ratri Pra V Ragaija | 5 | 2 | 30 |
| 14 | Adharbhut Vidyalaya Sundawori | 6 | 1 | 15 |
| 15 | Ma V Tulsipur Dhanauri | 7 | 4 | 28 |
| 16 | Shiva Shakti Ma V Dhanauri | 7 | 2 | 47 |
| 17 | Hattikhal Jana Shakti Pra V Baisa | 5 | 1 | 22 |
| 18 | Bp Koirala Ma V Bayalesimtara | 3 | 2 | 47 |
| 19 | Pra V Baghkhor | 3 | 1 | 5 |
| 20 | Pra V Keraghari | 3 | 1 | 18 |
| 21 | Janata Pra V Bhalaneti | 3 | 2 | 27 |
| 22 | Saraswoti Adharbhut Vidyalaya Jumlekula | 4 | 2 | 10 |
| 23 | Buddha Ma V Shantipur | 4 | 1 | 26 |
| 24 | Adharbhut Vidyalaya Bastikhola | 3 | 1 | 15 |
| | Total | | 36 | 566 |

श्रोत : शान्तिनगर गाउँपालिका लोकल लेभल रिपोर्ट कार्ड २०७७

तालिका २७ मा शान्तिनगर गाउँपालिकाका २४ बटा सामुदायिक बिद्यालयमा आधारित बाल बिकास केन्द्रमा ५ सय ६६ जना बालबालिकाले अध्ययन गरिरहेका छन् । जस्को बिद्यालय अनुसारको केन्द्र संख्या र बिद्यार्थी संख्या उल्लेख छ ।

बाल बिकास सहयोगी कार्यकर्ताको बितरण बाल बिकास केन्द्रमा अध्ययन गर्ने बिद्यार्थी संख्याको आधारमा हुनुपर्ने भएपनि यस गाउँपालिकाका केही केन्द्रमा त्यसो भएको नपाईएकाले बैज्ञानिक मापदण्ड बनाई यस्लाई पुर्नबितरण गर्नुपर्ने देखिन्छ ।

**तालिका २८. शान्तिनगरका संस्थागत बिद्यालयमा आधारित बाल बिकास केन्द्रका बिद्यार्थी संख्या**

| क्र.सं. | बाल विकास केन्द्रहरुको नाम | वडा | बा.बि. के. | जम्मा |
|---|---|---|---|---|
| 1 | Little God Academy Tilwari | | | 67 |
| 2 | Lokpriya Bidya Mandir Rajgainja | | | 96 |
| 3 | Rapti Public Ebs | | | 177 |
| 4 | Mid West point Academy | | | 124 |
| 5 | Modern Gyan Kunj EBS | | | 0 |
| 6 | Amrit Bidhya Mandir Secondary School pvt . Ltd | | | 205 |
| 7 | Hansabahini Vidhya sadan | | | 139 |
| | Total | | | 808 |

श्रोत : शान्तिनगर गाउँपालिका लोकल लेभल रिपोर्ट कार्ड २०७७

तालिका २८ मा शान्तिनगर गाउँपालिकाका ७ वटा संस्थागत बिद्यालय अन्तर्गत ८ सय ८ बालबालिकाले अध्ययन गरिरहेका छन् ।

## ५.२.२. बिद्यालयमा आधारित बाल बिकास केन्द्रहरुको भौतिक पुर्बाधार, शैक्षिक व्यबस्थापन, क्षमता बिकास आदीको अबस्था बिश्लेषण

**तालिका २९.. शान्तिनगरका बाल बिकास केन्द्रहरुमा भौतिक पुर्बाधारको अबस्थाको बिबरण**

| क्र.सं. | बाल विकास केन्द्रको नाम | वडा | छुट्टै बा. वि.कक्षा | | वसाई व्यबस्था | | भित्ता सजावट | | खेल सामग्री | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छ | छैन | सादा कार्पेट | न्यानो कार्पेट | छ | छैन | ईन्डोर मात्र | आउटडोर मात्र | आउटडोर ईन्डोर दुबै |
| १ | | | | | | | | | | | |
| ... | | | | | | | | | | | |
| जम्मा | | | १८ | ६ | | न्यानो | | छैन | छ | केही | |

शान्तिनगर गाउँपालिका अन्तर्गतका बाल बिकास केन्द्रहरुको भौतिक अबस्था बिश्लेषणका लागि बाल बिकासका लागि छुट्टै कोठा भए नभएको, बसाई व्यबस्थापन कसरी भएको भित्ता सजावट भए नभएको खेल सामग्री भए नभएको आदी कुराको अबस्था बिश्लेषणका लागि प्रश्नावली निर्माण गरी खेलकुद शाखा मार्फत बिद्यालयहरुमा प्रश्नावली पठाईएकोमा १९ बिद्यालयबाट मात्र बिबरण प्राप्त भएको र ५ बिद्यालयबाट बिबरण प्राप्त नहुदा यो बिबरण यस तालिमामा समाबेश गर्न सकिएन । तथापी धैरे केन्द्र एकै बिद्यालयमा भएका स्थानमा दुई केन्द्रका बालबालिकालाई एकै केन्द्रमा राखेर अध्यापन गर्ने गरिएको, कतिपय बिद्यालयमा कक्षा १ मा गाभेर पठाउने गरि एको पाईयो । यस्तै बसाई व्यबस्थापनमा धैरे बिद्यालयमा न्यानो कार्पेट र केही बिद्यालयहरुमा सादा कार्पेट रहेको पाईयो भनेधैरै बाल बिकास कक्षाहरुमा भित्ता सजाबट गरिएको छैन । केही बिद्यालयले भित्ता सजावट गरेर बाल बिकास केन्द्रको नमुनाका रुपमा देखाउन खोजेका छन । यस्तै खेल सामग्री तर्फ केही बालबिकास केन्द्रले कक्षाकोठा भित्रै खेल्न मिल्ने बाल खेलौना प्रयोग गरिरहेको पाईयो । आउटडोर खेलकुदका लागि सानो भलिवल वाहेक अन्य खेल सामग्री राखेको पाईएन ।

**तालिका ३० शान्तिनगरका बा.बि.के.हरुमा शैक्षिक व्यबस्थापन तथा क्षमता अभिबृद्धिको अबस्था**

| क्र. सं. | बाल विकास केन्दको नाम | वडा | खाजा व्यबस्थापन | | | स.का.को ४ घण्टा पछिको समय | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | घरबाट आफै ल्याउछन | केन्द्रमै बनाउने गरिन्छ | नयमितता छैन | घर फर्कन्छन | बिद्यालयमै काममा लगाईन्छ | केन्द्रकै काममा लगाईन्छ |
| १ | | | | | | | | |
| .. | | | | | | | | |
| जम्मा | | | घरबाटै | | | धेरै घर फर्कन्छन केहीले बिद्यालयमै काम | | |

शान्तिनगर गाँउपालिकाका अन्तर्गतका बाल बिकास केन्द्रहरुको शैक्षिक व्यबस्थापन तथा क्षमता अभिबृद्धिको अबस्था बिश्लेषणका लागि बाल बिकास केन्द्रमा आउने बालबालिकाको खाजा व्यबस्थापन र सहयोगी कार्यकर्ताहरुको ४ घण्टा पछिको समयको उपयोगका सम्वन्धमा अबस्था मापन गर्न खोजिएकोमा प्रश्नावली निर्माण गरी शिक्षा युवा तथा खेलकुद शाखा मार्फत बिद्यालयहरुमा प्रश्नावली पठाईएकोमा १९ बिद्यालयले बिबरण भरेपनि ५ बिद्यालयले बिबरण नभरेका कारण समग्र बाल बिकास केन्द्रको अबस्थालाई देखाउन सकिएन। तथापी बिद्यालयले भरेका फारमको अबस्था बिश्लेषण गर्दा बाल बिकास कक्षाका ८० प्रतिशत बालबालिकाले घरबाटै खाजा व्यबस्थापन गर्ने गरेको पाईयो। धेरै सहयोगी कार्यकर्ता ४ घण्टा पछि घर फर्कने गरेको पाईयो भने केही सहयोगी कार्यकर्ता ४ घण्टा पछि पनि सका पारिश्रमिकमा बिद्यालयले थप गरेको केही थप पारिश्रमिकमा बिद्यालयका अन्य कक्षालाई पढाएर बस्ने गरेको पाईयो ।

**तालिका ३१शान्तिनगरका बाल बिकास केन्द्रका सहयोगी कार्यकर्ताहरुको तालिम प्राप्तको अबस्था बिश्लेषण**

| क्र. सं. | बाल बिकास केन्दको नाम | वडा | आधारभुत तालिम | | पुनर्ताजगी तालिम | | मन्टेश्वरी तालिम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | छ | छैन | छ | छैन | छ | छैन |
| १ | | | | | | | | |
| ... | | | | | | | | |
| जम्मा | | | १५ छ | ४ छैन | ५ छ | १५ छैन | १२ छ | ७ छैन |

शान्तिनगर गाउँपालिका अन्तर्गतका बाल बिकास केन्द्रहरुका बालबिकास सहयोगी कार्यकर्ताहरुको तालिम प्राप्तीको अबस्थाा बिश्लेषण प्रयोजनका लागि प्रश्नावली निर्माण गरी बिद्यालयहरुमा पठाईएकोमा १९ बिद्यालयबाट बिबरण आएको तर ५ बिद्यालयबाट बिबरण नआएकाले समग्र बिद्यालयहरुको अबस्था बिश्लेषण गर्न सम्भव भएन। तर प्राप्त भएका बाल बिकास केन्द्रहरुको अबस्थाका आधारमा धेरै सहयोगी कार्यकर्ताले आधारभुत तालिम प्राप्त गरेका भएपनि स्थानीय तह अन्तर्गत समायोजन भईसकेपछि गाँउपालिका शिक्षा युवा तथा खेलकुद शाखाले केही बाहेक धेरैलाई तालिममा समाबेश गराएको अबस्था छैन। गाउपालिकाले दुई बर्ष अघि मन्टेश्वरी तालिम उपलब्ध गराई बालबिकास सहयोगी कार्यकर्ताको क्षमता अभिबृद्धि गर्ने काम गरेको देखिन्छ।

## ५.३. लक्ष तथा उदेश्यहरु

**लक्ष**

- आधारभुत शिक्षाको जगलाई सुदृढ पारी बालबालिकाको चौतर्फि विकास गर्ने ।
- कक्षा १ को खुद भर्नादर बर्तमान अबस्थाको ९९.३ लाई सत प्रतिशत पुऱ्याउने ।

**उदेश्यहरु**

- चार बर्ष उमेर समुहका बालबालिकाको सामाजिक, मानसिक, संबेगात्मक एवं अन्य सबै पक्षको बिकास गर्नु ।
- भाषिक सचेतना गर्ने र दैनिक क्रियाकलापहरुमा उपयुक्त भाषा प्रयोग गर्नका लागि सुन्ने, बोल्ने, पढ्ने र लेख्ने सीप प्रति अभिरुची जगाउनु ।
- आधारभुत शिक्षा लिनका लागि योग्य बिद्यार्थी उत्पादन गर्ने हिसावले शान्तिनगर गाउँपालिकाका ४ बर्ष उमेर समुहका सबै बालबालिकाहरुको बाल बिकास केन्द्रमा पहुँच सुनिश्चित गर्नु ।
- बालबालिकाहरुलाई सृजनात्मक प्रतिभा प्रष्फुटन गर्न बिभिन्न रचनात्मक सृजनात्मक क्रियाकलापहरुमा संलग्न गराउनु ।

## ५.४ अवसर र चुनौतिहरु

**अवसरहरु**

- सरकारले स्थानीय तहहरुलाई बाल बिकास केन्द्रका साथै आधारभुत तहको शिक्षाको सम्पूर्ण अधिकारहरु प्रदान गर्नु ।
- स्थानीय सरकारले बिभिन्न ऐन नियमहरु बनाई बाल बिकास केन्द्र तथा आधारभुत तहको शिक्षामा सुधार का लागि प्रयासहरु थाल्नु ।
- सबै बाल बिकास केन्द्रका बालबालिकाहरुलाई उपमहानगरपालिकाले दिवा खाजाको व्यबस्था गर्नु ।
- सहयोगी कार्यकर्ताहरुले आधारभुत, पुनर्ताजगी तथा मन्टेश्वरी तालिम प्राप्त गर्नु ।
- केही बाहेकका धेरै बिद्यालयहरुमा बाल बिकास केन्द्रका लागि छुट्टै कक्षाकोठाका साथै कोठाहरुमा शैक्षिक सजावटको व्यबस्था हुनु ।
- गाउँपालिकाकाका साथै वडाहरुले समेत प्रारम्भिक बाल बिकासका शैक्षिक क्रियाकलापमा लगानी गर्नु ।

- बाल बिकास केन्द्रमा अध्ययन नगरी कक्षा १ मा आएका बालबालिका भन्दा बालबिकास केन्द्रमा अध्ययन गरी आएका बालबालिकाको सिकाई उपलव्धी राम्रो पाईनु ।
- गाउँपालिकाका ग्रामिण क्षेत्रका अभिभावकहरुमा समेत कक्षा १ मा भर्ना गर्नु अघि बाल बिकास केन्द्रहरुमा अध्यापन गराउनु पर्छ भन्ने चेतनाको बिकास हुनु ।

**चुनौतीहरु**

- स्थानिय सरकारहरुले आफुले प्राप्त गरेका अधिकार अनुसारका ऐन नियमहरु बनाई कार्यन्वयनमा ल्याउन ढिलाई गर्नु ।
- सहयोगी कार्यकर्ताहरुले प्राप्त गरेका तालिम प्रयोगमा नआउनु ।
- सहयोगी कार्यकर्ताहरुको पारिश्रमिक न्युन हुनु ।
- बाल बिकास केन्द्रहरुमा ईन्डोर तथा आउटडोरका खेल सामग्रीहरुका पर्याप्तता नहुनु ।
- सहयोगी कार्यकर्ताहरुमा पेशागत सुरक्षाको अभावका कारण पेशा छाड्नुपर्ने त्रासको बातावरण बिद्यमान रहिरहनु ।
- सहयोगी कार्यकर्ता बिदामा बस्दाको बैकल्पीक व्यबस्था नहुदा बालबालिकाले कक्षा १ मा गाभिएर पढ्नुपर्ने बाध्यता हुनु ।
- कतिपय बिद्यालयहरुमा बाल बिकास केन्द्रका लागि छुट्टै कक्षाकोठाको व्यबस्था नहुदा १ कक्षामै मिसिएर पढ्नु पर्ने बाध्यता हुनु ।
- बाल बिकास केन्द्रहरुको बितरणमा बैज्ञानिक मापदण्ड नहुनु जस्को कारणले थोरै बालबालिका भएको बिद्यालयमा पनि दुई बाल बिकास केन्द्र र धेरै बालबालिका भएको केन्द्रमा एक मात्र बाल बिकास केन्द्र हुनु ।

- बाल बिकास केन्द्रहरुलाई सिकाई गुणस्तर तथा भौतिक पुर्बाधारलाई आधार मानी बर्गिकरण गर्नुपर्ने भएपनि त्यसो नहुनु ।
- बालबालिकाको सञ्चित अभिलेख (Cumulative Record) नहुनु ।
- बाल बिकास केन्द्रहरुको संख्यात्मक बृद्धि भएपनि गुणात्मक बृद्धि अपेक्षाकृत हुन नसक्नु ।
- बाल बिकास केन्द्रहरुमा बालमैत्री सोच, संस्कृति र सामग्रीको अभाव हुनु ।
- बिद्यालय व्यबस्थापन समितिहरुको ध्यान बाल बिकास लगायत बिद्यालयको शैक्षिक बिकास भन्दा भौतिक पुर्बाधार सुधारमा बढी केन्द्रित हुनु ।
- सहयोगी कार्यकर्ताहरुको स्थायित्व तथा बृत्ति बिकासको अवसरहरुको कमी हुनु ।

## ५.५. अपेक्षित उपलव्धीहरु

- सामुदायिक नक्साङ्कनका माध्यमबाट बाल बिकास केन्द्रहरुको पुर्नबितरण भएको हुने ।
- चार बर्ष उमेर समुहका ९५ प्रतिशत बालबालिका प्रारम्भिक बाल शिक्षा प्रणालीमा समाबेश हुने ।
- कक्षा १ मा कक्षा दोहोर्‍याउने तथा बिचमै छाड्ने दरमा कमी आएको हुने ।।
- बाल बिकास केन्द्रहको आफ्नो न्युनतम स्तर निर्धारण तथा गुणस्तर सूचक बिकास भएको हुने ।
- बाल बिकास सहयोगी कार्यकताहरु दक्ष र तालिम प्राप्त हुने ।

## ५.६. रणनितिक क्रियाकलापहरु

- स्थानिय सरकारहरुलाई आफुले प्राप्त गरेका अधिकार अनुसारका ऐन नियमहरु बनाई कार्यन्वयनमा ल्याउन सरोकारवाला मार्फत सकारात्मक दबाव सृजना गर्ने ।

- स्थानीय तह, वडा कार्यालय तथा गैरसरकारी संस्थाका साथै समुदाय समेतको सकृयता बढाई सहयोगी कार्यकर्ताहरुलाई अधिकतम शिप युक्त बनाउने तथा उचित पारिश्रमिकका लागि बातावरण सृजन ागर्ने ।
- स्थानीय तह, वडा कार्यालय तथा गैरसरकारी संस्थाका साथै समुदाय समेतको सकृयता बढाई बाल बिकास केन्द्रहरुमा ईन्डोर तथा आउटडोरका प्रयाप्त खेल सामग्रीहरु उपलव्ध गराउने ।
- सहयोगी कार्यकर्ताहरुमा पेशागत सुरक्षाको मापदण्ड वनाई कार्यन्वयनमा ल्याउने ।
- सहयोगी कार्यकर्ता बिदामा बस्दा अन्य शिक्षकबाट बैकल्पीक पठन पाठनको व्यबस्था मिलाउन बिद्यालयहरुलाई प्रोत्साहन गर्ने ।
- बाल बिकास केन्द्रहरुको बितरणमा बैज्ञानिक मापदण्ड बनाई बाल बिकास केन्द्रहरुलाई पुर्न बितरण तथा स्तरिकरण गरी सञ्चालन गर्ने ।
- बाल बिकास केन्द्रका बालबालिकाको सञ्चित अभिलेख राख्ने व्यबस्था मिलाउने ।
- बालबिकास केन्द्रहरुको संख्यात्मक बृद्धिमा भन्दा भएका केन्द्रहरुको गुणात्मक बृद्धिलाई प्रोत्साहन गर्ने ।
- बाल बिकास केन्द्रहरुलाई बालमैत्री सोच, संस्कृति र सामग्रीको व्यबस्था गरी प्रभावकारी बनाउदै लैजाने ।
- बाल बिकास केन्द्रहरुमा पोषणको महत्वलाई ख्याल गर्दै नियमित रुपमा वडा स्वास्थ्य प्रबर्धन केन्द्र मार्फत बाल स्वास्थ्य परिक्षणको व्यबस्था गर्ने ।

## ५.७ अनुमानित क्रियाकलाप तथा बजेट

यस अवधीका लागि बाल बिकास केन्द्रहरुको भौतिक तथा गुणस्तर सुधारका लागि अनुमान गरिएको कुल बजेटको लक्ष खाका तथा क्रियाकलाप अनुसूची ५ मा दिईएको बिस्तृत रुपमा प्रस्तुत गरिएको छ ।

## ५.८. योजना अबधी २०७८/७९-२०८२/८३ सम्ममा गरिने क्रियाकलाप कार्यान्वयन तालिका

| क्र.सं. | समस्याहरु (के) | समाधान क्रियाकलापहरु (के गर्ने) | प्रकृया (कसरी गर्ने) | जिम्मेबारी (को/कस्को) |
|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल बिकास उमेरका सबै बालबालिकालाई केन्द्रमा ल्याउन नसकिएको । | ४ बर्ष उमेरका सबै बालबालिकालाई प्रारम्भिक बाल शिक्षाको पहुँच सुनिश्चित गर्ने । | प्रारम्भिक बालबिकास कक्षामा आउन नसकेका बालबालिका तथा समुदाय पहिचान गरी बाल बिकास कक्षामा ल्याउने बाताबरणको सृजना गरेर । | संघ/प्रदेश सरकार<br>गाउँपालिका<br>वडा कार्यालय<br>गै.स.स. |
| २ | सहयोगी कार्यकर्तामा तालिम लगायतका क्षमता दक्षतामा कमी । | सेवा प्रदायकह सहयोगी कार्यकर्ताहरुको क्षमता अभिबृद्धि कार्यक्रम गर्ने । | शिक्षा मन्त्रालय, बिभाग, प्रदेश तथा स्थानीयतह सरकारको सहकार्यमा सेवा प्रदायकहरु बाल बिकास सहयोगी कार्यकर्ता को क्षमता अभिबृद्धि कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने । | संघ/प्रदेश सरकार<br>गाउँपालिका<br>वडा कार्यालय<br>गै.स.स. |
| ३ | बाल बिकास केन्द्रहरुको भौतिक अबस्था कमजोर । हेर्दा चिरिच्याट्ट पार्न नसकिएको । | बालबिकास केन्द्रहरुको भौतिक सुधार बिस्तार तथा रंगरोगन गर्ने । | शिक्षा मन्त्रालय, बिभाग, संघ र प्रदेश सरकार तथा स्थानीय सरकारको सहकार्यमा बाल बिकास कक्षाहरुको भौतीक सुधार, बिस्तार तथा रंगरोगन गर्ने । | शिक्षा शाखा<br>स्थानीय तह<br>गैसस |
| ४ | बाल बिकास केन्द्रहरुमा शैक्षिक सामग्रीको अप्रयाप्तता तथा कमी । | बालबिकास केन्द्रहरुको गुणस्तर सुधार तथा शैक्षिक सुबिधा बिस्तार गर्ने । | शिक्षा मन्त्रालय, बिभाग, संघ, प्रदेश सरकार र स्थानीय सरकारको सहकार्यमा बाल बिकास कक्षाहरुको गुणस्तर तथा शैक्षिक सामग्री व्यबस्थापनमा जोड दिने । | शिक्षा शाखा<br>स्थानीय तह<br>गैसस |
| ५ | सहयोगी कार्यकर्तामा शिकाई सामग्री निर्माण सिप नहुनु भएको शिप पनि प्रयोग नगर्नु । | बाल बिकास सहयोगी कार्यकर्ता स्वयंमा सिकाई सामग्री निर्माण शिप अभिबृद्धि गर्ने । | सिकाई सामग्री निर्माण कार्यशालाको आयोजना गरी बाल बिकास सहयोगी कार्यकर्ताको शीप बृद्धि गरी कक्षाकोठामै सिकाई सामग्री निर्माण हुने बाताबरणको सृजना गर्ने । | गाउँपालिका<br>शिक्षा शाखा<br>वडा कार्यालय<br>गैसस |
| ६ | दिवा खाजा कार्यक्रमलाई उदेश्य अनुसार सञ्चालन गर्न ननकिएको । अनुगमनको कमी | बाल बिकास केन्द्रका बिद्यार्थीहरुका लागि दिवा खाजा कार्यक्रमको व्यबस्थापन | बाबिकेका बालबालिकाहरुलाई दिवा खाजा कार्यक्रमको प्रभावकारीताका लागि प्रभावकारी अनुमगम तथा दिवा खाजा व्यबस्थापनमा सुधार गरी भर्ना संख्या बढाउनका लागि जोड दिने । | शिक्षा, युवा तथा खेलकुद शाखा<br>वडा कार्यालय |
| ७ | पालिकास्तरिय बाल बिकास व्यबस्थापन सञ्जाल नहुनु । | गाउँपालिकास्तरिय प्रारम्भिक बाल बिकास व्यबस्थापन सञ्जाल गठन । | प्रारम्भिक बाल बिकास कार्यक्रमको प्रबर्न्धनका लागि समुदाय, वडा हुदै गाउपालिकास्तरको प्रारम्भिक बाल बिकास सञ्जाल गठन गरी सञ्जाल मार्फत क्रियाकलाप अघि बढाउने । | शिक्षा शाखा<br>वडा कार्यालय<br>गैसस |
| ८ | संस्थागत बिद्यालयका नर्सरी एल.के.जी. यु.के.जी.का शिक्षमा मन्टेश्वरी लगायतका लागिम नहनु । | संस्थागत बिद्यालयका शिक्षकलाई समेत बाल बिकास तालिमको व्यबस्था । | प्रारम्भिक बाल बिकास कार्यक्रमको प्रबर्न्धनका लागि संस्थागत बिद्यालयका शिक्षकहरुलाई समेत आधारभुत, पुनर्ताजगि तथा मन्टेश्वरी तालिममा समावेश गरिने छ । | शिक्षा शाखा<br>स्थानीय तह<br>गैसस |
| ९ | बाल विकास केन्द्रहरु वाल मैत्री नहुनु । | बालमैत्री बिद्यालय हुदै वडा तथा बालमैत्ती गाउँपालिका घोषणा कार्यक्रम | बाल बिकास केन्द्रहरु, आधार भुत बिद्यालय तथा माध्यमिक बिद्यालयहरुमा बालमैत्री सूचकहरु पुरा गरेको आधारमा बालमैत्री बाबिके, बिद्यालय हुदै वडा तथा गाउँपालिका घोषणा कार्यक्रम अघि बढाईने छ । | शिक्षा शाखा<br>स्थानीय तह<br>गैसस |
| १० | बाल बिकास केन्द्र सञ्चालन आचार संहिता नहुनु । | बाल बिकासकेन्द्रका लागि आचारसंहिताको निर्माण गरी कार्यन्वयतमा ल्याईने । | शिक्षा सरोकारवालाको सहकार्यमा बाल बिकास केन्द्र सञ्चालन सम्वन्धी आचारसंहिता निर्माण गरी गरी कार्यन्वयनमा ल्याईने छ । | शिक्षा शाखा<br>वडा कार्यालय<br>गैसस |

| | | | | |
|---|---|---|---|---|
| ११ | नमुना बाल बिकास केन्द्रको अभाव । | नमुना बा.बि.के छनौट कार्यक्रम । | बाल बिकास केन्द्रहरुको भौतिक तथा गुणस्तरको उत्कृष्टताका आधारमा पालिकाबाटै नमुना बाल बिकास केन्द्र घोषणा गरी प्रोत्साहनमुलक कार्यक्रम गर्ने । | गाउँपालिका शिक्षा शाखा वडा कार्यालय |
| १२ | बाल विकास सहयोगी कार्यकर्ताहरु बिच सिकाई आदान प्रदान नहुनु । | सहयोगी कार्यकर्ताहरुका बिचसिकाई उपलब्धी आदान प्रदान । | बाल बिकास केन्द्रका सहयोगी कार्यकर्ताहरुका बिच समयसमयमा अन्तक्रियात्मक सिकाई उपलब्धी आदान प्रदान कार्यक्रमहरु गरिने छ । | शिक्षा शाखा वडा कार्यालय गैसस |
| १३ | बाल बिकास केन्द्रका बालबालिकाको क्षमता बिकास क्रियाकलापको कमी | बालबालिकाहरुको प्रतिभा प्रस्फुटन प्रोत्साहन कार्यक्रम | पलिकाभरका बाल बिकास केन्द्रका बालबालिका बिच चित्रकला तथा बक्तृत्वकला आदी प्रतियोगिता मार्फत प्रतिभा प्रस्फुटनका अबसरहरु प्रदान गर्ने | गाउँपालिका शिक्षा शाखा वडा कार्यालय |
| १४ | अनुगमनको कमी | चेकलिष्ट तथा कार्ययोजना बनाई अनुगमन तथा मुल्याङ्कन गर्ने । | शिक्षा शाखाको अगुवाईमा गाउँपालिका, वडा कार्यालय तथा स्थानीय समुदाय समेतबाट अनुगमन चेकलिष्ट प्रणालीका माध्यमबाट प्रभावकारी बनाउने । | शिक्षा शाखा स्थानीय तह गैसस |

# परिच्छेद : ६
# आधारभूत शिक्षा (Basic Education)

## ६.१ परिचय

मानव अधिकारको बिश्व व्यापी घोषणा पत्र, सबैका लागि शिक्षा, अभियान, सहश्राव्दी बिकास लक्ष, तथा दिगो बिकास लक्ष (ईनचोक घोषणा पत्र) २०१५-३० तथा नेपालको संबिधान २०७२ सबैले आधारभुत तहको शिक्षालाई अनिबार्य र निशुल्क हुने कुरालाई जोड दिने प्रतिबद्धताहरु व्यक्त गरेका छन्। नेपालको संबिधानमा त आधारभुत शिक्षालाई मौलिक हककै रुपमा राखिएको छ।

बिद्यालय शिक्षामा शान्दर्भिकता बढाउन बिद्यालय क्षेत्र सुधार योजनाले बिद्यालय शिक्षाको बर्तमान संरचनालाई कक्षा १-१२ बनाई समन्वयात्मक एबं एकिकृत रुपमा पुर्नसंरचना गर्न खोजेको छ। साथै शिक्षामा सबैको पहुँचुलाई सुनिश्चित गर्न तथा अनिबार्य आधारभुत शिक्षाको प्रबर्धन गर्न यस योजनाले आधारभुत शिक्षालाई प्राथमिकतामा राखेको छ।

मानव जीवनक लागि आवश्यक पर्ने ज्ञान शिप आर्जन गरी घर परिबार तथा समुदायमा आफ्ना विचार अभिव्यक्त गर्न र समाजमा घुलमिल तथा आफुलाई सामाजिक परिबेशमा समायोजन गरी सामाजिकिकरण सहज बनाउने उदेश्य राखेर तयार गरिएको कक्षा १ देखी ८ सम्मको अवधीको शिक्षालाई आधारभुत शिक्षा भनिएको तथा मानिएको छ।

२००७ सालको राजनीतिक परिवर्तन पछि नेपालमा शिक्षा क्षेत्रमा व्यापक परिवर्तन आएको छ। शिक्षा क्षेत्रमा आएको आमुल परिवर्तनसँगै समयसापेक्ष शिक्षा सम्बन्धी विभिन्न ऐन नियमहरु निर्मण र परिमार्जित हुँदै आइरहेका छन्। विभिन्न समयमा आएको राजनीतिक परिवर्तनसँगै शिक्षा क्षेत्रलाई पनि समय सापेक्ष बनाउने उदेश्यले सर्वप्रथम शिक्षा क्षेत्रमा आवश्यक सुधारका लागि राष्ट्रिय शिक्षा योजना २०११ सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८, राष्ट्रिय शिक्षा पद्दतिको योजना २०२८, पाठ्यक्रम कार्यान्वयन योजना २०३८, शाही उच्च शिक्षा आयोगको प्रतिवेदन २०४०, राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९, उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५, शिक्षा सम्बन्धी उच्चस्तरीय कार्य समितिको प्रतिवेदन २०५८ को माध्यमबाट हालसम्म परिमार्जित हुँदै आइरहेको छ।

उल्लिखित योजना तथा समितिहरुले दिएको सुझाव र परिमार्जित नीति नियमहरु केही हदसम्म कार्यान्वयन भएपनि धेरै अझै पनि अधुरो रहदै आएका छन् ।

नेपाल सरकारले सन् २००१ देखि २०१५ लाई सबैका लागि शिक्षा कार्यक्रम घोषणा भई कार्यन्वयनमा आएपनि अपेक्षित लक्ष हासिल हुन नसकेको अबस्था छ। सबैका लागि शिक्षा कार्यक्रमको निरन्तरताको रुपमा सन् २००६ देखि हाल सम्म विद्यालय क्षेत्र सुधार कार्यक्रमहरु बिभिन्न स्वरुपमा सञ्चालनमा आईरहेको छ । यसै कार्यक्रमअन्तर्गत विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक शिक्षाको रुपमा समेटेको छ। सबैका लागि शिक्षा लगायतका कार्यक्रमबाट विगतमा हासिल गरिएका अनुभवका आधारमा विद्यालय क्षेत्र सुधार योजनामा आधारभूत तथा माध्यमिक शिक्षाले प्राथमिकता पाएको छ। यसले पहुँच तथा सहभागिता बढाउने समता तथा समाजिक समावेशिताको प्रवर्द्धन गर्ने र आधारभूत तथा माध्यमिक शिक्षाको गुणस्तर र सान्दर्भिकतामा सुधार ल्याउने कुरामा जोड दिएको छ । शिक्षामा विकेन्द्रिकृत सुशासन तथा व्यवस्थापन पद्धतिलाई संस्थागत गर्ने कुरामा पनि यस योजनाले त्यतिकै जोड दिएको छ । तर शिक्षा ऐन नियममा संशोधन तथा परिमार्जित नहुन्जेल विद्यमान शिक्षा ऐन नियमले नै विक्षेसुयोको कार्यान्वयनमा कानुनी प्रदान गर्नेछन् ।

विद्यालय शिक्षामा सान्दर्भिकता बढाउन विद्यालय क्षेत्र सुधार योजनाले विद्यालय शिक्षाको वर्तमान संरचनालाई कक्षा १-१२ बनाई समन्वयात्मक तथा एकीकृत रुपमा पुनसँसरचना गर्न खोजेको छ । तर शिक्षामा सबैको पहुँचलाई सुनिश्चत गर्न तथा अनिवार्य आधारभूत शिक्षाको प्रबर्धन गर्न यस योजनाले आधारभूत शिक्षालाई प्राथमिकतामा र ाखेको छ। वर्तमान कक्षा १ देखि ५ सम्मको प्राथमिक शिक्षा र कक्षा ६ देखि ८ सम्मको निम्न माध्यमिक शिक्षालाई एकत्रित गरेर कक्षा १ देखि ८ सम्मको शिक्षालाई आधारभूत शिक्षा र वर्तमान कक्षा १० देखि एस.एलस.सी शिक्षालाई परिमार्जित गरी कक्षा १२ सम्मलाई माध्यमिक शिक्षाको रुपमा पुनर्संरचना गरेको छ । आधारभूत शिक्षालाई पनि प्रारम्भिक (कक्षा-१-३), प्राथमिक (कक्षा ४-५) र उच्च प्राथमिक (कक्षा ६-८) गरी तीन किसिममा विभाजन गरिएको छ ।

देश पुनसंरचनामा जानु अघि सम्म दाङ जिल्लामा कक्षा ८ सम्म सञ्चालन भएका विद्यालयको संख्या १३१ (सामुदायिक ८५, संस्थागत ४६) रहेको थिए । देश संघीय संरचनामा गई राज्य पुर्नसंरचनामा गएपछि बनेका स्थानीय तहहरु अन्तर्गत हाल शान्तिनगर गाउँपालिकामा सामुदायिक तर्फ ६ बटा माध्यमिक, ९ वटा आधारभुत तथा ९ वटा प्राथमिक बिद्यालय रहेका छन् ।

### ६.१.१.शान्तिनगर गाउँपालिकाका आधारभुत तहमा बिद्यार्थी संख्याको अबस्था

**तालिका ३२ माध्यमिक तह सञ्चालन भएका बिद्यालयहरुमा आधारभुत तह १-८ कक्षामा अध्ययनरत बिद्यार्थी**

| क्र.सं. | बिद्यालयको नाम | १-८ कक्षाका बिद्यार्थी संख्या |
|---|---|---|
| 1 | Jana Kalyan Ma V Simsundarpur | 262 |
| 2 | Birendra Ma V Khiltapur Baghamare | 282 |
| 3 | Shiva Shakti Ma V Dhanauri | 273 |
| 4 | Ma V Tulsipur Dhanauri | 259 |
| 5 | Buddha Ma V Shantipur | 316 |
| 6 | Bp Koirala Ma V Bayalesimtara | 498 |
| | **Total** | **1890** |
| **माध्यमिक बिद्यालयको आधारभुत तह औषतएक बिद्यालयमा ३ सय १५ जना बिद्यार्थी** | | |
| | Institutional | |
| 1 | Lokpriya Bidya Mandir Rajgainja | 244 |
| 2 | Mid West point Academy | 397 |
| 3 | Modern Gyan Kunj EBSapti Public Ebs | 282 |
| 4 | Amrit Bidhya Mandir Secondary School pvt . Ltd | 350 |
| 5 | Hansabahini Vidhya sadan | 181 |
| | **Total** | 1454 |
| | **Commmunity+** Institutional **Total** | 3344 |

तालिका ३२ मा शान्तिनगरका माध्यमिक बिद्यालयहरुमा आधारभुत तह १-८ तहमा अध्ययनरत बालबालिकाको संख्या देखाईएको छ। जस अनुसार सामुदायिक बिद्यालय तर्फ १ हजार ८ सय ९० जना र संस्थागत बिद्यालयतर्फ १ हजार ४ सय ५४ जना गरी ३ हजार ३ सय ४४ जना बिद्यार्थीले अध्ययन गरिरहेका छन्। माध्यमिक तहका बिद्यालय तथा आधारभुत तहका बिद्यार्थीको अनुपात ३ सय १५ जना आधारभुत तहका बिद्यार्थी बराबर १ माध्यमिक बिद्यालय रहेको छ।

**तालिका ३३ आधारभुत तह सञ्चालन भएका बिद्यालयहरुमा आधारभुत तह १-८ कक्षामा अध्ययनरत बिद्यार्थी**

| क्र.सं. | बिद्यालयको नाम | १-८ कक्षाका बिद्यार्थी संख्या |
|---|---|---|
| 1 | Ambikeshwori Adharbhut Vidyalaya Amuwa | 200 |
| 2 | Adharbhut Vidyalaya Pedikhola | 89 |
| 3 | Balkalyan Adharbhut Vidyalaya | 154 |
| 4 | Adharbhut Vidyalaya Bastikhola | 92 |
| 5 | Saraswoti Adharbhut Vidyalaya Jumlekula | 82 |
| 6 | SARASWOTI ADHARBHUT VIDYALAY BAGHKHOR | 98 |
| 7 | Laxmi Adharbhut Vidyalaya Harichar | 79 |
| 8 | Adarsha Adharbhut Vidyalaya Kasipur | 185 |
| 9 | Adharbhut Vidyalaya Sundawori | 91 |
| | **Total** | 1070 |
| **आधारभुत बिद्यालयको आधारभुत तह औषतएक बिद्यालयमा १ सय १९ जना बिद्यार्थी** | | |
| | Institutional | 0 |
| 1 | Little God Academy Tilwari | 139 |
| 2 | Rapti Public Ebs | 277 |
| | **Total** | 416 |
| | **Commmunity+** Institutional **Total** | 1486 |

तालिका ३३ मा शान्तिनगरका आधारभुत बिद्यालयहरुमा आधारभुत तह १-८ तहमा अध्ययनरत बालबालिकाको संख्या देखाईएको छ। जस अनुसार सामुदायिक बिद्यालय तर्फ ९ बिद्यालयमा १०७० जना र संस्थागत तर्फ २ बिद्यालयमा ४ सय १६ जना बिद्यार्थीले अध्ययन गरिरहेका छन्। दुबैतर्फ गरी ११ बिद्यालयमा १ हनार ४ सय ८६ बिद्यार्थीले अध्ययन गरिरहेको अबस्था छ। सामुदायिक बिद्यालय तर्फ आधारभुत तहका बिद्यार्थीको अनुपात १ सय १९ जना आधारभुत तहका बिद्यार्थी बराबर १ आधारभुत बिद्यालय रहेको छ।

**तालिका ३४ आधारभुततर्फ प्राथमिक तह १-५ कक्षामात्र सञ्चालन भएको बिद्यालयमा अध्ययनरत बिद्यार्थी**

| क्र.सं. | बिद्यालयको नाम | १-५ कक्षाका बिद्यार्थी संख्या |
|---|---|---|
| 1 | Ratri Pra V Ragaija | 26 |
| 2 | Janata Pra V Bhalaneti | 92 |
| 3 | Basanta Langhali Pra V Jyamire | 19 |
| 4 | Pra V Chapikot Pokharichaur | 3 |
| 5 | Hattikhal Jana Shakti Pra V Baisa | 63 |
| 6 | Shiva Pra V Simratipokhari | 37 |
| 7 | Pra V Baghkhor | 9 |
| 8 | Pra V Keraghari | 66 |
| 9 | Madrassa Jayaululam Amuwa Pra V | 29 |
| | **Total** | **344** |
| **आधारभुत तर्फ प्राथमिक बिद्यालय मात्र चलेका बिद्यालयमा औषतएक बिद्यालयमा ३८ जना बिद्यार्थी मात्र। यो दुख लाग्दो अबस्था हो।** | | |

तालिका ३४ मा शान्तिनगरका प्राथमिक बिद्यालयहरुमा आधारभुत तह १-८ तहमा अध्ययनरत बालबालिकाको संख्या देखाईएको छ । जुन १- ५ सम्म मात्र भएपनि सो बिद्यार्थी पनि आधारभुत तहको बिद्यार्थी हुने हुदा गणनाका लागि उल्लेख गरिएको छ । जस अनुसार सामुदायिक बिद्यालय तर्फ ३ सय ४४ बिद्यार्थीले अध्ययन गरिरहेका छन् । बिद्यालय बिद्यार्थी अनुपात आधारभुत तह अन्तर्गतको एक प्राथमिक बिद्यालय बरावर ३८ बिद्यार्थी रहेको छ ।

## ६.२ लक्ष्य तथा उद्देश्यहरु

**लक्ष्य**

शिक्षालाई अधिकारका रुपमा लिई बालमैत्री वातावरणमार्फत आधारभुत तहमा सबैको समतामूलक पहुँचको सुनिश्चितता गर्ने ।

सबै बालबालिकाको लागी समतामुलक तथा गुणस्तरिय आधारभुत शिक्षामा जोड दिने।

आधारभुत तह कक्षा १-८ तहको खुद भर्नादरलाई हालको ९७.५ लाई सत प्रतिशत पुऱ्याउने ।

**उद्देश्य**

आधारभूत तह ५-१२ वर्ष उमेर समूहका सबै बालबालिकाहरुको गुणस्तरीय शिक्षाका लागि समतामूलक पहुँचको सुनिश्चितता गर्ने ।

आधारभुत तहको शिक्षामा सबै बर्ग, तह र समुहको निशुल्क र अनिबार्य पहुँचको सुनिश्चिता गर्ने ।

आधारभुत तहका लागि तोकिएको निर्धारित सिकाई सक्षमता शिप सुनिश्चत गरी माध्यमिक तहमा अध्ययनका लागि योग्य बनाउने ।

प्रारम्भिक बालकक्षाका बालबालिकाको पठनसिप अभिबृद्दी गर्ने ।

सबै बालबालिकाहरुमा बालबिकासका सुचक कार्यान्वयन हुने गरी न्युनतम सिकाई उपलब्धि हाँसिल हुने अबस्था सुनिश्चित गर्ने ।

## ६.३ अवसर तथा चुनौतीहरु

**अवसर**

- पहिचान, चाहना तथा माग : अभिभावक, विद्यार्थी तथा समाजिक समूहमा देखिएको बढ्दो आकाङ्क्षा शिक्षा विकासका लागि ठूलो अवसर हो ।

- पूर्वाधार र संस्थागत आधार : केन्द्रदेखि स्थानीय तहसम्म संस्थागत क्षमता तथा सहयोग पद्धतिको व्यवस्था छ। जसले केन्द्रीय स्तरमा वार्षिक रणनीतिक कार्यान्वयन योजना (ASIP) को प्रक्रियामार्फत र स्थानीय स्तरमा विद्यालय सुधार योजना, गाउँ शिक्षा योजना र जिल्ला शिक्षा योजनामार्फत योजना, कार्यान्वयन प्रतिवेदन, अनुगमन संयन्त्रको स्थापना गरेको छ।

- पहुँच र गुणस्तरका लागि साझेदारी र सहकार्य : पहुँचको अभिवृद्धि बालमैत्री शिक्षण सिकाइ, एवं गुणस्तरीय शिक्षाका लागि स्रोत परिचालन तथा व्यवस्थापन एवं विद्यालयको समग्र विकासमा जिविस, नपा, गाविस, गैसस र समुदायको सहभागीता तथा स्वामित्वले सकारत्मक नतिजा देखिएको छ।

- यसगाउँपालिकाका सबै आधारभुत बिद्यालयहरुमा आधारभुत तहको शिक्षा निःशुल्क एवं अनिवार्य रुपमा लागु भईरहेको छ।

- यस गाउँपालिकाका २ बटा आधारभुत बिद्यालयहरुले शैक्षिक सत्र २०७८ देखी कक्षा ९ थप गरी अध्यापन कार्य शुरु गरेका छन्।

- शान्तिनगर गाँपालिकाको शैक्षिक स्तर सुधार गर्न प्रारम्भिक कक्षा पढाई कार्यक्रम मार्फत शैक्षिक सामग्रीको प्रयोग गर्ने, पठन सिप अभिबृद्दीको लागी सहजिकरण गर्ने, उपयुक्त मापदण्डको परिधी भित्र रहेर मापन तथा मुल्याङ्कन गर्ने, शिक्षक क्षमता बिकास गर्ने जस्ता कार्य भइरहेका छन्।

**चुनौतीहरु**

- गाउँपालिका भएका कारण यस पालिका भित्रको जनजीवन भौगोलिक बिकटता र  सामाजिक तथा आर्थिक कारणले पिछडिएर रहेका समुदायहरु भएका कारण सबै बालबालिकाको आधारभूत शिक्षामा सहभागिता सुनिश्चित गर्ने कुरा चुनौतीको रुपमा रहेको छ।

- सामुदायिक विद्यालयले गुणस्तरीय शिक्षा दिईरहेका छन भन्ने विश्वास जगाउने कार्य चुनौतीको रुपमा देखिएको छ।

- कक्षा १ देखि कक्षा ३ सम्मलाई वहुकक्षा शिक्षणको रुपमा शिक्षण क्रियाकलाप सञ्चालन गर्ने नीतिलाई गुणस्तरसँग सम्झौता नगरी कार्यान्वयन गर्न चुनौतीपूर्ण भएको छ।

- ग्रामिण क्षेत्र भएपनि अभिभावकहरुको संस्थागत विद्यालय तर्फको आकर्षणका कारणले सामुदायिक विद्यालयहरुमा यस तहमा विद्यार्थीहरुको संख्या बढाउन चुनौतीपूर्ण भएको छ।

- तोकिएको मापदण्डका आधारमा विद्यालयको भौतिक व्यवस्थापन गरी बालबालिकाको सिकाइलाई सहज र सुविधामूलक बनाउने काम चुनौतीपूर्ण देखिएको छ।

- शिक्षकहरुलाई इमान्दारी पूर्वक पेशाप्रति प्रतिबद्ध गराउनु चुनौतीपूर्ण देखिएको छ।
- अग्रेजी माध्यमबाट पठनपाठन गरेका सामुदायिक विद्यालयको शिक्षणसिकाइ क्रियाकलापहरुलाई अपेक्षाकृत प्रभावकारी बनाउन सकिएको छैन।
- बिषयगत तथा तहगत रुपमा दरबन्दी मिलान गर्ने कार्यमा निकै चुनौती देखिएको छ
- सक्षम र योग्य व्यक्तिलाई शिक्षकमा नियुक्ति गर्ने र सक्षम र योग्य शिक्षकलाई प्रधानाध्यापकमा नियुक्ति गर्ने काममा विद्यालय व्यवस्थापन समितिलाई आकर्षित गर्न चुनौतीपूर्ण भएको छ।
- शिक्षा समितिका सदस्यहरु तथा विद्यालय व्यवस्थापन समितिलाई ऐननियमले तोकेको अधिकार र जिम्मेवारी अनुसार इमान्दारितापूर्वक भूमिका निर्वाह गर्ने/गराउन चुनौतीपूर्ण भएको छ।

## ६.४. अपेक्षित उपलब्धी

- आधारभुत तहको प्राथमिक तहमा सत प्रतिशत र १-८ तहमा ९० प्रतिशत खुद भर्नादर हासिल हुने।
- शान्तिनगरका सत प्रतिशत दलित तथा लक्षित बर्गका बिद्यार्थीले छात्रवृत्ति पाएको हुने।
- शान्तिनगर गाउँपालिकाभरिका सम्पूर्ण सामुदायिक माध्यमिक तथा आधारभुत बिद्यालयमा सिनियर र सोही तहकै शिक्षक प्रधानाध्यापकमा नियुक्त भएको हुने।
- कम विद्यार्थी संख्या भएका आधारभुत तर्फको प्राथमिक विद्यालयलाई सामुदायिक नक्साङ्कनका आधारमा बिधी बनाई मर्ज गर्ने तथा वहुकक्षा शिक्षण लागु हुने।

## ६.५ रणनीतिक क्रियाकलाप

आधारभूत शिक्षामा पहुँच तथा सहभागिता बृद्धि

- आधारभूत शिक्षालाई अधिकारका रुपमा स्थापित गरी अनिवार्य, सर्बसुलभ र गुणस्तरिय  बनाउन स्नातीय तहहरुले नै अग्रसरता लिएका हुनेछन।
- विद्यमान नियम र विनियमका अधिनमा रही आधारभुत शिक्षालाई गुणस्तरिय बनाउन समुदायको तर्फबाट थप स्रोतको परिचान गर्ने कामलाई प्राथमिकतामा राखिने छ।
- शान्तिनगर गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत छात्रा, दलित समुदायका बिद्यार्थीहरु र अपाङ्गता भएका सबै विद्यार्थीहरुको आवश्यकतालाई पूरा गर्न विशेष प्रावधानको व्यवस्था गरिनेछ।

- औपचारिक कक्षामा जान नसक्ने विद्यार्थीहरुका लागि अनौपचारिक शिक्षा तर्फ निःशुल्क वैकल्पिक कार्यक्रम तथा सधन कोर्सहरुको व्यवस्था गरिनेछ ।

- खाजा कार्यक्रमलाई बिद्यार्थीको बिद्यालयमा उपस्थित हुने दर बढाउने गरी बाल पोषणसंग जोडेर घरबाट ल्याईने खाजाको स्तर सुधारका लागि प्रयास गरिने छ । लगिनेछ ।

- मदरसाको शैक्षिक व्यवस्थाको गहन अध्ययन गरी यसबाट प्रदान गरिने शिक्षालाई राष्ट्रिय मापदण्डअनुसार औपचारिक शिक्षाको समकक्षी बनाइनेछ ।

- प्रारम्भीक कक्षा पढाई सम्बन्धि क्रियाकलापको लागी स्रोत व्यवस्थापन, प्रधानाध्यापक, बिद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभाबक संघको क्षमता बिकास, अभिभाबक शिक्षक सम्मेलन,उत्कृष्ट बिद्यालयहरुमा अध्ययन भ्रमण, एकिकृत बिद्यालय सुपरिबेक्षण तथा शिक्षक पेसागत सहयोग कार्यक्रम कार्यान्वयन गरिनेछ ।

- सबै बिद्यालयहरुमा प्राथमिकता प्राप्त न्युनतम सक्षमता बृद्दि, शिक्षण सिकाई बिधिमा आवश्यक परिमार्जन तथा न्युनतम सिकाई उपलब्धी हासिल गराउन आबधीक रुपमा सिकाईको मुल्याङकन गर्ने परिपाटिको बिकास गरिनेछ ।

- आधारभुत तहको एकिकृत पाठ्यक्रम बमोजिम कक्षा १(३ मा कक्षा शिक्षण, पाठ्यक्रम कार्यान्वयनको लागी अभिमुखिकरण, कक्षाकोठामा आधारित मुल्याङ्कन प्रणालिको बिकास, पोर्टफोलियो व्यवस्थापन, सुचमा प्रबिधीमा आधारित बिद्यालय शिक्षाको बिकास जस्ता पक्ष कार्यान्वयन गरिनेछ ।

- पालिकास्तरिय अनुगमन तथा मुल्याङकन प्रारुप तयार गरी बिद्यालय सुपरिबेक्षण गर्ने र शिक्षाको गुणस्तर अभिबृद्दी गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

- आधारभुत तहको स्थानिय पाठ्यक्रम निर्माण गरि कार्यान्वयन गरिनेछ ।

- उत्कृष्ट नतिजा हासिल गर्ने बिद्यालय र अन्य शैक्षिक सरोकारवालाको प्रत्यक्ष सहभागितामा सिकाई अनुभव आदान प्रदान गर्ने, पढाई मेला आयोजना गर्ने, सिकाई सामग्री व्यवस्थापन गर्ने, शैक्षिक सामग्री निर्माण कार्यशाला आयोजना मार्फत सिकाई सक्षमता अभिबृद्दी गर्ने कार्य गरिनेछ ।

- शिक्षकको पेसागत बिकास, पेशागत सहयोग, पुनर्ताजकि तालिमको लागी शैक्षिक तालिम केन्द्र, जिल्ला शिक्षा बिकास तथा समन्वय इकाइ संग समन्वय र सहयोग लिने बातावरण कायम गरिनेछ ।

**आन्तरिक सक्षमतामा सुधार**

- उदार कक्षोन्नतीलाई निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति संग जोडेर एकअर्काको परिपुरकको रुपमा लिई प्रभाकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- कक्षा दोहोऱ्याउने र अनुत्तीर्ण हुने विद्यार्थीहरुको संख्यालाई उपचारात्मक शिक्षणको माध्यमबाट क्रमश न्यूनिकरण गर्दै लगिनेछ ।
- सामुदायिक विद्यालयहरुमा अंग्रेजी माध्यमबाट शिक्षण सिकाइ गर्ने विद्यालयहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि आवश्यक प्रक्रिया अघि बढाईनेछ ।
- आर्थिक तथा सामाजिक रुपले सीमान्तकृत परिवारका बालबालिकालाई आधारभूत शिक्षा पूरा गराउन जेहेन्दार छात्रवृत्ति तथा अन्य प्रोत्साहनको प्रावधान लागू गरिनेछ ।
- छात्रबृत्ति वितरणलाई प्रभवकारी बनाउन विद्यालय व्यबस्थापन समिति मार्फत छात्रवृत्ति वितरण दिवसको दिनमा वितरण गर्ने व्यबस्था मिलाईने छ ।
- विद्यालयहरुलाई अझ राम्रो कार्यसम्पादनका लागि बिबिस तथा प्रधानाध्यापक हरु संग कार्यसम्पादन सम्झौता गरी नतिजामुखी प्रणालीको व्यवस्था गरिनेछ ।

**सामाजिक समावेशीकरण तथा समताको सुनिश्चितता**

- विद्यालयको भौतिक संरचनालाई सिकाई मैत्री, बालमैत्री, तथा अपाङ्गमैत्री बनाउनका लागि नयाँ कक्षाकोठा निर्मण, विद्यालय/कक्षाकोठा पुनस्थापना, विद्यालयको बाह्य वातावरण सुधार, छात्रा शौचालय निर्माण जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- महिला र पिछडिएका समूहबाट शिक्षकहरुको संख्या बढाउनका लागि तदनुसार सहयोग पुग्ने गरी नीति निर्माण गरेर शिक्षक नियुक्तिको प्रावधान लागू गरिनेछ ।

- प्राथमिक तहमा कम्तिमा एउटा महिला शिक्षिका हुनुपर्ने कानुनी प्रावधानलाई शिक्षक दरबन्दी मिलान एवं करार शिक्षक नियुक्ति गर्ने क्रममा कडाइका साथ लागू गर्न आवश्यक प्रक्रिया अबलम्बन गरी कार्यन्वयन गरिनेछ ।

- शिक्षण पेशामा महिलालाई प्रवेश गराउन विशेष प्रावधान तथा योग्य महिला, दलित तथा पिछडिएका शिक्षकको पदोन्नतिका लागि सरल आधार निर्माण गरी लागू गरिनेछ ।

- सुत्केरी हुँदा महिलाले तथा श्रीमती सुत्केरी हुँदा पुरुषले पाउने विदा, बच्चालाई स्तनपान गराउनका लागि बिद्यालयमा सुरक्षित आरामस्थल बनाउन बिद्यालयहरुहरुलाई प्रोत्साहन गरिनेछ ।

- बिद्यालयहरुलाई बिपन्नमैत्री, विभेदरहित तथा डण्ड रहित शिक्षाको अभ्यास स्थलको बिकास गर्न विद्यालयमा आचारसंहिताको विकास गरी लागू गरिनेछ ।

- शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कन गर्दा उनीहरुले अध्ययन गर्ने विषयको शैक्षिक उपलव्धीवाई लाई समेत आधार मान्ने प्रणालीको बिकास गरिने छ ।

**विद्यालय : प्रशासन तथा व्यवस्थापन**

- विद्यालयहरुलाई बिद्यालय बिकास योजना तयार गर्न तथा बिद्यालय व्यबस्थापन समितिहरुको सशक्तिकरण गर्दै विद्यालयको व्यवस्थापनलाई सुदृढ गरिने छ ।

- विद्यालय निरीक्षण कार्यलाई थप प्रभावकारी बनाउनका लागि शान्तिनगर गाउँपालिकाले बिद्यालय निरिक्षण चेकलिष्ट तयार गरी अनुगमन गर्ने तथा प्राप्त प्रतिबेदनको अभिलेखिकरण गर्ने, समिक्षा गर्ने र कार्यन्वयनमा ल्याउने कुरालाई जोड दिईने छ ।

- बिद्यालयमा गरिने कामको लक्ष्य निर्धारण, विद्यालयको वार्षिक कार्ययोजना निर्माण, कार्य सञ्चालन समय पात्रो निर्माण, कक्षाकोठाको व्यवस्थापन तथा शैक्षणिक विधिको प्रयोगलाई बढावा दिने कुरालाई बिद्यालय तहबाटै कार्यन्वयनमा ल्याउन जोड दिईने छ ।

- गाउँपालिका शिक्षा शाखाले बिद्यालयका प्रधानाध्यापकहरुसंग कार्यसम्पादन सम्झौता गर्ने, प्रधानाध्यापकले शिक्षकलाई जिम्मेवारी तोक्ने तथा जिम्मेबारी अनुसार काम भए नभएको सुपरिवेक्षण गर्ने गरी प्रधानाध्यापकहरुलाई बढी जिम्मेबार र जवाफदेही बनाउने कुरामा जोड दिईने छ ।

- राष्ट्रिय रुपमा निर्धारण गरिएका मापदण्डका अधिनमा रही विद्यालयलाई शैक्षणिक विकल्पहरु छनौट तथा कर्मचारी तथा आर्थिक व्यवस्थापन गर्न स्वायत्तता हुनेछ ।

- विद्यार्थी संख्या कम भएका शिक्षक दरबन्दी एवं शैक्षिक सुविधा न्यून भएका २ वा त्यसभन्दा बढी विद्यालयहरु गाभ्ने (मर्ज) गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

- एकिकृत अनुगमन तथा बिद्यालय सुपरिबेक्षण योजना निर्माण गरी प्रत्येक ३-३ महिनामा हरेक सामुदायिक बिद्यालयहरुमा बिषय बिज्ञ सहितको रोष्टर समुहले नमुना पाठ प्रदर्शन, कक्षा कोठा अवलोकन शिक्षक पेशागत सहयोग अविभावक सकृयता जस्ता कार्यलाई प्राथमिकता दिईनेछ । यसका लागि गाउँपालिका शिक्षा शाखा सुपरिबेक्षण तालिका निर्माण गरिने छ ।

- हरेक बिद्यालयमा उत्कृष्ट कार्यक्षमता प्रस्तुत गर्ने शिक्षक लाई प्र.अ.को जिम्मेबारी प्रदान गरिने छ । माथिल्लो योग्यता र जिम्मेबारीबोध गरी कार्यसम्पादन गर्न सक्ने जनसक्तिलाई बिद्यालयको शैक्षिक प्रसासकिय प्रमुखको रुपमा प्रधानाध्यापकमा नियुक्त गरिने छ। यसरी नियुक्त हुने प्रधानाध्यापकको संभावित उमेद्बारले बिस्तृत बिद्यालय बिकास प्रस्ताव पेश गर्नुपर्नेछ ।

**विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन**

- विद्यालयमा शिक्षक व्यवस्थापनका लागि शिक्षक दरबन्दीको व्यवस्था हुनेछ भने विद्यार्थीको अनुपातमा शिक्षक दरबन्दी न्यून भएका विद्यालयहरुमा प्रति विद्यार्थी लागतबाट हुने रकम अनुदान स्वरुप प्रदान गर्ने ।

- आधारभुत तथा माध्यमिक तह सञ्चालन भएका बिद्यालयहरुमा बिद्यालय सहायक कर्मचारी अपुग भएको भए व्यवस्थापनका लागि गाउँपालिका मार्फत अनुदान उपलव्ध गराईने छ ।

- शिक्षक तथा कर्मचारी व्यवस्थापनका सम्बन्धमा विद्यमान ऐन अनुसार विव्यसको नै महत्वपूर्ण भूमिका हुनेछ ।

- शिक्षक तथा कर्मचारी नियुक्तिका लागि शिक्षा ऐन तथा नीयमावलीको परिधिमा रही गाउँपालिका शिक्षा शाखाको निर्देशनमा रही निष्पक्ष र पारदर्शीता कामय गरिने छ ।

## ६.६ अनुमानित बजेट

यस योजनामा आधारभूत शिक्षामा शान्तिनगर गाउँपालिकाले पाँच वर्षमा गर्ने क्रियाकलाप र बजेट अनुमान खाकाको विस्तृत विवरण अनुसूची ६ मा दिईएको छ ।

| क.सं. | समस्या(के) | समाधानका क्रियाकलाप (के) | प्रकृया(कसरी) | जिम्मेबारी ( कस्को) |
|---|---|---|---|---|
| १ | कक्षा कोठाको अभाव सरसफाईको कमी । | भौतिक सुधारतर्फ नयाँ कक्षाकोठा निर्माण तथा मर्मत सुधार तथा रंगरोगन | संघ, प्रदेश, स्थानीय तह, वडा तथा अन्य श्रोतको बजेटबाट आबश्यकताका आधारमा नयाँ भवन तथा कक्षा कोठा थप गर्दै लगिने, मर्मत संहार तथा रंगररोगनको व्यबस्था गर्ने | संघ/प्रदेश सरकार गाउँपालिका वडा कार्यालय, गै.स.स. |
| २ | प्रधानाध्यापकसंग कार्यसम्पादन सम्झौता बिना काम गर्नु । | कार्यसम्पादनमा सुधार ल्याउन विद्यालयहरुलाई प्रोत्साहन | शान्तिनगर गाँउपालिका र बिद्यालयहरुका प्रधानाध्यापक तथा व्यबस्थापन समितिहरुसंग कार्यसम्पादन सम्झौता गरी कार्यसम्पादन सुधारमा प्रोत्साहन गर्ने । | गाउँपालिका शिक्षा शाखा वडा कार्यालय |
| ३ | पुस्तकालय नहुनु तथा भएका पुस्तकालयमा पुस्तकहरुको कमी । | पुस्तकालय तथा बुक कर्नर सहयोग । | नियमित बजेटबाट आबश्यकताका आधारमा बिद्यालय नदोहोरिने पुस्तकालय नभएका बिद्यालयहरुलाई प्राथमिकता दिनेगरी पुस्तकालय स्थापना गर्ने । | शिक्षा शाखा स्थानीय तह गैसस |

| | | | | |
|---|---|---|---|---|
| ४ | धार्मिक बिद्यालयहरुलाई मुलधारमा ल्याउने कार्ययोजना नहुनु । | मदरसाविद्यालयलाई मुलधारमा आउन प्रोत्साहन सहयोग । | मदरसा बिद्यालयहरुलाई मुलधारको पाठ्यक्रममा एकिकृत गर्न प्रोत्साहन गरिने | धामिक संघसंस्था शिक्षा शाखा वडा कार्यालय |
| ५ | हालसम्म स्थानीय पाठ्यक्रम निर्माण हुन नसक्नु । | स्थानीय संस्कृति, संस्कार र शिपमा आधारित स्थानीय पाठ्यक्रमनिर्माण | शान्तिनगर गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा मार्फत स्थानीय परिबेशमा आधारित पाठ्यक्रम निर्माण गरी कार्यन्वयनमा ल्याउने । | गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा |
| ६ | बिद्यार्थीको निरन्तर मुल्याङ्गनको परिपाटी नहुनु | निरन्तर विद्यार्थी मूल्याङ्कन, बिधार्थिको सिकाई उपलब्धि परिक्षण | बिद्यालय तथा शिक्षकहरुलाई निरन्तर मूख्याङ्कन सिप प्रदान गरी शैक्षिक उपलव्धी मापनमा प्रयोग गर्ने बाताबरणको सृजना गर्ने । | शिक्षा शाखा बिद्यालयहरु शिक्षकहरु |
| ७ | संघीय सरकारको शिक्षकको कमी ।पलिकाश्रोतबाट शिक्षक राख्नु पारिहेको । | प्रति विद्यार्थी लागत : तलवी अनुदान | शिक्षकले अपुग तलव व्यबस्थापनका लागि गाउँपालिकाले प्रति बिद्यार्थी लागत अनुमानका आधारमा तलव अनुदान उपलव्ध गराउने । | गाउँपालिका वडा कार्यालयहरु |
| ८ | बिद्यार्थी संख्याका आधारमा निशुल्क पाठ्य पुस्तकको रकम अपुग हुनु । | निशुल्क पाठ्यपुस्तक अनुदानबिद्यार्थी संख्याका आधारमा उपलव्ध गराउने । | संघ सरकारको केन्द्रिय बजेटबाट तोकिएको मापदण्डमा पारदर्शीतरिकाले पाठ्यपुस्तक समयमै उपलव्ध गराउने व्यबस्थ मिलाउने । | संघ सरकार गाउँपालिका, शिक्षा शाखा, बिद्यालयहरु |
| ९ | दलित सहितका लक्षित बर्गका बिद्यार्थीले समयमा छात्रबृत्ति नपाउनु । | तोकिएको समयमा निकासा तथा तोकिएको समयमा बितरणको व्यबस्था मिलाउने । | संघ सरकारको केन्द्रिय बजेटबाट तोकिएको मापदण्डमा प्राप्त बिभिन्न छात्रबृत्तिलाई समयमै प्राप्ती तथा बितरणको कार्यतालिका बनाई लक्षित बर्गलाई पारदर्शीतरिकाले समयमै उपलव्ध गराउने व्यबस्थ मिलाउने । | गाउँपालिका शिक्षा शाखा बिद्यालय व्य.स.हरु बिद्यालय, अविभावकहरु |

| | | | | |
|---|---|---|---|---|
| १० | स्वच्च खानेपानीको अभाव | स्वच्छ खानेपानीको व्यबस्था | स्वच्छ खानेपानीको अभाव भएका बिद्यालय पहिचान गरी बार्षिक कार्ययोजनाका आधारमा खानेपानी योजना निर्माण गरी फिल्टर सहितको खानेपानी व्यबस्था गर्ने | गाउँपालिका, शिक्षा शाखा वडा कार्यालय |
| ११ | कम्पाउण्डवाल तथा तारबार नहुनु । | खेल मैदान, बगैचा तथा कम्पाउण्ड वाल को व्यबस्था | खेल मैदान नभएका बिद्यालयहरुमा बजेट बिनियोजन गरी समथर मैदान निर्माण, फुल बगैचा तथा कम्पाउण्ड वाल निर्माण गर्ने | गाउँपालिका, शिक्षा शाखा, वडा कार्यालय, बि.व्य.स. |
| १२ | शिक्षक दरबन्दीको अभाव । | बिद्यार्थी अनुपातमा शिक्षक दरबन्दीको व्यबस्था | दरबन्दी अपुग भएका बिद्यालयहरुको सूची तयार गर्ने । दरबन्दी मिलान गर्ने । थप दरबन्दीका लागि माग तथा अनुदानको व्यबस्था गर्ने | शिक्षा मन्त्रालय शिक्षा बिभाग गाउँपालिका |
| १३ | बिद्यालय बालमैत्री हुन नसक्नु । | बालमैत्री बिद्यालय निर्माण | बालमैत्री सूचक तयार गर्ने, शिक्षकलाई बालमैत्री तालिम दिने तथा बालमैत्री पुर्बाधार तथा व्यबहारमा जोड दिने । | गाउँपालिका बि.व्य.स. /शिक्षक |
| १४ | बिद्यालयहरुमा आई सी.टी.प्रयोग गर्ने शिक्षकको कमी । | बिद्यालयहरुमा शिक्षकहरुका लागि कम्प्युटर अनुदान तथा शिक्षकहरुका लागि आईसीटी तालिम दिने । | बिद्यालयहरुलाई समयको माग अनुसारको कम्प्युटर बिषयलाई ऐच्छिक बिषयको रुपमा राख्न लगाई शिक्षकहरुको क्षमता अभिबृद्धिमा जोड दिने ।कम्प्युटर ल्यावका लागि श्रोत पहिचान गर्ने | शिक्षा मन्त्रालय शिक्षा बिभाग गाउँपालिका शिक्षा शाखा |
| १५ | तह अनुसार सम्वन्धित तहको प्रधानाध्यापक छनौट तथा मिलान नहुनु । | बिद्यालयहरुमा तह अनुसारकै प्रधानाध्यापकको व्यबस्था गर्ने । | प्र अ चयन कार्यबिधी निर्माण गरी आधारभुत तथा माध्यमिक तहमा सोही तहकै शिक्षकलाई प्र.अ. नियुक्त गर्ने । | गाउँपालिका, शिक्षा शाखा बिद्यालयहरु |
| १६ | शिक्षण सामग्रीहरुको अभाव | शैक्षिक सामग्रीको निर्माण तथा उपलव्ध गराउने ।प्रारम्भिक कक्षाका बालबालिकाहरुका लागी पठन सामग्रीको व्यवस्था गरिनेछ । | श्रोतको खोजी गरी शैक्षिक सामग्रीको प्रयोगमा जोड दिने । नमुना बिद्यालयको शैक्षिक भ्रमणका माध्यमबाट राम्रा अभ्यासको सिकाई कायंन्वयनमा ल्याउने । | गाउँपालिका, शिक्षा शाखा, वडा कार्यालय |
| १७ | नमुना बिद्यालय घोषणा गरी बजेट बिनियोजन नहुनु | पालिकाबाट समेत नमुना बिद्यालय घोषणा | नमुना बिद्यालयका सूचकहरु तयार गर्ने । आबश्यक श्रोत जुटाई सूचकका आधारमा मापदण्ड पुरा गर्दै जाने । | गाउँपालिका, शिक्षा शाखा, वडा कार्यालय |
| १८ | तालिम व्यबस्थापन | प्रारम्भिक कक्षा शिक्षण, एकिकृत पाठ्यक्रम कार्यान्वयन, स्थानिय पाठ्यक्रममा जोड, शिक्षक क्षमता बिकास | आधारभुत तहमा अध्यापन गर्ने शिक्षकहरुलाई प्रारम्भिक कक्षा पढाई कार्यक्रम, एकिकृत पाठ्यक्रमो प्रबोधिकरण, तथा स्थानिय पाठ्यक्रमको प्रयोगमा जोड दिने किसिमले क्षमता बिकास संग सम्बन्धीत मापदण्डमा आधारित लक्ष्य पुरा गर्दै जाने । | शिक्षा शाखाले, अन्य सम्बन्धित संघ सस्था, शिक्षा बिकास तथा समन्वय इकाई संग सहयोग लिने । |

# परिच्छेद : सात
# माध्यमिक शिक्षा (Secondary Education)

## ७.१ परिचय

नेपालमा कक्षा ९ देखी १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षाको रुपमा लिइएको छ । सबैका लागि शिक्षा र माध्यमिक शिक्षा सहयोग लगायातका कार्यक्रमबाट विगतमा हासिल गरिएका अनुभवका आधारमा विद्यालय क्षेत्र सुधार योजनामा आधारभूत तथा माध्यमिक शिक्षाले प्राथमिकता पाएको छ । यसले पहुँच तथा सहभागिता बढाउन, समता तथा सामाजिक समावेशिताको प्रवर्धन गर्ने आधारभूत तथा माध्यामिक शिक्षाको गुणस्तर र सान्दर्भिकतामा सुधार ल्याउने कुरामा जोड दिएको छ । शिक्षामा विकन्द्रित सुशासन तथा व्यवस्थापन पद्धितिलाई संस्थागत गर्ने कुर ामा पनि यस योजनाले त्यतिकै जोड दिएको छ ।

विद्यालय शिक्षामा सान्दर्भिकता बढाउन विद्यालय क्षेत्र सुधर योजनाले विद्यालय शिक्षाको वर्तमान संरचनालाई कक्षा १-१२ बनाई समन्यवयात्मक तथा एकीकृत रुपमा पुर्नसंरचना गर्ने नीति र कार्यक्रम अघि सारेको छ । शिक्षा प्रदायक विभिन्न नियका जस्तैः उच्च शिक्षा परिषद, प्राविधिक शिक्षा तथा व्यावासायिक तालिम परिषद तथा विश्वविद्यालयहरुबीच सामञ्जस्य कायम गरी उच्च माध्यमिक तहमा देखिएको संरचनागत असङ्गतिलाई हटाई एकीकृत र समन्वयात्मक गर्ने कुरालाई यस योजनाले स्वीकार गरेको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरिय माध्यमिक शिक्षामा सबैको निशुल्क पहुँचको सुनिश्चित गर्दै यसबाट सृजनशिलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिष्पर्धी, सीपयुक्त एवं उत्पादनशिल जनक्ति तयार गर्ने उदेश्य राखेको छ । शिक्षा नीतिले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान, प्रविधी तथा सीपका बारेमा अध्ययन अध्यापन गरी बैज्ञानिक चिन्तन तथा सृजनशिलता अभिबृद्धि गर्ने उदेश्य राखेको छ । हाल माध्यमिक तहमा परम्परागत, साधारण तथा प्राबिधिक धारमा शिक्षा कार्यक्रमहरु सञ्चालनमा छन् ।

दाङ जिल्लामा स्थानीय तह पुर्नसंरचना हुन अघिसम्म माध्यमिक विद्यालयको संख्या १०८ र उच्च माध्यमिक विद्यालयका संख्या ५६ रहेका थिए । यसमध्ये सामुदायिकतर्फ ४९ वटा माध्यमिक विद्यालयहरु र ३५ वटा उच्च माध्यमिक विद्यालयहरु सञ्चालनमा थिए भने संस्थागततर्फ ५९ माध्यमिक विद्यालय र २१ वटा उच्च माध्यमिक विद्यालयहरु सञ्चालनमा रहेका थिए ।

देश संघीय संरचनामा गएपछि जिल्ला संरचना नभएजस्तै भएको छ भने बिद्यालयहरु स्थानिय तह अन्तर्गत सञ्चालिन छन् । यस शान्तिनगर गाउँपालिकामा सामुदायिक तर्फ ६ बटा र संस्थागत तर्फ ४ माध्यमिक बिद्यालय रहेका छन् ।

यस गाउँपालिकाको आर्थिक बर्ष २०७६ /०७७ को कक्षा ८ को बिषयगत शैक्षिक उपलव्धी नेपालीमा ५८.८५, अंग्रेजीमा ५५.४५, गणितमा ४६.९२, बिज्ञानमा ५६.७७, सामाजिक अध्ययनमा ५८.६२, स्वास्थ्य सारिरिकमा ३४.५४, नैतिक शिक्षामा ३५.१७ र पेशा व्यबसाय प्रबिधीमा ६६.४२ रहेको छ। (श्रोत शैक्षिक बुलेटिन बर्ष १० अंक १, शिक्षा विकास तथा समन्वय इकाई, दाङ पेज १२)

**तालिका ३५ शान्तिनगरका माध्यमिक बिद्यालयहरु र त्यहा अध्ययनरत बिद्यार्थी संख्या**

| क्र. सं. | बिद्यालयको नाम | ९ र १० को बिद्यार्थी | ११ र १२ को बिद्यार्थी | ९-१२ को बिद्यार्थी संख्या |
|---|---|---|---|---|
| 1 | Jana Kalyan Ma V Simsundarpur | 233 | 210 | 443 |
| 2 | Birendra Ma V Khiltapur Baghamare | 140 | 0 | 140 |
| 3 | Shiva Shakti Ma V Dhanauri | 154 | 0 | 154 |
| 4 | Ma V Tulsipur Dhanauri | 163 | 0 | 163 |
| 5 | Buddha Ma V Shantipur | 167 | 0 | 167 |
| 6 | Bp Koirala Ma V Bayalesimtara | 223 | 247 | 470 |
| | **Total** | **1080** | **457** | **1537** |
| **९ र १० माध्यमिक तहको एक सामुदायिक बिद्यालयमा औषत १ सय ८० बिद्यार्थी रहेको पाईयो ।** | | | | |
| | Institutional | | | |
| 1 | Lokpriya Bidya Mandir Rajgainja | 35 | 0 | 35 |
| 2 | Mid West point Academy | 105 | 8 | 113 |
| 3 | Modern Gyan Kunj EBSapti Public Ebs | 30 | 0 | 30 |
| 4 | Amrit Bidhya Mandir Secondary School pvt . Ltd | 47 | 0 | 47 |
| 5 | Hansabahini Vidhya sadan | 17 | 0 | 17 |
| | **Total** | **234** | **8** | 242 |
| | **Commmunity+** Institutional **Total** | **1314** | **465** | 1779 |
| **११ र १२ माध्यमिक तहको एक सामुदायिक बिद्यालयमा औषत २ सय २८ बिद्यार्थी रहेको पाईयो ।** | | | | |

तालिका ३४ मा शान्तिनगरका माध्यमिक बिद्यालयहरुमा कक्षा ९ र १० कक्षामा अध्ययनरत तथा कक्षा ११ र १२ कक्षामा अध्ययनरत बिद्यार्थीहरुको संख्या देखाईएको छ । जस अनुसार सामुदायिक बिद्यालय तर्फ ६ माध्यमिक बिद्यालयको कक्षा ९ र १० मा १ हजार ८० बिद्यार्थीहरु अध्ययनरत छन्। जस अनुसार एक सामुदायिक माध्यमिक बिद्यालय कक्षा ९ र १० मा औषतमा १ सय ८० बिद्यार्थी अध्ययनरत रहेको पाईयो। यसैगरी उच्च माध्यमिक कक्षा ११ र १२ सञ्चालन भएका दुई माध्यमिक बिद्यालयको बिद्यार्थी संख्या ४ सय ५७ रहेको पाईयो भने एक उच्च मा.बि.मा कक्षा ११ र १२ मा औषतमा २ सय २८ बिद्यार्थीले अध्ययन गरिरहेको पाईयो। संस्थागत समेत जोड्दा कक्षा ९ र १० मा १ हजार ३ सय १४ बिद्यार्थी र उच्च माबि समेत जोड्दा १ हजार ७ सय ७९ बिदार्थीले अध्ययन गरिरहेका छन्। संस्थागत तर्फ मिड वेष्ट एकेडेमीमा मात्र उच्च मा.बि. संञ्चालन भएको र ८ जना बिद्यार्थी भर्ना भएको पाईयो ।

## ७.२ लक्ष्य तथा उद्देश्यहरु

**लक्ष्य**

- माध्यमिक शिक्षाका माध्यमबाट प्रतिष्पर्धी तथा सीपयुक्त जनशक्तिको उत्पादन गरी गाउँपालिका, जिल्ला, प्रदेश तथा राष्ट्रको विकासको लागि आवश्यकता पूरा गर्नुका साथै उच्च शिक्षाका लागि भरपर्दो आधार शिला तयार गर्ने ।

- हाल माध्यमिक तहमा रहेको खुद भर्नादर ९ र १० को ७१ लाई योजना अबधीको अन्त्य सम्ममा ८० प्रतिशत पुऱ्याउने ।

**उद्देश्य**

- गुणस्तरिय माध्यमिक शिक्षामा सबैको समान पहुँच सुनिश्चित गर्ने ।

## ७.३ अवसर तथा चुनौतीहरु

**अवसर**

- अभिभावक, विद्यार्थी तथा सामाजिक समूहमा माध्यमिक शिक्षा प्रतिको आकाङ्क्षा र सहयोग र सहभागिता बढ्दो क्रममा रहेको छ ।

- माध्यमिक शिक्षामा पहुँचको अभिवृद्धि र गुणस्तरमा सुधारका लागि स्रोत परिचालन तथा व्यवस्थापन एवं विद्यालयको समग्र विकासमा गाउँपालिका, वडा कार्यालयहरु र केही मात्रामा गैर सरकारी संस्था र सामुदायको सहभागिता तथा स्वामित्वले सकारात्मक नतिजा देखिएको छ ।

- यस गाउँपालिका अन्तर्गतका धेरै सामुदायिक माध्यमिक बिद्यालयहरुसंग जग्गा जमिनहरु प्रशस्त छ जसलाई भविष्यमा विभिन्न प्रयोजनका लागि उपयोग गरेर विद्यालयको विकासमा लगाउन सकिन्छ ।

- यस गाउँपालिकाका दुई सामुदायिक बिद्यालयले प्राबिधिक धार कृषि प्राबिधिक बिषय सुरु गरेर प्राबिधिक धार को शुरुवात गरिसकेका छन् । यसैगरी यस शैक्षिक सत्र २०७८ देखी बि.पि. मा.बि. बयाले सिमताराले कक्षा ११ मा बिज्ञान बिषयको अध्यापन शुरु गर्न थालेको छ । यसैगरी शिवसक्ति र बुद्ध मा.बि.मा कक्षा ११ को अध्यापन शुरु भएको छ ।

**चुनौतीहरु**

- कक्षा ८ र १० को मुख्य विषयहरुको औषत सिकाई उपलब्धि न्यून छ र यसलाई अपेक्षाकृत सुधार गर्न चुनौतीपूर्ण देखिन्छ ।

- भौगोलिक, समाजिक तथा आर्थिक कारणले पिछडिएर धेरै थरिका बहिस्करणमा परेका बालबालिकाको माध्यमिक शिक्षामा सहभागिता सुनिश्चित गर्ने कुरा चुनौतीको रुपमा रहेको छ ।

- गाउँपालिकाका धेरै बिद्यालयहरुमा दरबन्दीको अभाव तथा बिषयगत शिक्षकको अभाव बढ्दो अबस्थामा छ। त्यस्तै बिद्यार्थी संख्या समेत न्युन छ। जस्का कारण गाउँपालिकाश्रोत तथा नीजी श्रोतबाट शिक्षक राख्नु परिरहेको छ ।

- विद्यालयहरुको व्यवस्थापन कार्यलाई सफलतापूर्वक अघि बढाउन विव्यस, शिक्षकका पेशागत संगठन प्रधानाध्यापक तथा अभिभावक शिक्षक संघलाई लक्षित गरी क्षमता अभिबृद्धि गर्ने काम चुनौतीपूर्ण भएको छ ।

- तोकिएको मापदण्डका आधारमा विद्यालयको भौतिक व्यवस्थापन गरी बालबालिकाको सिकाइलाई सहज र सुविधामूलक बनाउने काम चुनौतीपूर्ण देखिन्छ ।

- विद्यालय क्षेत्र सुधार योजनाले कक्षा १-८ लाई आधारभुत र कक्षा ९-१२ लाई माध्यमिक शिक्षा भनेर सम्बोधन गरेको भएतापनि तदनुसार ऐन नियममा संशोधन हुन नसक्दा पुरानै संरचना र अभिलेख प्रणालीले समस्या सृजना गरिरहेको छ ।

- कक्षा ९-१२ लाई एकीकृत गरी माध्यमिक विद्यालयको रुपमा सञ्चालन गर्नकालागि कतिपय सवालमा शिक्षा मन्त्रालय, शिक्षा बिभाग र राष्ट्रिय परिक्षा बोर्ड बीचमा समन्वय हुन सकेको छैन ।

- शिक्षक दरबन्दीलाई विषयगत रुपमा मिलान गर्ने कार्य चुनौतीको रुपमा रहेको छ।

- सक्षम र योग्य व्यक्तिलाई शिक्षकमा नियुक्ति गर्ने र सक्षम र योग्य शिक्षकलाई प्रअमा नियुक्ति गर्ने कार्यमा विद्यालय व्यवस्थापन समितिमा बढी राजनीतिकरण भइरहदा चुनौती थपिदो छ ।

## ७.४ अपेक्षित उपलब्धि

- माध्यमिक तह कक्षा ८ र एस.इ.इ.का मुख्य बिषयहरुको सिकाई उपलब्धीमा सुधार आएको हुने ।

- हरेक वर्ष माध्यमिक तह कक्षा ९ देखी १२ सम्मका दलित, अपाङ्ग, द्धन्दपिडित, सहिद परिबार, बिपन्न तथा मुक्त कम्लरी र जेहेन्दार विद्यार्थीहरुले छात्रवृत्ति पाएको हुने ।

- प्राविधिक तथा व्यवसायिक शिक्षा तर्फका बिषयहरुको पठनपाठन गर्ने विद्यालयहरुको संख्या योजना अबधिमा ५० प्रतिशतले बृद्धि भएको हुने ।

- सबै माध्यमिक विद्यालयहरुमा पुस्तकालय र विज्ञान प्रयोगशालाको व्यवस्था योजना अवधीमै भएको हुने ।

- गाउँपालिकाका सबै माध्यमिक तथा आधारभुत बिद्यालय समेतमा इन्टरनेट सेवाको विस्थार भएको हुने ।
- योजना अबधीमा कम्तीमा एक बिद्यालयमा शिक्षक र बिद्यार्थीका लागि नमुना छात्राबास स्थापना भएको हुने ।

**७.५ रणनीतिक कार्यकलापहरु**

**गुणस्तर र सान्दर्भिकता**

- राष्ट्रिय रुपमा निर्धारित मानक तथा मापदण्डमा आधारित भई माध्यमिक शिक्षाको गुणस्तर मानक र मापदण्ड निर्माण गरी माध्यमिक शिक्षाको बिश्लेषण गरिने छ ।
- विद्यालयको स्तरोन्नती गर्ने, गाभ्ने तथा तह घटाउने जस्ता कार्य विद्यालय नक्साङ्कन गरी गाउँपालिका सभावाट पारित गरी कार्यन्वयनमा ल्याईने छ ।
- शैक्षिक गुणस्तर अभिबृद्धि गर्न माध्यामिक विद्यालयहरुले गरेको राम्रो अभ्यासहरुको पहिचान छनोट गरी उत्कृष्ट विद्यालयहरुलई पुरस्कृत गर्ने नितिगत व्यबस्था गरि अनुदान दिइने छ ।
- विद्यार्थीहरुको सिकाइ उपलब्धि राम्रो बनाउन सफल शिक्षकहरुलाई पुरस्कार दिएर प्रोत्साहित गरिनेछ ।
- माध्यमिक तहका विद्यालयहरुलाई PCFका आधारमा Non-salary अनुदान सहयोग उपलव्ध गराइनेछ ।
- माध्यमिक विद्यालयमा पुस्तकालय व्यवस्थापन तथा कम्प्यूटर शिक्षाको लागि अनुदान सहयोग उपलव्ध गराइनेछ ।
- कम्प्यूटर र लाइब्रेरी व्यवस्थाका लागि विद्यालय सहयोग अनुदानको व्यवस्था गरिनेछ ।
- विद्यालयमा पुस्तकालय, वाचनालय, प्रयोगशाला आदिको व्यवस्थापनका लागि गाउँपालिका प्रदेश तथा संघ सरकारका साथै गैर सरकारी संस्थाहरुलाई  परिचालन गरिनेछ ।
- कमजोर अवस्थामा रहेका सामुदायिक विद्यालयहरुको स्थितिमा सुधार ल्याउनका लागि संस्थागत विद्यालयहरुसँग समेत सहकार्य गरिनेछ ।

**मानक तथा मापदण्ड निर्धारण**

- माध्यमिक शिक्षाका मापदण्ड निर्माण गर्न  गाउँपालिकाले निर्देशिका जारी गर्नेछ ।
- शिक्षक पदमा नियुक्तिका लागि न्यूनतम योग्यताका अतिरिक्त शिक्षकको तयारी कोर्स र पुनर्ताजगी तालिमलाई अनिवार्य बनाइनेछ ।

- बिद्यालयहरुमा तोकिएका निश्चित तहगत मापदण्डका आधारमा प्रधानाध्यापक पदमा नियुक्तिका लागि आवश्यक व्यवस्था भएको हुनेछ ।
- कक्षा ५, ८, को सार्वजनिक परीक्षा गाउपालिले सञ्चालन गर्नेछ ।
- प्रमाणपत्र दिने प्रमाणीकरण गर्ने जस्ता कार्यका लागि संबिधान प्रदत्त अधिकार प्रयोग गरी गाउँपालिकाले शिक्षा शाखामा एक निकाय गठन गरिने छ ।

**पहुँच र सहभागिता**

- माध्यमिक शिक्षा आम नागरिकको सर्बसुलभ पहुँच मा हुनेछ भने निःशुल्क समेत हुनेछ ।
- पिछडीएको समुदाय तथा जातजातीका बालबालिकाहरुका लागि बिभेद रहित पहुँच र सहभागिता बढाउन तथा माध्यमिक शिक्षा पूरा गराउन विशेष व्यबस्था गरिने छ ।
- माध्यमिक शिक्षामा पहुँचको सुनिश्चितता गर्न निजी तथा सामुदायिक क्षेत्रका सेवा प्रदायकहरुसँगको साझेदारीलाई प्रवर्धन गरिनेछ ।
- बिद्यालय बाहिर रहेको बर्गलाई शिक्षाको दायरामा समेट्न लागत साझेदारीका आधारमा खुला र दूर शिक्षा तथा लचिला विद्यालयको विस्तार गरिनेछ ।
- न्ययूनतम सिकाइ उपलव्धी पनि हासिल गर्न नसक्ने विद्यार्थीहरुका लागि उपचारात्मक सहयोग उपलव्ध गर इनेछ ।
- छात्रा, दलित, अपाङ्ग तथा द्वन्द्वपीडित विद्यार्थीहरुका लागि छात्रवृत्तिको व्यवस्था गरी माध्यमिक शिक्षाप्रति प्रोत्साहित गरिनेछ ।
- समुदायबाट माग भई आएका र शिक्षा शाखाले आवश्यकता भनी पहिचान गरेका विद्यालयहरुको स्तरोन्नती एवं कक्षा थप गर्नका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

**प्रशासन र व्यवस्थापन**

- विद्यालयहरुलाई बिद्यालय बिकास योजना तयार गर्न तथा बिद्यालय व्यबस्थापन समितिहरुको सशक्तिकरण गर्दै विद्यालयको व्यवस्थापनलाई सुदृढ गरिने छ ।

- विद्यालय निरीक्षण कार्यलाई थप प्रभावकारी बनाउनका लागि शान्तिनगर गाउँपालिकाले बिद्यालय निरिक्षण निर्देशिका निर्माण गरी अनुगमन गर्ने पद्धतीको बिकास गरिने छ। साथै अनुगमनबाट प्राप्त प्रतिबेदनको अभिलेखिकरण गर्ने, समिक्षा गर्ने र कार्यन्वयनमा ल्याउने कुरालाई जोड दिईने छ।

- बिद्यालयमा गरिने कामको लक्ष्य निर्धारण, विद्यालयको वार्षिक कार्ययोजना निर्माण, कार्य सञ्चालन समय पात्रो निर्माण, कक्षाकोठाको व्यवस्थापन तथा शैक्षणिक विधिको प्रयोगलाई बढावा दिने कुरालाई बिद्यालयतहबाटै कार्यन्वयनमा ल्याउन जोड दिईने छ।

- गाउँपालिका शिक्षा शाखाले बिद्यालयका प्रधानाध्यापकहरुसंग कार्यसम्पादन सम्झौता गर्ने, प्रधानाध्यापकले शिक्षकलाई जिम्मेवारी तोक्ने तथा जिम्मेबारी अनुसार काम भए नभएको सुपरिवेक्षण गर्ने गरी प्रधानाध्यापकहरुलाई बढी जिम्मेबार र जवाफदेही बनाउने कुरामा जोड दिईने छ।

- गरिवमुखी, विभेदकारी तथा दण्डविरोधी अभ्यासको रक्षा गर्न विद्यालयमा आचारसंहिताको विकास गरी लागू गरिनेछ। विद्यालयले आचारसंहिता बनाउँदा शिक्षक, विद्यार्थी, विव्यस, अभिभावक शिक्षक संघ आदिको भूमिका स्पष्ट हुने गरी विकास गरिनेछ।

- एकिकृत अनुगमन तथा बिद्यालय सुपरिबेक्षण योजना निर्माण गरी प्रत्येक ३-३ महिनामा हरेक सामुदायिक बिद्यालयहरुमा बिषय बिज्ञ सहितको रोष्टर समुहले नमुना पाठ प्रदर्शन, कक्षा कोठा अवलोकन शिक्षक पेशागत सहयोग अविभावक सकृयता जस्ता कार्यलाई प्राथमिकता दिईनेछ। यसका लागि गाउपालिका शिक्षा शाखा सुपरिबेक्षण तालिका निर्माण गरिने छ।

- हरेक बिद्यालयमा उत्कृष्ट कार्यक्षमता प्रस्तुत गर्ने शिक्षक लाई प्र.अ.को जिम्मेबारी प्रदान गरिने छ। माथिल्लो योग्यता र जिम्मेबारीबोध गरी कार्यसम्पादन गर्न सक्ने जनसक्तिलाई बिद्यालयको शैक्षिक प्रसासकिय प्रमुखको रुपमा प्रधानाध्यापकमा नियुक्त गरिने छ। यसरी नियुक्त हुने प्रधानाध्यापकको संभावित उमेद्बार ले बिस्तृत बिद्यालय बिकास प्रस्ताव पेश गर्नुपर्नेछ।

### ७.६ अनुमानित बजेट

यस योजनामा माध्यमिक शिक्षामा शान्तिनगर गाउँपालिकाले आगामी पाँच बर्षको योजना अबधिमा गरिने क्रियाकलाप र लाग्ने अनुमानित खर्च बिबरण अनुसूची ७ मा बिस्तृत रुपमा गरिएको छ।

**७.७. योजना अबधी** २०७८/७९-२०८२/८३ सम्ममा समस्या समाधानका लागि गरिने क्रियाकलाप कार्यान्वयन तालिका

| क.सं. | समस्या (के) | समम्या समाधान क्रियाकलापहरु (के) | प्रकृया (कसरी) | जिम्मेबारी - को/कस्को) |
|---|---|---|---|---|
| १ | माध्यमिक बिद्यालयका भौतिक पुर्बाधारको कमी । | भौतिक पुर्बाधारतर्फ नयाँ कक्षाकोठा निर्माण, मर्मत सुधार तथा रंगरोगन | संघ, प्रदेश, स्थानीय तह, वडा तथा अन्य श्रोतको बजेटबाट आबश्यकताका आधारमा नयाँ भवन तथा कक्षा कोठा थप गर्दै लगिने, मर्मत संहार तथा रंगररोगनको व्यबस्था गर्ने | संघ/प्रदेश सरकार गाउँपालिका वडा कार्यालय गै.स.स. |
| २ | पुस्तकालय तथा बुक कर्नरको कमी । | पुस्तकालय तथा बुक कर्नर सहयोग | नियमित बजेटबाट आबश्यकताका आधारमा बिद्यालय नदोहोरिने पुस्तकालय नभएका बिद्यालयहरुलाई प्राथमिकता दिनेगरी पुस्तकालय स्थापना गर्ने । | शिक्षा शाखा स्थानीय तह गै.स.स |
| ३ | नमुना बिद्यालय नहुनु | नमुना बिद्यालय घोषणा | नमुना बिद्यालयका सूचकहरु तयार गर्ने । सूचकका आधारमा मापदण्ड पुरा गर्दै नमुना बिद्यालय घोषणा अभियानमा सबै तह जुट्ने । | संघ/प्रदेश सरकार गाँउपालिका वडा कार्यालय |
| ४ | प्रअहरुमा कार्य सम्पादन क्षमताको कमी । | कार्यसम्पादनमा सुधार ल्याउन विद्यालयहरुलाई प्रोत्साहन । | गाउँपालिका र बिद्यालय, प्रधानाध्यापक तथा व्यबस्थापन समितिहरुसंग कार्यसम्पादन सम्झौता गरी कार्यसम्पादन सुधारमा प्रोत्साहन गर्ने । | गाउँपालिका शिक्षा शाखा बिद्यालय |
| ५ | स्थानीय पाठ्यक्रम नहुनु । | स्थानीय पाठ्यक्रम तथा पाठ्य सामग्री निर्माण | गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाले स्थानीय भाषाको पाठ्यक्रम तथा पाठ्य सामग्री निर्माण गरी कार्यन्वयनमा ल्याउने । | गाउँपालिका शिक्षा शाखा बिद्यालय |
| ६ | बिद्यार्थीहरुको निरन्तर मुल्याङ्कन नहुनु । | निरन्तर विद्यार्थी मूल्याङ्कन | शिक्षकहरुलाई निरन्तर मूल्याङ्कन सिप प्रदान गरी शैक्षिक उपलव्धी मापनमा प्रयोग गर्ने बाताबरणको सृजना गर्ने । | शिक्षा शाखा बिद्यालयहरु शिक्षकहरु |

| | | | | |
|---|---|---|---|---|
| ७ | शिक्षक दरबन्दीको अभाव हुनु | प्रति विद्यार्थी लागत : तलवी अनुदान | केन्द्रिय बजेटबाट आधारभुत शिक्षकलाई अपुग तलव व्यबस्थापनका लागि गाउँपालिकाले प्रति बिद्यार्थी लागत अनुमानका आधारमा तलवी अनुदान उपलव्ध गराउने | गाउँपालिका वडा कार्यालयहरु |
| ८ | छात्रबृत्ति रकम समयमा निकासा नहुनु । | दलित, जनजाती, अपाङ्ग, छात्रा, जेहेन्दार लगायत छात्रबृत्ति | संघ सरकारको केन्द्रिय बजेटबाट तोकिएको मापदण्डमा प्राप्त बिभिन्न छात्रबृत्तिलाई समयमै प्राप्ती तथा बितरणको कार्यतालिका बनाई लक्षित बर्गलाई पारदर्शीतरिकाले समयमै उपलव्ध गराउने व्यबस्थ मिलाउने । | गाउँपालिका शिक्षा शाखा बिद्यालयहरु सरोकारवालाहरु |
| ९ | स्वच्छ पिउने पानीको अभाव | स्वच्छ खानेपानीको व्यबस्था | स्वच्छ खानेपानीको अभाव भएका बिद्यालय पहिचान गरी बार्षिक कार्ययोजनाका आधारमा खानेपानी योजना निर्माण गरी सुद्धिकरण गरिएको खानेपानी व्यबस्था गर्ने । | गाउँपालिका शिक्षा शाखा वडा कार्यालय गैसस. |
| १० | बिद्यालयमा कम्पाउन्ड वाल तथा तारबार नहुनु । | खेल मैदान, बगैचा तथा कम्पाउण्ड वाल को व्यबस्था | खेल मैदान नभएका बिद्यालयहरुमा बजेट बिनियोजन गरी समथर मैदान निर्माण, फुल बगैचा तथा कम्पाउण्ड वाल निर्माण गर्ने । | गाउँपालिका, शिक्षा शाखा, वडा कार्यालय, बि.व्य.स. |
| ११ | दरबन्दीहरुको न्यायोचित बितरण नहुनु । | शिक्षा समिति मार्फत दरबन्दी मिलान गर्ने । | दरबन्दी अपुग भएका बिद्यालयहरुको सूची तयार गर्ने । दरबन्दी मिलान गर्ने । थप दरबन्दीका लागि माग तथा अनुदानको व्यबस्था गर्ने । | शिक्षा मन्त्रालय शिक्षा बिभाग गाउँपालिका |
| १२ | बिद्यालयहरु बालमैत्री नहुनु । | बालमैत्री बिद्यालय निर्माण | बालमैत्री अबधारणा तयार गर्ने<br>शिक्षकलाई भयरहित बालमैत्री तालिम प्रदान<br>बालमैत्री पुर्बाधार तथा व्यबहारमा जोड । | गाउँपालिका बि.व्य.स. शिक्षक |

| | | | | |
|---|---|---|---|---|
| १३ | कम्प्युटरमा दक्ष शिक्षक कर्मचारीको अभाव | बिद्यालयहरुमा कम्प्युटर शिक्षामा जोड दिने । शिक्षक कर्मचारीलाई आईसीटी तालिम दिने । | बिद्यालयहरुलाई ऐच्छिक बिषय कम्प्युटर राख्न लगाउने । शिक्षकहरुको क्षमता अभिबृद्धिमा ध्यान दिने । कम्प्युटर ल्यावका लागि श्रोत पहिचान गर्ने । | शिक्षा मन्त्रालय शिक्षा बिभाग गाउँपालिका |
| १४ | केही माबिमा सोही तहको प्रधानाध्यापक नहुनु | माध्यमिक तहमा सोही तहको प्रधानाध्यापकको व्यबस्था गर्ने । | गाउँपालिका शिक्षा शाखाले कार्यबिधी बनाई सोही तहको जेष्ठ, योग्य शिक्षकलाई प्रधानाध्यापक चयन गर्ने । | गाउँपालिका शिक्षा शाखा बि.व्य.स. |
| १५ | शैक्षिक सामग्रीहरु तथा सकारात्मक सोचको अभाव | शैक्षिक सामग्रीको स्थानीयस्तरमै उत्पादन तथा आबश्यकता अनुसार खरिद । | शैक्षिक सामग्री उत्पादन शिप प्रदान गरी उत्पादनमा जोड तथा नमुना बिद्यालयको शैक्षिक भ्रमणका माध्यमबाट राम्रा अभ्यासको सिकाई कायंन्वयन । | गाउँपालिका वडा कार्यालय गैसस |

# परिच्छेद : आठ
# साक्षरता तथा जीवनपर्यन्त शिक्षा
# (Literacy and Lifelong Education)

## ८.१ परिचय

व्यक्तिको सशक्तिकरण तथा सामाजको रुपान्तरणका लागि साक्षरता र शिक्षा सशक्त माध्यम हुन् । साक्षरता तथा जीवनपर्यन्त शिक्षा नै व्यक्तिको सहज जीवनयापनको मूल आधार एवं समतामूलक र ममावेशी समाज निर्माणको आधारशीला हो । साक्षरता तथा जीवनपर्यन्त शिक्षाका माध्यमबाट नै मानिसको जीवीकोपार्जनको मार्ग विस्तार हुन जान्छ । यी र यस्तै कुराहरुलाई मनन गरेर नेपाल सरकारले विभिन्न कारणले औपचारिक तथा अनौपचारिक शिक्षाको अवसरबाट वञ्चित रहेका १५-६० वर्ष उमेर समूहका सबै व्यक्तिहरुलाई सन् २०१५ सम्ममा साक्षर बनाउने लक्ष्य लिईएको भएपनि त्यो समयमै हासील हुन सकेन ।

राष्ट्रिय जनगणन २०६८ अनुसार दाङमा ५ वर्ष वा सोभन्दा माथिको कूल जनसंख्या ४ लाख ९९ हजार १ सय ९ देखिन्छ रहेको थियो। जसमध्ये ५ वर्ष र सो भन्दामाथिका साक्षर जनसंख्या ३ लाख ५७ हजार ५ सय ६३ रहेको देखिन्छ । यसमध्ये महिलाको जनसंख्या १ लाख ६९ हजार ७ सय ५४ र पुरुषको संख्या १ लाख ८७ हजार ८ सय ९ रहेको देखिन्छ । यसरी आँकलन गर्दा दाङको कूल साक्षर दर ७१.६४ प्रतिशत देखिन्छ जसमा पुरुषको प्रतिशत ८०.३६ र महिलाको प्रतिशत ६३.९६ रहेको देखिन्छ । साक्षर जनसंख्या मध्ये कक्षा १-५ सम्म अध्ययन गरेको जनसंख्या १ लाख ४६ हजार ९२ (पुरुष ७५ हजार ६ सय ८८ महिला ७० हजार ४ सय ४) देखिन्छ भने निम्न माध्यमिक तहसम्म अध्ययन गरेको जनस्ख्या ८० हजार ४ सय ४५ (पुरुष ४० हजार ३ सय ९२ महिला ४० हजार ५३) रहेको देखिन्छ ।

त्यसैगरी कक्षा ९-१० सम्म अध्ययन गरेको जनसंख्या ३९ हजार ५ सय ५९ (पुरुष २१ हजार ८, महिला १८ हजार ४ सय ५३), एसएलसी सम्म अध्ययन गरेको जनसंख्या २९ हजार ९ सय ४९ (पुरुष १६ हजार ७ सय ८५, महिला १३ हजार १ सय ६४), प्रमाणपत्र तह वा सो सरह अध्ययन गरेको जनसंख्या १६ हजार ६ सय ५ (पुरुष ९ हजार ७ सय ७८, महिला ६ हजार ८ सय २५), स्नातक वा सो सरह अध्ययन गरेको जनसंख्या ६ हजार ५ (पुरुष ४ हजार ३ सय १०, महिला १ हजार ६ सय ९५) स्नातकोत्तर वा सोभन्दा माथि अध्ययन गरेको जनसंख्या १ हजार ९ सय ८ (पुरुष १ हजार ४ सय ९४, महिला ४ सय १६) र अनौपचारिक शिक्षा अध्ययन गरेर साक्षर भएकाको जनसंख्या १७ हजार ५ सय ३१ (पुरुष ७ हजार ८ सय ३८, महिला ९ हजार ६ सय ९३) रहेको देखिन्छ ।

## ८.२ लक्ष्य तथा उद्देश्यहरु

**लक्ष्य**

शिक्षाको अवसरबाट वञ्चित, विपन्न, दलित, सिमान्तकृत र महिलावर्गको जनसंख्यालाई सामाजिक, राजनीतिक आर्थिक तथा सास्कृतिक रुपमा सचेत गराई उनीहरुलाई जीवनयापन सहज र गुणस्तरीय बनाउने ।

**उद्देश्य**

- बि.सं.२०२५ भित्र साक्षर नेपाल अभियान मार्फत शान्तिनगर गाउँपालिकालाई पूर्ण साक्षर गाउँपालिका घोषणा गर्ने ।
- युवा तथा प्रौढहरुमा कार्यमूलक साक्षरता तथा आधारभूत साक्षरतासम्बन्धी सक्षमताको विकास गर्ने ।

## ८.३ अवसर तथा चुनौतीहरु

अवसर

- विभिन्न स्वरुप र प्रक्रियामा सञ्चालन हुदै आएको साक्षरता कक्षाबाट निरक्षरहरुलाई आधारभूत साक्षरता सम्बन्धी सीप हासिल गर्ने अवसर प्राप्त भएको छ ।
- साक्षरता कार्यक्रमले निरन्तरता पाएकै कारणले प्रतिवर्ष साक्षरतामा बृद्धि भएको छ ।
- औपचारिक शिक्षा तथा अन्य वैकल्पिक शैक्षिक अवसरबाट वञ्चित रहेको समूह वर्ग तथा समुदायलाई सक्तिकरण गर्ने काम भएको छ ।
- साक्षरतामा बृद्धि भएसंगसंगै आय आर्जन समूह गठन र परिचालनबाट समुदायका महिलाहरुमा वचत गर्ने र वचत रकमबाट समस्या परेका व्यक्तिलाई ऋण दिई सहयोग गर्ने काम भएको छ ।
- साक्षरता सीपको माध्यमबाट विभिन्न कारणले पछि परेका व्यक्ति वर्ग, समूह वा समुदायलाई आफ्नो अधिकार र कर्तव्य प्रति सजग गराउने काम भएको छ ।
- साक्षरता बढ्ने क्रममा समुदायका मानिसहरुको जीवनस्तरमा सुधार आएको छ, समुदायको विकास सम्बन्धी कार्यमा चासो बढेको छ र आय आर्जन सम्वन्धी गतिविधिहरुका पनि विकास भएको छ । यसले सुशासनलाई केही हदसम्म संस्थागत गर्नेतर्फ आधार प्रदान गरेको छ ।

- अनौपचारिक शिक्षा अन्तर्गत स्थापना हुने सामुदायिक अध्ययन केन्द्रहरुको स्थापनाले नवसाक्षर महिला तथा पुरुष प्रौढहरुलाई आफ्नो साक्षरताबाट आर्जित शिक्षालाई निरन्तरता प्रदान गर्नका लागि टेवा प्रदान गरेको छ ।

**चूनौतिहरु**

- प्रसासनिक संरचना परिबर्तन भएका कारण निरक्षरहरुको संख्या एकिन गर्न अप्ठेरो भईरहेको अबस्था छ ।
- स्थानीय तहहरुले अनौपचारिक शिक्षालाई शिक्षाको अभिन्न अंगको रुपमा बुझ्न नसकिरहेको अबस्था छ भने अनौपचारिक शिक्षा स्थानीय सरकारको दायित्व हुदाहुदै पनि स्थानीय सरकारले लगानी नगर्दा समस्या भईरहेको छ ।
- कार्यालयमा विद्यालयस्तरीय शिक्षा सम्बन्धी कार्यक्रमको विस्तार र कार्यबोझले अनौपचारिक शिक्षाका कार्यक्रमहरुको व्यवस्थापन र कार्यान्वयनमा कम प्राथमिकता दिनु ।
- साक्षरतालाई आयआर्जनसँग जोड्न नसकिएको कारण निरक्षर मानिसहरुलाई साक्षरता कार्यक्रम तर्फ आकर्षित गराउन कठीन भएको छ ।
- सामुदायिक अध्ययन केन्द्रलाई यसको स्थापनाको लक्ष्यसंग मिलान हुने गरी सञ्चालन गर्न सकिएको छैन ।

## ८.४ अपेक्षित उपलब्धि

- साक्षरता कार्यक्रम मार्फत १५ वर्ष वा सो भन्दा वढी उमेर समूहका यस गाउँपालिकाका बाँकी रहेका सबै.निरक्षरहरुलाई पूर्ण साक्षर वनाईशान्तिनगर गाउपालिकाको साक्षरता दर सत प्रतिशत पुऱ्याउने ।
- वडा वडामा आय आर्जन समूह गठन गरी युवा तथा प्रौढ महिलाको जीवनयापन गर्न सघाउ पुग्ने ।
- विभिन्न कारणले औपचारिक शिक्षाबाट वञ्चित भएका लक्षित समूहलाई खुला सिकाइद्वारा शिक्षाको अवसर प्राप्त हुने ।
- साक्षरता कार्यक्रम मार्फत यूवा तथा प्रौढहरुमा जीवनोपयोगी सीपको विकासमा सघाउ पुग्ने ।
- औपचारिक शिक्षाको अवसरबाट वञ्चित भएका लक्षित समूहलाई खुला सिकाइ मार्फत शिक्षाको अवसर प्रदान गररे पूर्ण साक्षर गाउँपालिका अभियान सञ्चालन गर्ने ।

## ८.५ रणनीतिक क्रियाकलापहरु

- शान्तिनगर गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको संयोजनमागाउँपालिका तहका अन्य निकायहरु, वडा कार्यालयहरु तथागैर सरकारी संस्थाहरुसमेतवाट संचालन हुने साक्षरता कार्यक्रम समावेश गरी गाउँपालिकाको संयुक्त कार्ययोजना निर्माण गरी काम गरिने छ ।
- गाउँपालिकामा रहेका विभिन्न कार्यालयहरुलाई वडा तथा वस्ती स्तरमा संचालन गर्ने विकास तथा जनचेतनाका अन्य कार्यक्रममा समेत साक्षरता कार्यक्रलाई समेत जोड्न लगाइने छ ।
- प्रत्येक विद्यालयलाई आफ्नो विद्यालयमा अध्ययनरत विद्यार्थी अभिभावक तथा परिवारका सदस्यलाई साक्षर बनाउन जवाफदेही बनाइने छ ।
- समुदायमा आधारित संघ संस्थाहरुका निरक्षर सदस्यहरुलाई पूर्ण साक्षर बनाउनजिम्मेवार बनाइने छ ।
- वडा कार्यालयहरु तथा सामुदायिक अध्ययन केन्द्रबाट माग भई आएका प्रौढ साक्षरता शिक्षा, महिला शिक्षा, वचत तथा ऋण तालिम जस्ता कार्यक्रम उनीहरुकै सक्रियतामा संचालन गरिने छ ।
- साक्षरता कार्यक्रमको प्रभावकारिताको लागि नियमितरुपले अनुगनम तथा निरीक्षणको व्यवस्था मिलाईने छ ।
- साक्षरताको क्षेत्रमा राम्रो काम गर्ने विद्यालय, सामुदायिक अध्ययन केन्द्र, शिक्षक साक्षरता अभियन्ता, नागरिक समाजका अगुवा, समाजसेवी आदिलाई विभिन्न अवसर र प्रकाशनहरु मार्फत पुरस्कृत र प्रोत्साहित गरिने छ ।
- आवश्यकतानुसार कक्षा प्रणाली, समूह प्रणाली तथा व्यक्ति प्रणालीमा साक्षरता कक्षा संचालन गरिने छ ।
- जीवनोपयोगी सीपका तालिम तथा लघु ऋण जस्ता साक्षरोत्तर कार्यक्रमलाई पिछडिएका समूहमा लक्षित गरिनेछ ।
- अद्यावधिक तथ्याङको आधारमा कार्यक्रमको आवश्यकता भएको लक्षित समूहको पहिचान गरी उक्त समूहका लागि उपयुक्त हुने साक्षरोत्तर कार्यक्रमहरु सञ्चालन गर्न पहल गरिने छ ।
- सामुदायिक अध्ययन केन्द्रलाई साक्षरता कक्षा सञ्चालन, आय आर्जन कार्यक्रम, साक्षरोत्तर कक्षा, गरिवी न्यूनिकरण जस्ता कार्यक्रममा सशक्तीकरण गराई दिगो स्वायत्त संस्थाको रुपमा विकास गर्न पहल गरिने छ ।

- साक्षरताको क्षेत्रमा राम्रो काम गर्ने विद्यालय, सामुदायिक अध्ययन केन्द्र, स्वयंसेवक, नागरिक समाजका अगुवा आदिलाई पुरष्कृत र प्रोत्साहित गरिने छ ।
- साक्षरता कक्षाबाट माथी आएकालाई कक्षा ५, ८ र कक्षा १० कक्षाको परिक्षामा स्वअध्ययनका माध्यमबाट समावेश हुने अवसर प्रदान गरिने छ ।

## ८.६ अनुमानित लागत

साक्षर नेपाल अभियान मार्फत पूर्ण साक्षरता कक्षा तथा जीवनपर्यन्त कार्यक्रम संचालनका लागि यस शान्तिनगर गाउँपालिकामा ५ बर्षको अबधीमा गर्ने क्रियाकलाप तथा अनुमानित बजेट लक्ष परिच्छेद १३ तथा अनुसुची ८ मा बिस्तृत रुपमा दिईएको छ ।

## ८.७ कार्यान्वयन व्यवस्था

पूर्ण साक्षरता र जीवनपर्यन्त सिकाइलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि शान्तिनगर गाउँपालिकाले वडा कार्यालयहरु आफ्नो क्षेत्रमा काम गरिरहेका गैर सरकारी संघ संस्थाहरु टोल तथा बस्तीहरुको परिचालन गर्ने छ । निरक्षरहरुलाई पूर्ण साक्षर बनाउनका लागि यस शान्तिनगर गाउपालिकामा काम गरिरहेका निजामती कर्मचारी, प्रहरी, शिक्षक र विद्यार्थीहरुलाई समेत परिचालन गर्ने छ । उनीहरुले विशेषगरी आफनो घरपरिवारका निरक्षर सदस्यहरुलाई पूर्ण साक्षर बनाउने काममा उल्लेख्य भूमिका निर्वाह गर्नेछन् ।

**८.७.१** योजना अबधी २०७८/७९-२०८२/८३ सम्ममा समस्या समाधानमा गरिने क्रियाकलाप कार्यान्वयन तालिका

| क.सं. | | क्रियाकललाप (के) | प्रकृया (कसरी) | जिम्मेबारी (को/कस्को) |
|---|---|---|---|---|
| १ | सामुदायिक सिकाई केन्द्र स्थापनाका लागि नक्साङकन नहुनु । | नक्साङकनका आधारमा आबश्यक स्थानमा सामुदायिक अध्ययन केन्द्रको स्थापना | शिक्षा शाखाले वडा कार्यालयको सहयोग लिएर एक वडामा एक भन्दा बढी नहुने गरी सामुदायिक अध्ययन केन्द्र स्थापना गर्ने । | शिक्षा शाखा वडा कार्यालय |
| २ | नीरक्षरहरुको तथ्याङ्क नहुनु । | निरक्षरहरुको नामावली संकलन तथा अध्याबधिक | शिक्षा शाखाले उपलब्ध गराएका फारमहरुको आधारमा गणकहरु परिचालन गरी निरक्षरहरुको तथ्याङक संकलन गरिने छ । | सामुदायिक सिकाई केन्द्र बिद्यालय टोल बिकास संस्था वडा कार्यालय शिक्षा शाखा |
| ३ | साक्षरता कक्षा सञ्चालन नहुनु । | साक्षरता कक्षाका लागि कोटा निर्धारण एवं कक्षा सञ्चालन | निरक्षरको संख्याको प्रकृतिका आधारमा शिक्षा शाखाले वडा कार्यालय तथा टोलहरुको समन्वयमा कोटा निर्धारण गर्नेछ । | सामुदायिक सिकाई केन्द्र बिद्यालय टोल बिकास संस्था वडा कार्यालय शिक्षा महाशाखा |
| ४ | सरस्फाई सिप तथा तालिम नहुनु । | साक्षरता कक्षामा सरसफाई र सीप सिकाई सम्वन्धी तालिम सञ्चालन | शिक्षा शाखाले सम्वन्धित बिज्ञ निकायको सहयोग/समन्वयमा सरसफाई तथा सिप बिकास सम्वन्धी तालिमका प्याकेजहरु सञ्चालन गर्ने । | शिक्षा शाखा गाउँपालिका वडा कार्यालय तालिम संग सम्वन्धित निकाय |
| ५ | महिला शिक्षा तथा साक्षरोत्तर कक्षा सञ्चालन नहुनु । | महिला शिक्षा र साक्षरोत्तर कार्यक्रम सञ्चालन | ३ महिने साक्षरता कक्षामा सहभागी भएका महिलाहरुलाई तोकिएको सामुदायिक अध्ययनकेन्द्रको सहयोगमा साक्षरोत्तर कार्यक्रम सञ्चालन गर्ने । | गाउँपालिका वडा कार्यालय गैससहरु |

| | | | | |
|---|---|---|---|---|
| ६ | साक्षर महिलाहरुको आयआर्जन समुहहरु नहुनु । | महिला आयआर्जन समुह गठन र सञ्चालन | सामुदायिक अध्ययन केन्द्र मार्फत महिला साक्षरता कक्षामा समाबेश भएका महिलाहरुका लागि बिउपुजी रकम प्रदान गरेर आयआर्जन समुह गठन तथा सञ्चालन गर्ने । | गाउँपालिका शिक्षा, शाखा सामुदायिक अध्ययन केन्द्र वडा कार्यालय |
| ७ | गृहिणाी बिद्यालय नहुनु । | गृहिणी बिद्यालय सञ्चालन | शिक्षा शाखाको प्राबिधिक सहयोगमा नव साक्षर महिलाहरुलाई गृहिणी बिद्यालय सञ्चालन गर्ने । | गाउँपालिका, शिक्षा शाखा वडा कार्यालय |
| ८ | खुला सिकाईको व्यबस्था नहुनु । | खुल्ला सिकाईको व्यबस्था | शिक्षा शाखाले मन्त्रालय तथा शिक्षा बिभागको सहयोगमा आवश्यकताका आधारमा बिद्यालय छनौट गरी खुल्ला सिकाईको व्यबस्थापन गर्ने । | शिक्षा शाखा वडा कार्यालय सामुदायिक सिकाई केन्द्र |
| ९ | सचेतना तथा पूर्ण साक्षर अभियान सञ्चालन नहुनु । | सचेतना र साक्षर अभियान सञ्चालन | शिक्षा शाखाले तय गर्ने योजनामा हरेक घरमा भएका निरक्षरलाई साक्षर बनाउनका लागि शिक्षक कर्मचारी प्रहरी सेना शिक्षक बिद्यार्थी परिचालन गर्ने । | घरमुली, शिक्षक कर्मचारी, बिद्यार्थी, सेना प्रहरी सबै । |
| १० | पूर्ण साक्षर अभियानका सूचकरु नहुनु अभियान सञ्चालन नहुनु । | शान्तिनगर गाउँपालिका पूर्ण साक्षर अभियान सञ्चालन | शिक्षा शाखाले गाउँपालिकालाई तोकिएको मापदण्डका आधारमा पूर्ण साक्षर शान्तिनगर गाउँपालिका घोषणाका लागि अभियान सञ्चालन गर्ने | गाउँपालिका शिक्षा शाखा वडा कार्यालयहरु |

# परिच्छेद : नौ

# बिद्यार्थी तथा शिक्षकको क्षमता तथा पेशागत विकास

# (Students and Teachers' Capacity and Professional Development)

## ९.१ परिचय

शिक्षा सबैका लागिका साथै शिक्षा गुणस्तरीय पनि हुनुपर्छ भन्ने मान्यता सर्वत्र स्थापित भएको छ । विश्व एउटै गाउँको अवधारणा आइरहेको वर्तमान अवस्थामा विश्वबजारको प्रतिस्पर्धाका लागि पनि गुणस्तरीय शिक्षा अपरिहार्य भएको छ। शिक्षकको क्षमतामा अभिवृद्धि गर्न तथा शिक्षकहरुलाई परिवर्तित सन्दर्भ अद्यावधिक बनाई राख्नका लागि शिक्षकको पेशागत विकास निरन्तररुपमा भईरहन आवश्यक पर्दछ ।

शिक्षामा गुणस्तर भएमा सबै पक्षमा गुणस्तर आउन सक्छ भन्ने अवधारणा अनुरुप शैक्षिक गुणस्तरका लागि तालिम परम्परादेखि जोडिदै आईरहेको पाईन्छ । यसरी शिक्षक तालिम धार्मिक र सांस्कृतिक सन्दर्भसँग जोडिदै आईरहेको पाईन्छ। नेपालको सन्दर्भलाई हेर्ने हो भने शैक्षिक गुणस्तरका तालिमको शुरुवात सन् १९४८ तिर भएको पाईन्छ। त्यसवेला कक्षा ५ पास गरेका व्यक्तिहरुलाई तालिम दिईन्थ्यो । १९४९ मा सुरुमा नेपालमा शिक्षक तालिम तथा अध्ययन संस्थाको नाममा स्थापना भएपनि सुचारु रुपमा सञ्चालन हुन नसकेका कारण सन १९५३ मै अवरुद्ध भई अमेरिकी सरकारको सहयोगमा सन १९५४ मा **College of Education** को स्थापना भयो । जसको मुख्य उदेश्य शिक्षक हुनाका लागि योग्य तथा तालिम प्राप्त जनशक्ति उत्पादन गर्नं थियो । यसरी नेपालको शैक्षिक इतिहासलाई अध्ययन गर्दा नेपालमा सरकारका तर्फबाट शिक्षकलाई तालिम प्रदान गर्ने प्रयास वि.सं. २००४ सालबाट शुरुवात भएको पाईन्छ । सन् १९७१ सम्म नर्मल तालिम र पछि गएर प्राथमिक शिक्षक तालिम केन्द्रका रुपमा विकसित गरी शिक्षक उत्पादन गरियो । **College of Education** र शिक्षा तालिम केन्द्र पछि गएर शिक्षा सङ्कायमा गाभिएको पाईन्छ ।

नेपाल राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ बाट शिक्षण पेशाका लागि प्राज्ञिक योग्यता निधारण गरी थप १० महिने पेशागत योग्यता अनिवार्य गरियो । सन १९८० देखि सुरु भएको सेती परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाका छोटा अवधिका शिक्षक तालिम तथा रेडियो शिक्षा शिक्षक तालिम, विज्ञान शिक्षा परियोजना लगायतका कार्यक्रमहरु अन्तर्गत साढे दुई महिने देखी १० महिना अबधीका तालिम सञ्चालन गरियो । सबैका लागि शिगाको राष्ट्रिय कार्ययोजना (२००१ देखि २०१५) अनुसार शिक्षक शिक्षण आयोजना र माध्यमिक शिक्षा सहयोग कार्यक्रमले नेपाल भरिका प्राथमिकदेखि माध्यमिक तहसम्मका शिक्षकहरुका लागि १० महिने शिक्षक तालिम सञ्चालन गरि आयोजनाको अन्तर्गत सन २००९ सम्म शिक्षक दरबन्दीमा कार्यरत ९८ प्रतिशत शिक्षकहरुले तालिम पूरा गरेको पाईन्छ ।

प्राथमिक शिक्षा परियोजना अन्तरगतको १५० र १८० घण्टे शिक्षक तालिम हुदै आधारभूत तथा प्राथमिक शिक्षा परियोजना र सबैका लागि शिक्षा कार्यक्रमबाट प्रदान गरिएको ३३० घण्टे सहितको १० महिने सेवाकालिन तालिम र निम्नमाध्यमिक तथा माध्यमिक तहका लागि सक्षमतामा आधारित १० महिने शिक्षक तालिम प्राप्त अवसर अन्य जिल्लाका शिक्षकहरुले जस्तै दाङ जिल्लाका सबै जसो स्थानीय तहहरु (साबिकका नपा गाबिसका) शिक्षकहरुले प्राप्त गरेका थिए । जुन अबसर स्थानीय तहहरु भईसकेपछि पाउन मुस्किल भईरहेको अवस्था छ ।

हाल आएर विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत शिक्षक तालिमको सङ्कुचित अर्थमा मात्र सीमित नराखी तालिमलाई निरन्तर रुपमा चलिरहने कार्यको रुपमा लिई शिक्षकको पेशागत विकासको रुपमा अघि सारिएको छ । विद्यालय क्षेत्र सुधार योजनाले शिक्षकको तयारी तथा विकासलाई उच्च प्राथमिकतामा राखेको छ । शिक्षकहरुको गुणस्तरीयता तथा सक्षमतामा नै गुणस्तर निर्भर हुने भएकोले शिक्षकहरुको न्यूनतम योग्यताको स्तरवृद्धि गर्न तथा निरन्तर पेशागत विकास गर्न विभिन्न अनिवार्य तालिम तथा पुनर्ताजगी तालिमको प्रावधान राखेको छ । साथसाथै प्रधानाध्यापकहरुको कुशल नेतृत्वको क्षमता विकासका लागि प्र.अ. नेतृत्व क्षमता विकास तालिम समेतको प्रावधान राखिएको छ । बिगतमा संघीय पुनसंरचना हुनु अघि शिक्षक तालिम केन्द्र मार्फत टिपीडि लगायत प्रधानाध्यापकको क्षमता बिकास तालिम हुने गरेपनि संघीय पुर्नसंरचना पश्चात स्थानीय तहहरु भईसकेपछि शिक्षकहरुले तालिम पाउने क्रम घट्दो अबस्थामा छ  भन्ने भनाई शिक्षकहरुको रहेको छ ।शिक्षकको पेशागत बिकासको सन्दर्भमा बिगतको अभ्यासलाई मध्यनजर गर्दा निम्न निष्कर्षमा पुग्न सकिन्छ ।

- विगतका तालिममा सिकेका सीप र क्षमतालाई शिक्षकहरुवाट २० देखी ४० प्रतिशतका दरले मात्र कक्षाकोठामा प्रयोग भएकोले सिकेको शिपको प्रयोगमा जोड दिनका लागि शिक्षकको पेशागत विकास कार्यक्रम आवश्यक देखिन्छ ।
- शिक्षक तालिमलाई केन्द्रिकृतवाट विकेन्द्रित बनाई पालिका, नगर तथा उपमहानगर अनुरुपको कार्यक्रम बनाउन आवश्यक देखिन्छ ।
- विगतका तालिमहरुले शिक्षक सिकाइका चार चरणहरु विद्याथी छंदाको सिकाइ, पूर्व सेवाकालिन शिक्षक तयारी, सेवा प्रवेश अभिमुखिकरण र निरन्तर पेशागत विकास, मध्ये ३ वटा पुरा गरेकोले अब स्वाभाविकरुपमा चौथो चरणमा पेशागत विकास प्राथमिकतामा पर्दछ ।
- शिक्षक तालिमले शिक्षकहरुलाई मनोसामाजिक परामर्शमा आधारित भएर पेशाप्रति सकारात्मक र समर्पणभावको विकास गर्ने गरी क्षमताको विकास गर्नँ पर्ने देखिन्छ ।
- विगतका तालिमको निम्न लिखित उपलब्धि भएकाले शिक्षकको पेशागत विकास आवश्यक देखिएको छ । क) स्वःनिर्देशित । ख) ज्ञानको स्वयमबाट रचना गर्न । ग) आफ्नो मानक आफै तयार गर्न ।

घ) स्थानीय सरकारको स्थानीय स्तरमा समाधानका लागि अभ्यास गर्न । र ङ) शिक्षण सिकाइ क्रियाकलापमा आइपर्ने तत्कालिन समस्यालाई सामाधान गर्न सक्ने खालको हुनु अपरिहार्य भएको छ ।

## ९.२ लक्ष्य र उद्देश्य

शान्तिनगर गाउँपालिकाले आगामी ५ वर्षको लागि शिक्षकको पेशागत विकासका लागि निम्न लिखित लक्ष्य तथा उद्देश्य निर्धारण गरिएको छ ।

**लक्ष्य**

- गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि शिक्षण प्रकृयामा प्रभावकारी रुपमा सघाउ पुर्‍याउन शान्तिनगर गाउँपालिकाका सबै शिक्षकहरुमा ज्ञान, सीप र अभिवृद्धिको सुनिश्चित गर्ने ।

**उद्देश्य**

- विद्यार्थीहरुको सिकाईमा प्रभावकारी सुधार गरी गुणस्तरीय शिक्षा प्रदान गर्न सबै शिक्षकको योग्यता तथा पेशागत दक्षता अभिवृद्धि गर्ने ।
- शिक्षण सिकाइ क्रियाकलापलाई विद्यार्थी केन्द्रित र अनुसन्धानमा आधारित गराई विद्यालयलाई बालमैत्री बनाउने गरी शिक्षकहरुका क्षमता र अभिवृत्तिको विकास गर्ने ।
- शिक्षण सिकाइमा विभिन्न विधि र सामग्रीहरुको प्रयोग गरीक्रियाकलापहरु रोचक र प्रभावकारी बनाउनका लागि शिक्षकहरुमा आवश्यक पर्ने क्षमता र सीपको विकास गर्ने ।
- विद्यालयको व्यवस्थापनलाई कुशल बनाउन सम्पूर्ण प्रधानाध्यापकहरुलाई नेतृत्व क्षमता विकासतालिम दिई व्यवस्थापकीय क्षमता सुनिश्चित गर्ने ।

## ९.३ अवसर र चूनौतिहरु

विकासको महत्वपूर्ण आधार गुणस्तरीय शिक्षा भएकोले गुणस्तरीय शिक्षा प्रदान गर्नँ ठूलो चुनौतिको विषय बनेको छ। प्राथमिक तथा आधारभुत तहमा गुणस्तरीय शिक्षा प्रदान गर्नको लागि आवश्यक जनशक्तिको उपलब्धता एउटा महत्वपूर्ण चुनौति बन्न सक्छ। विविध समस्याहरुको विचमा शिक्षक पेशागत विकास, र पेशागत क्षमतामा अभिवृद्धि ल्याउन सकिएमा चुनौति सामना गर्न सकिने अबसरको रुपमा लिन सकिन्छ ।

## अवसरहरु

- पूर्व सेवाकालीन र सेवाकालीन शिक्षक तालिम लिईसकेका र तालिम लिन नसकेका शिक्षकहरुलाई समेत दक्षता अभिवृद्धि गर्नका लागि स्थानीय सरकारहरुले आफै योजना निर्माण गरेर अघि बढ्न सक्ने अवसरको प्रयाप्त उपयोग गर्न सकिन्छ ।
- शिक्षण सिकाईको क्रममा शिक्षकहरुलाई आईपरेका कक्षाकोठा भित्रका वास्तविक समस्याहरुको समाधान लागि मागमा आधारित छोटो समयावधिमा शैक्षिक समस्या समाधान गर्न सकिने विभिन्न मोड्युत तालिमको व्यवस्था लाई सहजै कार्यन्वयनमा ल्याउन सकिन्छ । ।
- शिक्षकहरुको क्षमता अभिवृद्धि गर्नका लागि स्थानीयस्तरमा समस्याको सङ्कलन र त्यसकै आधार तालिम मोडेल तयार गरी स्थानीयस्तरमै समाधान गर्न सकिने प्रावधान राखिएको छ । शिक्षकको पेशागत विकासमा कार्यक्षेत्रमा आधारित कार्यमूलक सीपको विकास हुनुका साथै पेशागत विकारण समुदाय र विद्यालय व्यवस्थापन समितिको संलग्नता र साझेदारीले उपयुक्त वातावरणको सिर्जना भईसकेको अबस्थ छ ।

## चुनौतिहरू

- स्थानीयस्तरमा मागको आधारमा हरेक शिक्षकका पेशागत आवश्यकतालाई सम्बोधन गर्ने तालिम प्याकंजको निर्माण गर्न सक्ने जनशक्ति स्थानीयस्तरमा उपलब्ध हुन नसक्ने चूनौतिछ ।
- शिक्षकबाट आउने गरेका समस्याहरु शिक्षण सिकाइ क्रियाकलापमा आधारित विषयगत समस्या भन्दा व्यवस्थापकीय तथा अन्य पक्षमा वढि केन्द्रित रहने गरेका छन् जसले शिक्षकका वास्तविक समस्या समाधान हुन कठिन हुने अबस्था छ ।
- शिक्षक स्वयंमा मोटिभेसन नहुदा पाएको सिप समेत व्यबहारमा प्रयोग नभईरहेको अबस्थ छ ।
- शिक्षकलाई सहयोग गर्ने प्रावधानका साथै निरन्तर पेशागत विकासको लागि सहयोग गर्ने अवसर प्रदान गर्नं चनौतिपूर्ण छ ।
- शिक्षकहरुमा तालिम र तालिमको प्रयोगमा सकारात्मक सोचको विकास गर्न कठिन महसुस गरिएको छ ।
- प्रधानाध्यापकहरुलाई नेतृत्व क्षमता विकास तथा कार्यालय व्यबस्थापन तालिमको जरुरी छ भने शिक्षकका संघ संगठनहरुबाट अनुचित दबाव झेल्नु परिरहेको बाध्यात्मक अबस्थाले बाधा सृजना गरिरहेको छ ।
- शिक्षकहरुमा शिक्षण सम्बन्धी पर्याप्त ज्ञान र सीप भए तापनि पेशाप्रतिको सकारात्मक सोच र समर्पणभावको अभावका कारण कक्षाकोठामा त्यस्ता सीपहरुको प्रयोग हुन नसकेको स्थिति छ ।

## ९.४ अपेक्षित उपलब्धिहरु

आगामी ५ वर्षमा शान्तिनगर गाउँपालिकामा समग्र शिक्षा क्षेत्रको विकास योजनाबद्ध ढंङ्गले गर्नका लागि गाउँपालिका शिक्षा योजना २०७८/०७९-२०८२/०८३ निर्माण भएबाट गाउँपालिकाको पेशागत बिकासमा निम्न लिखित उपलब्धिका अपेक्षा गरिएको छ ।

- शान्तिनगर गाउपालिका शिक्षक तालिमका लागि बिषयगत शिक्षक प्रशिक्षक रोष्टर तयार भएको हुनेछ । उनीहरुले हरेक बर्ष बिषयगत तालिम सञ्चालन गरेका हुनेछन ।
- शान्तिनगर गाउँपालिकाका शाखाका अधिकृतहरु तथा बिषयगत शिक्षकहरुले शिक्षक तालिम प्रदान गर्नका लागि प्रशिक्षक प्रशिक्षण तालिम लिईसकेका हुनेछन ।
- आगामी ५ वर्ष भित्र यस गाउपालिकामा कार्यरत शिक्षकहरुले शिक्षकको पेशागत विकासको १५ दिने शिक्षक तालिम लिई सकेका हुनेछन ।
- आगामी ५ वर्षभित्र यस गाउँपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयमा कार्यरत प्रधानाध्यापकहरुले एक हप्ते प्र.अ नेतृत्व क्षमता विकास तालिम लिई विद्यालयको प्रभावकारी व्यवस्थापन गरिसकेका हुनेछन ।
- पाँच वर्ष भित्रमा हरेक विद्यालयका कम्तिमा ५० प्रतिसत शिक्षकहरुलाई बालमैत्री शिक्षक तालिम, सम्मानका साथ शिक्षण सिकाइ तालिम, सक्रिय शिक्षण सिकाइ तालिम, शान्ति शिक्षा र मानव अधिकार शिक्षा सम्बन्धी शिक्षक तालिम दिई हरेक विद्यालयहरु बालमैत्री वातावरणमा कक्षा सञ्चालन भइसकेको हुनेछ ।
- शिक्षकहरुको निरन्तर पेशागत विकासका लागि शिक्षक सहयोग संयन्त्र **TSM** निर्माण भई सो संयत्रले शिक्षकहरुलाई नियमित सहयोग गरिरहेको हुनेछ ।
- हाल शिक्षकले गरिरहको पठनपाठन कार्य मात्र नगरी पठनपाठन र विद्यार्थीमा देखापर्ने वा आईपर्ने विभिन्न समस्याहरुको पहिचान गरी समाधानका लागि शिक्षकहरु कार्य गर्न सक्षम भएका हुनेछन ।
- शिक्षकहरुले योजनाका आधारमा आफ्ना समस्या समाधान गर्न **TIP** तयार गरी सुधारका लागि कार्य सञ्चालन गर्ने परिपाटीको सुरुवात गर्नेछन ।

## ९.५ रणनीतिक क्रियाकलापहरु

शान्तिनगर गाउँपालिकाको समग्र शैक्षिक विकासको लागि महत्वपूर्ण आधारको रुपमा रहेको शिक्षकको दक्षतालाई अभिबृद्धि गर्नका लागि शिक्षक पेशागत विकास कार्यक्रमलाई प्रभावकारीरुपमा सञ्चालन गर्न आवश्यक देखिन्छ । तसर्थ शिक्षकको पेशागत विकास सुनिश्चित गर्न निम्नलिखित रणनीतिक क्रियाकलापहरु अवलम्बन गर्नुपर्ने देखिन्छ ।

- **मागमा आधारित अल्पकालिन अवधिको शिक्षकको पेशागत विकास तालिम:**शिक्षा शाखाले संघ तथा प्रदेश सरकार तथा गैससहरुको सहयोगमा धेरै भन्दा धेरै आधारभुतरमाध्यमिक तहका शिक्षकहरुका लागि शैक्षिक आबश्यकताका आधारमा अल्पकालिन अबधिका तालिम प्रदान गर्नेछ ।

- **प्रधानाध्यापकहरुका लागि एक हप्ते नेतृत्व क्षमता विकास तथा कार्यालय सञ्चालन/व्यबस्थापन सम्वन्धी तालिम:**गाउँपालिका शिक्षा शाखाले आफ्नै श्रोत तथा सहयोगी निकायको सहयोगमा ५ बर्षको अबधीमा कस्तीमा १०० जना शिक्षकहरुलाई नेतृत्व बिकास तथा कार्यालय सञ्चालन व्यबस्थापन सम्वन्धि तालिम सञ्चालन गर्नेछ ।

- **अनुगमन तथा शिक्षकहरुका लागि तालिम पश्चात सहयोग:** तालिम कार्यान्वयनमा प्रभावकारिता ल्याउन लागि तथा शिक्षकको प्रयोगात्मक सीप विकास गराउनका लागि तालिम अवधिभरमा विद्यालयमै शैक्षिक परामर्श, स्रोत शिक्षक, प्रशिक्षक तथा रोष्टर प्रशिक्षकबाट उपलब्ध गराई शिक्षकको क्षमता अभिवृद्धि गराईनेछ । तालिम पश्चात रोष्टर प्रशिक्षक, प्रधानाध्यापक, विषय विज्ञहरुको संलग्नतामा शिक्षक सहायता संयन्त्र निर्माण गरी शिक्षकहरुलाई विद्यालयमै शिक्षण सिकाइमा सुधारका लागि सहयोग उपलब्ध गराईने छ ।

- **नवनियुक्त शिक्षकहरुका लागि कार्य अनुभव तालिम:** शिक्षक पदमा नव प्रवेशी शिक्षकहरुको संख्या धेरै हुने देखिएमा आबश्यकताका आधारमा सामान्यतया७ दिनसम्मको कार्य अनुभव तालिम दिईनेछ। यस तालिममा विद्यालयका प्रधानाध्यापक र तालिम प्राप्त शिक्षकहरुलाई परिचालन गर्ने नीति लिईनेछ।

- **आबश्यकतामा आधारित तालिमका क्षमता विकासप्याकेज क्रियाकलाप:गाउँपालिकाका शिक्षकहरुसंग गरिने छलफलबाट निस्कने निश्कर्षका आधारमा** शिक्षकहरुलाई आबश्यकतामा आधारित क्षमता बिकास तालिम प्याकेज सञ्चालन गरिने छ । ५ बर्षको अबधीमा कम्तीमा १०० जना शिक्षकलाई यो अबसरमा समेटिने छ ।

- **कार्यमूलक अनुसन्धानलाई प्राथमिकता:** शिक्षकहरुलाई आफूले गरिरहेको शिक्षण सिकाइ क्रियाकलापमा निरन्तर सुधार गर्दै लैजानका लागि कार्यमूलक अनुसन्धान गर्ने कार्यलाई प्राथमिकता दिइने छ। यस कार्यका लागि मुल्याङ्कनमा आधारित पुरस्कार प्रणाली लागु गरी अनुसन्धानात्मक कार्यका लागि निश्चित अनुदानको समेत व्यबस्था गरिने छ।

- **नवप्रवर्तनात्मक कार्य गर्नका लागि प्रोत्साहन:** शिक्षकहरुलाई कक्षा कोठा लगायत पेशागत जीवनमा विभिन्न नवीनतम कार्य गर्नका लागि प्रोत्साहित गरिने छ । यसका लागि सृजनात्मक क्षमता प्रदर्शन तथा लागत सहयोग प्रोत्साहन कार्यक्रमका लागि बजेट सुनिश्चित गरिने छ ।

- **शैक्षिक योग्यता अभिवृद्धि कार्यक्रम** :अध्यापनरत शिक्षकले शैक्षिक योग्यता बढाउन भन्नका लागि पठन पाठनमा बाधा नपर्ने गरी शिक्षकलाई छात्रबृत्तिको समेत व्यबस्था गरिने छ ।

## ९.६ अनुमानित खर्च

शिक्षकको पेशागत विकास गरी शिक्षण सिकाइ क्रियाकलापमा प्रभावकारी सुधार ल्याई गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि शिक्षक पेशातगत विकास कार्यक्रमलाई कार्यान्वयन गर्न ५ वर्षे योजना अवधि २०७८/७९ देखि २०८२/०८३सम्ममा गरिने क्रियाकलाप तथा अनुमानित बजेट लक्ष परिच्छेद १३ अनुसूची ९ मा मा उल्लेख गरिएको छ ।

## ९.७ कार्यान्वयन व्यवस्था

शिक्षाशास्त्र अध्ययन संस्थानले शिक्षक शिक्षण आयोजनाबाट विकास गरिएको शैक्षिक योग्यता अभिवृद्धि कार्यक्रम तथा शिक्षक तयारी कोर्षलाई नेपाल सरकार शिक्षा मन्त्रालय विद्यालय क्षेत्र सुधार कार्यक्रमको नीतिमा भए अनुरुप यस शान्तिनगर गाउँपालिकामा कार्यरत शिक्षकहरुको शैक्षिक योग्यता बढाउने कार्यमा निरन्तरता दिईनेछ । उक्त कोर्षमा सहभागी हुनका लागि शिक्षकहरुलाई उत्साहित गरिनेछ तर सहभागी हुने सम्वन्धमा भने शिक्षकहरु स्वयः नै उत्तरदायी हुनेछन । गाउपालिका शिक्षा शाखाले मौजुदा शैक्षिक तालिम केन्द्र दाड र शिक्षक तालिमका लागि सहयोग गर्ने निकायहरुसंग समन्वय गरी आबश्यक प्रबन्ध मिलाउने छ ।

**९.८ कार्यान्वयन तालिका** योजना अबधी २०७८/७९ देखी २०८२/८३ सम्ममा गरिने क्रियाकलाप कार्यान्वयन तालिका

| क्र.सं. | समस्याहरु (के) | समाधानका त्रियाकलापहरु (के) | प्रकृया (कसरी) | जिम्मेबारी (को/कस्को) |
|---|---|---|---|---|
| १ | शिक्षक तालिमको अभाव | मागमा आधारित अल्पकालिन कोर्षको कार्यन्वयन | शिक्षकहरुको मागका आधारमा शिक्षा महाशाखाले श्रोत सुनिश्चित गरी बिभाग तथा शैक्षिक तालिम केन्द्र आदीसंग समन्वय गरी कोर्ष कार्यन्वयनमा ल्याउने । | गाउँपालिका शिक्षा शाखा बिद्यालय |
| २ | प्रधानाध्यापकहरुलाई नेतृत्व बिकास तथा कार्यलय व्यबस्थापन तालिमको अभाव | प्रधानाध्यापक नेतृत्व बिकास तथा कार्यालय व्यबस्थापन तालिम । | बिद्यालय बिकास योजनाका आधारमा प्रअ हरुलाई फेस टु फेस र नेतृत्व बिकास तालिम प्रदान गर्ने । | गाउँपालिका शिक्षा शाखा बिद्यालयहरु शिक्षकहरु |
| ३ | शिक्षकहरुमा नब प्रबर्तनत्मक कार्यहरु नहुनु | नव प्रबर्तनात्मक कार्य गर्नका लागि प्रोत्साहन | शिक्षा बिभाग, प्रदेश सरकार तथा गाउँपालिकाको सहयोगमा शिक्षकहरुलाई शिक्षा शाखाले नबप्रबर्तनत्मक कार्यका लागि प्रोत्साहन गर्ने । | शिक्षा विभाग प्रदेश सरकार गाउँपालिका |
| ४ | शिक्षकहरुलाई कार्यमुलक अनुसन्धानको व्यबस्था नहुनु । | कार्यमुलक अनुसन्धान सञ्चालन अनुदान | शिक्षा बिभाग, प्रदेश सरकार तथा गाउँपालिका को सहयोगमा शिक्षकहरुलाई कार्यमुलक अनुसन्धानमा लगाउने । | शिक्षा विभाग प्रदेश सरकार गाउँपालिका |
| ५ | प्र.अ., कर्मचारी तथा शिक्षकहरुलाई क्षमता बिकासका तालिम नहुनु । | क्षमता बिकासका बिभिन्न प्याकेजका तालिम सञ्चालन गर्ने । | शिक्षा शाखाले शिक्षकहरुका आबश्यकतामा आधारित क्षमता बिकासका प्याकेजहरु त्यार गरी सञ्चालन गर्ने । | शिक्षा विभाग प्रदेश सरकार गाउँपालिका |

| | | | | |
|---|---|---|---|---|
| ६ | टी आई पी निर्माण कार्य नहुनु | टिआईपी निर्माण र कार्यन्वयन | हरेक शिक्षकले आफुले पढाउने बिषयको टी आई पी निर्माण गरी कार्यन्वयन गर्ने । | शिक्षा शाखा<br>शैक्षिक तालिम केन्द्र । |
| ७ | सामुदायिक बिद्यालयका प्राथमिक तहमा अंग्रेजी माध्यमबाट पढाउने व्यबस्था नहुनु । | आधारभुत तह कक्षा १-५ मा अंग्रेजी माध्यममा पढाउने शिक्षकका लागि अंग्रेजी सहयोग कार्यक्रम | शिक्षा शाखाले आधारभुत तह कक्षा १-५ मा अंग्रेजी माध्यममा पढाई हुने बिद्यालयका शिक्षहरुका लागि अंग्रेजी भाषा शिक्षण तालिम सहयोग कार्यक्रम सञ्चालन गर्ने । | गाउँपालिका<br>शिक्षा शाखा<br>श्रोत शिक्षक<br>बिद्यालय<br>वडा कार्यालय |
| ८ | प्र.अ.लगायतका शिक्षहरुलाई मनोसामाजिक परामर्श तालिम नहुनु । | प्रधानाध्यापक लगायत शिक्षकहरुका लागि मनोसामाजिक परामर्श तालिम | एक शैक्षिक बर्षमा कम्तीमा १ पटक गाउँपालिका् भित्रका शिक्षकहरुका लागि छोटो अबधीको मनोसामाजिक परामर्शमा आधारित तालिम प्रदान गर्ने | गाउँपालिका<br>शिक्षा शाखा<br>बिद्यालय<br>वडा कार्यालय |
| ९ | सहयोगी कार्यकर्ताहरुलाई सीकाई सामग्री निर्माण शिप नहुनु | सकाहरुका लागि सिकाई सिप कार्यशाला सञ्चालन । | शिक्षा शाखाले समन्वय गरी बाल बिकास केन्द्रमा अध्यापन गर्ने सहयोगी कार्यकर्ताहरुका लागि आधारभुत, रिफ्रेसर तथा मन्टेश्वरी तथा सिकाई सीप कार्यशाला तालिम सञ्चालन गर्ने । | गाउँपालिका<br>शिक्षा शाखा<br>बिद्यालय<br>वडा कार्यालय |
| १० | शिक्षकहरुलाई योग्यता बृद्धि छात्रबृत्तिको व्यबस्था नहुनु । | शिक्षकको योग्यता बृद्धि (एमफिल, पीएचडी) अध्ययनका लागि छात्रबृत्ति अनुदान | शिक्षकको योग्यता अभिबृद्धिका लागि बिद्यार्थीको पठनपाठनमा बाधा नपुग्ने गरी शिक्षकलाई योग्यता बृद्धिका लागि छात्रबृत्ति अनुदान उपलव्ध गराउने । | गाउँपालिका<br>शिक्षा शाखा<br>बिद्यालय |
| ११ | शिक्षा शाखा तथा माबि तहका शिक्षकलाई श्रोत शिक्षक TOTनहुनु । | श्रोत शिक्षकहरु तथा शिक्षा शाखाका अधिकृतहरुका लागि TOT तालिम | शिक्षा बिभाग तथा प्रदेश शिक्षा तथा सामाजिक बिकास मन्त्रालयका सहयोगमा शिक्षकहरुका लागि TOT तालिम सञ्चालन गर्ने । | शिक्षा बिभाग<br>प्रदेश शिक्षा तथा सामाजिक बिकास मन्त्रालय |

# परिच्छेद : दश
# संस्थागत विद्यालयहरुको व्यबस्थापन
# (Management of Institutional Schools )

## १०.१ परिचय

शिक्षाका विभिन्न संरचनाहरूमध्ये संस्थागत विद्यालय पनि एउटा संरचनाको रुपमा स्थापित भएको छ । अहिले शहरी क्षेत्रमा कुल बिद्यार्थी संख्याको ५० देखी ६० प्रतिशत र ग्रामीण क्षेत्रमा २० देखी ४० प्रतिशत बिद्यार्थीको भार संस्थागत बिद्यालयले व्यहोरिरहेको अबस्गा छ। नेपालमा पञ्चायति व्यवस्थाको अन्त्य पश्चात संस्थागत विद्यालयहरुको बिकास तिव्र गतिमा भएको हो । समयक्रम बढ्दै जाँदा र आम नेपालीहरुको अंग्रेजी भाषा प्रतिको मोहका कारण संस्थागत विद्यालयहरु दिन दुगुना रात चौगुनाका दरले बढ्दै गै हाल एउटा ठुलो भागको रूपमा स्थापित भइसकेको अवस्था छ ।

संस्थागत विद्यालयहरुको स्थापना प्रसस्त संख्यामा भएतापनि यिनीहरुको उचित व्यवस्थापन भने हुन सकिरहेको छैन। सरकारी तवरबाट यिनीहरुलाइ व्यवस्थापन गर्ने तर्फ कुनै चासो देखाईएको छैन । अहिले संस्थागत विद्यालयको उचित व्यवस्थापन एक चुनौतिको रुपमा खडा भएको छ । वि स २०४६ साल पछि मात्र थालनी भएका दाडका संस्थागत विद्यालयहरुले धेरै आरोह अबरोह पार गर्दै बि.सं. २०७५ सम्ममा आइपुग्दा करिव २०० को संख्यामा स्थापना भइ सकेका छन भने शान्तिनगर गाउपालिकामा यो संख्या ७ पुगिसकेको छ भने यस गाउपालिकामा कुल बिद्यार्थी संख्याको ४३ प्रतिशत भार संस्थागत बिद्यालयमा रहेको छ। संस्थागत बिद्यालयहरु खुल्ने क्रम बढ्दै जादा उनिहरुलाई शिक्षा ऐन तथा नियमावली अनुसार नियमनमा समेत समस्या देखा पर्न थालेको छ ।

## १०.२ लक्ष्य र उद्देश्य

लक्ष्य

- संस्थागत विद्यालयहरुलाई कानूनसम्मत किसिमले सञ्चालन गर्ने गराउने ।
- संस्थागत विद्यालयहरुले प्रदान गर्ने शिक्षालाई गुणस्तरीय तथा सबै बर्गको पहुचमा ल्याउने

उद्देश्य

- संस्थागत विद्यालयहरुको अनुगमन/निरीक्षण गर्ने कार्यलाई प्रभावकारी बनाउने ।
- भएका संस्थागत विद्यालयहरुलाई व्यबस्थित गर्दै अव नयाँ संस्थागत बिद्यालयलाई खोल्न निरुत्साहित गर्ने ।
- संस्थागत विद्यालयहरुको शुल्क निर्धारण लगायत विभिन्न आर्थिक गतिविधिहरुका पारदर्शिता ल्याउने, कार्यरत शिक्षक र प्रिन्सीपलहरुलाई बालमैत्री शिक्षण विधि शैक्षिक सामग्री एवम नेवत्व विकास सम्बन तालिम प्रदान गर्ने ।
- संस्थागत विद्यालयहरुले गरेका सफल अभ्यासहरुको खोजी गरी सामुदायिक विद्यालयहरुमा समेत त्यस अभ्यासहरुलाई प्रयोगमा ल्याउने ।

## १०.३ अवसर र चुनौतिहरु

### अवसरहरु

- संस्थागत बिद्यालयहरुले विद्याथीहरुलाइ अंग्रेजी भाषाको बृहत ज्ञानका साथै एस ई ई  परीक्षाम उच्चतम अंक ल्याउने अवसर दिईरहेका छन ।
- रोजगारी प्रबर्धनमा केहीभएपनि संस्थागत विद्यालयहरुले योगदान दिईरहेका छन् ।
- अङ्गेजी भाषा स्तरमा वृद्धि हुन गई अन्तराष्ट्रिय जगतमा बिक्न सक्ने जनशक्ति उत्पादनमा संस्थागत बिद्यालयहरुले अवसर प्रदान गरिरहेका छन् ।
- एस.ई ई.परीक्षाको नतिजालाइ एउटा निश्चित अंकमा पुऱ्याउन संस्थागत विद्यालयको भुमिका महत्वपुर्ण देखिएको छ । यसले उच्च शिक्षाका लागि जनशक्तिको आधार खडा गरिरहेको छ ।।
- शिक्षाका लागि विदेसिने ठुलाधनरासीलाई स्थानीयस्तरमा खुलेका संस्थागत विद्यालयहरूले स्थानीय स्तरमै र ोक्न सक्षम भएका छन् । यसबाट देशको अर्थ व्यवस्थामा सकारात्मक असर पर्न गएको ठानिएको छ ।
- अभिभावकहरुको आर्थिक स्तर र चेतना बृद्धि हुदै जादा आफ्ना बालबालिकाहरुका लागि शिक्षामा केही लगानी गरौं भन्ने भावनामा अभिवृद्धि भएको कारणले संस्थागत विद्यालयहरुलाई फष्टाउनका लागि सहयोग मिलेको छ ।

### चूनौतिहरु

- स्थानीयस्तरमा चलेका केही संस्थागत विद्यालयहरुले योग्यता नपुगेका, तालिम .प्राप्त नगरेका शिक्षकहरुवाट पठनपाठन गराइरहेको अवस्था चुनौतीको रुपमा रहेको छ ।
- संस्थागत विद्यालयहरुले आफुले गर्ने आम्दानीलाई पारदर्शी बनाउन नसकेको, बिद्यालयहरु व्यापारमुखी हुदै गएको आरोप समुदायस्तरमा लाग्ने गरेको छ ।
- संस्थागत विद्यालयहरु बीच अस्वस्थ प्रतिस्पर्धा कायम रहेको, संस्थागत आचार संहिता पालना नगरेको, शिक्षा ऐन कानुनको पालना नगरेको तथा बिद्यार्थीहरुलाई सृजनात्मक भन्दा घोकेर पढाउने बाध्यात्मक परि स्थिति सृजना गरिरहेको आरोप संस्थागत बिद्यालयहरुले खेपिरहेका छन् ।
- संस्थागत विद्यालयहरुले लिएको शिक्षण शुल्क र अन्य शुल्क अनुसारको सेवा र सुविधा विद्यार्थीहरुलाई दिन सकिरहेका छैनन् । विद्याथीहरुलाईलिईएको शुल्क अनुसारको उचित सेवा र सुविधा प्रदान गर्न लगाउन चुनौती देखिएको छ ।

- संस्थागत विद्यालयहरुले प्रदान गरिरहेको शिक्षा सामुदायिक विद्यालयहरूको तुलनामा राम्रो जस्तो देखिएको भए तापनि वास्तवमा त्यो शिक्षा वैज्ञानिक, व्यावहारिक र जीवनोपयोगी हो कि होइन भन्ने कुरामा एकीन गर्न चुनौतिपूर्ण देखिएको छ ।
- संस्थागत विद्यालयहरुले अपनाइरहेको शिक्षण सिकाइ क्रियाकलापहरुलाई बालमैत्री, सिकारुकेन्द्रित, भयर हित, अनुसन्धानमूलक, व्यावहारिक र सान्दर्भिक बनाउन चुनौतिपूर्ण देखिएको छ ।
- गरिब, विपन्न र ग्रामीण क्षेत्रका मानिसहरुका लागि संस्थागत विद्यालयहरु कामयावी हुन सकिरहेका छैनन् ।
- संस्थागत विद्यालयहरुको स्थापना, व्यवस्थापन र सञ्चालनलाई नक्साङ्कनमा आधारित, र  सर्वसुलभ बनाउन सकिएको छैन ।
- संस्थागत विद्यालयहरुको वर्गिकरण, अनुगमन र अभिलेखीकरण प्रभावकारीरुपमा गर्न नसकिरहेको अबस्था छ ।

## १०.४ अपेक्षित उपलब्धिहरु

- यस शान्तिनगर गाउँपालिकामा स्थापित संस्थागत विद्यालयहरुबाट योग्य र सक्षम नागरिक तयार भएका हुनेछन ।
- शान्तिनगर गाउँपालिकाका संस्थागत विद्यालयहरुमा भर्ना भएका विद्यार्थीहरूमध्ये कम्तीमा ५ प्रतिसत विद्यार्थीलाई छात्रबृत्तिको व्यबस्था भएको हुनेछ ।
- शिक्षकहरुको निरन्तर पेशागत विकासका लागि शिक्षक सहयोग संयन्त्र निर्माण भई सो संयन्त्रल संस्थागत बिद्यालयका शिक्षकहरुलाई समेत नियमित सहयोग गरिरहेको हुनेछ ।
- शान्तिनगर गाउँपालिका शिक्षा शाखा र संस्थागत विद्यालयहरु वीच राम्रो सम्बन्धको स्थापना भई संस्थागत बिद्यालयको राम्रा अभ्यास सामुदायिक बिद्यालयहरुमा बिकास गर्ने परिपाटीको सुरुवात भएको हुनेछ ।
- संस्थागत बिद्यालयका शिक्षकहरु योजनाका आधारमा आफ्ना समस्या समाधान गर्न TIP तयार गरी सुधार गर्न प्रतिबद्ध भएका हुनेछन ।
- अध्यापन अनुमति पत्र भएका शिक्षकहरुले मात्र संस्थागत विद्यालयहरुमा अध्यापन गरेका हुनेछन् ।
- संस्थागत विद्यालयहरुको तथ्याङ्क अभिलेखिकरणमा प्रभावकारीता आएको हुनेछ ।

- संस्थागत विद्यालयहरुले गर्ने शैक्षिक एबं आर्थिक क्रियाकलापहरु पारदर्शि गरिएका हुनेछन् ।

## १०.५ रणनीतिक कार्यकलापहरु

शान्तिनगर गाउँपालिका अन्तर्गतका संस्थागत विद्यालयको व्यवस्थापनलाई सुधार गर्न निम्नलिखित रणनीतिक क्रियाकलापहरु अवलम्बन गर्नं पर्ने देखिन्छ ।

- **नया विद्यालय अनुमति तथा थप कक्षा अनुमतिः** पाँचबर्षे योजना अबधीमा नयाँ संस्थागत विद्यालयहरुलाइ अनुमति दिने भन्दा भएका बिद्यालयहरुलाई व्यबस्थीत गर्ने कुरामा जोड दिई सामुदायिक नक्साङ्कनका आधारमा मात्र नयाँ अनुमति दिईने छ ।

- **संस्थागत, सामुदायिक विद्यालय सहकार्य तथा साझेदारी** : संस्थागत विद्यालयहरुले गरेका सफल अभ्यासहरुलाई सामुदायिक विद्यालयमा पनि कार्यान्वयन गर्नका लागि संस्थागत र सामुदायिक विद्यालयहरुको वीचमा गुणस्तर सुधारका गर्न सहकार्य र साझेदारीको विकास गरिनेछ । यसबाट संस्थागत बिद्यालयमा भएका राम्रा अभ्यास सामुदायिकमा र सामुदायिक विद्यालयहरुमा भएका राम्रा कुराहरु संस्थागत विद्यालयहरुमा हस्तान्तरण गर्न सघाउ पुग्नेछ ।

- **विद्याथी छात्रवृत्ति कार्यक्रमः** संस्थागत विद्यालयको योगदान सामाजिक कार्यमा सहयोग पुगोस भन्ने उदेश्यलेजेहेन्दार बालबालिकाका लागि विशेष छात्रवृत्ति कायक्रम सञ्चालन गरिने छ । जसमा प्रत्येक संस्थागत विद्यालयले कम्तिमा ५ प्रतिशत उत्कृष्ट नतिजा ल्याउने जेहेन्दार तथा बिपन्न बर्गका बिद्यार्थीलाई छात्रबृति दिने व्यबस्था मिलाईने छ ।

- **अनुगमन, निरीक्षण संयन्त्र निर्माण :शान्तिनगर गाउपालिकाले** संस्थागत विद्यालयहरु सँग सरोकार राख्ने सबैको सहकार्यमा एक अनुगमन संरन्त्र निर्माण गर्नेछ । साथै सो संयन्त्रले संस्थागत विद्यालयको बातावरण, शिक्षण सिकाई पद्धती लगायतका पक्षको अनुगमन तथा निरिक्षण गरी विद्यालयलाइ आवश्यक सुझाव एबं निर्देशन दिने व्यबस्था मिलाईने छ ।

- **विद्यालय भौतिक निर्माणमा सहयोग पुग्ने कार्यक्रम सञ्चालनः**लामो समय देखि सञ्चालनमा आएका संस्थागत विद्यालय आफ्नो भौतिक पुर्वाधार निर्माणका लागि आवश्यक पर्ने रकम ऋणमा लिन चाहेमा ऋण दिने संस्थाहरुलाइ न्युनतम व्याजदरमा ऋण उपलब्ध गराउन शान्तिनगर गाउँपालिका शिक्षा शाखाले आवश्यक सिफारिस उपलब्ध गराई भौतिक पुर्वाधार निर्माण कार्यका लागि सहयोग कार्यक्रममा सहयोगीको भूमिका गरिदिने छ । ऋण दिने दातृ निकायहरु भने संस्थागत विद्यालयहरू आफैले खोजी गर्नेछन् ।

- **बालमैत्री शिक्षण सिकाइको वातावरण निर्माण:** संस्थागत विद्यालयका प्रधानाध्यापक र शिक्षकहरका लागि पनि सामुदायिक बिद्यालयका शिक्षकलाई जस्तै शिक्षण सिकाई सम्बन्धी तालिमहरुमा लगायतका तालिमहरुमा समाबेश गरिने छ ।

## १०.६ अनुमानित खर्च

शान्तिनगर गाउपालिका क्षेत्रमा संस्थागत बिद्यालय व्यबस्थापन अन्तर्गत पाँच बर्ण अवधीमा हुने अनुमानीत बित्तीय लक्ष तथा क्रियाकलपा अनुसूची १० मा बिस्तुत रुपमा देखाईएको छ ।

## १०.७कार्यान्वयन व्यवस्था

शान्तिनगर गाउँपालिका शिक्षा शाखाले आयोजना गर्ने शैक्षिक गतिविधिहरुमा पालिका भित्रका संस्थागत विद्यालयहरुलाई पनि अनिवार्यरुपमा सहभागि गराउने व्यवस्था मिलाउनु आबश्यक देखिन्छ। यस कार्यमा संस्थागत विद्यालयहरुवाटै वजेटको व्यवस्था मिलाउन सकेमा सामूदायिक विद्यालयहरु पनि लाभान्वित हुने देखिन्छ। संस्थागत विद्यालयहरुले सञ्चालन गरेका शैक्षिक गतिविधिका बारेमा जानकारी लिन अनुगमन कार्यमा प्रभावकारिता ल्याउनु आबश्यक छ।

संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुको शैक्षिक र पेशागत योग्यता बढाउने कार्यमा समेत संस्थागत विद्यालयका सञ्चालकहरुलाई अनुरोध गरी वहांहरुवाटै यस्तो कार्यका लागि कार्यक्रम बनाउन लगाइनेछ। यस्ता कार्यमा सहभागी हुनका लागि शिक्षकहरुलाई उत्साहित गरिनेछ तर सहभागी हुने सम्बन्धमा भने शिक्षकहरु स्वयं नै उत्तरदायी हुनेछन । संस्थागत विद्यालयका शैक्षिक समस्याहरुलाई कार्यक्षेत्रमै समाधान गर्न र शिक्षकहरुलाई सहयोग गर्न संस्थागत विद्यालयका छाता संगठनहरु परिचालन गर्नुपर्ने देखिन्छ।

**१०.७.१ कार्यान्वयन तालिका** योजना अबधी २०७८/७९ देखी २०८२/८३ सम्ममा गरिने क्रियाकलाप कार्यान्वयन तालिका

| क.सं. | समस्याहरु | समाधानका क्रियाकलापहरु (के) | प्रकृया (कसरी) | जिम्मेबारी (को/कस्को) |
|---|---|---|---|---|
| १ | संस्थागत बिद्यालयको अभिलेख व्यबस्थापन नहुनु । | संस्थागत बिद्यालयहरुको अभिलेख व्यबस्थापन कार्यक्रम | संस्थागत बिद्यालयहरुलाई पनि IEMIS प्रकृयामा ल्याई बिद्यालय अभिलेख व्यबस्थापनमा चुस्तता ल्याईने छ । | गाउँपालिका शिक्षा शाखा संस्थागत, बिद्यालयहरु |
| २ | संस्थागत बिद्यालयको अनुमतिमा निश्चित मापदण्ड नहुनु । | बिद्यालय अनुमति कार्यक्रम | संस्थागत बिद्यालयको नयाँ अनुमतिमा कडाई गरिनुका साथै नक्साङकनका आधारमा मात्र अनुमति दिईने छ । | गाउँपालिका शिक्षा शाखा संस्थागत बिद्यालय |
| ३ | संस्थागत बिद्यालयमा छात्रबृत्ति कोष तथा छात्रबृत्तिको व्यबस्था नहुनु । | संस्थागत बिद्यालय छात्रबृत्ति कोष स्थापना । | पालिका शिक्षा शाखाले बनाउने निर्देशिकाको आधारमा संस्थागत बिद्यालयहरुले छात्रबृत्ति कोष स्थापना गरी बिपन्न तथा गरिव बिद्यार्थीलाई छात्रबृत्ति बितरण गर्ने । | संस्थागत बिद्यालयहरु शिक्षा शाखा |
| ४ | संस्थागत बिद्यालयका राम्रा अभ्यास सा.ब.मा अनुसरण नहुनु । | संस्थागत बिद्यालयबाट सामुदायिक बिद्यालय सहयोग कार्यक्रम | राम्रा अभ्यास भएका तथा श्रोत साधन सम्पन्न संस्थागत बिद्यालयले कम्तीमा २ सामुदायिक बिद्यालयको भौतिक पुर्बाधार तथा शैक्षिक गुणस्तर सुधारमा सहयोग गर्ने । | शिक्षा शाखा संस्थागत तथा सामुदायिक बिद्यालयहरु |

| | | | | |
|---|---|---|---|---|
| ५ | संस्थागत बिद्यालयमा बालमैत्री बाताबरण नहुनु । | बालमैत्री सिक्षण सिकाईको बाताबरण निर्माण | सामुदायिक बिद्यालयका शिक्षकलाई प्रदान गर्ने हरेक तालिममा संस्थागत बिद्यालयका शिक्षकलाई समेत समाबेश गरी बालमैत्री सिक्षण सिकाईका लागि संस्थागत बिद्यालयहरुलाई प्रोत्साहन गर्ने । | शिक्षा शाखा<br>शैक्षिक तालिम केन्द्र ।<br>संस्थागत बिद्यालयहरु |
| ६ | संस्थागत बिद्यालयहरु बर्गिकरण नहुनु । | संस्थागत बिद्यालय बर्गिकरण कार्यक्रम | शिक्षा शाखाले तोकिएको मापदण्डका आधारमा संस्थागत बिद्यालयहरुको बर्गिकरण गरि नियमानुसारका सुबिधा पाउने तथा दिने कुराको सुनिश्चितता गर्ने । | गाउँपालिका<br>शिक्षा शाखा<br>संस्थागत बिद्यालयहरु |
| ७ | सस्थागत र सामुदायि बिच सहकार्यको अभाव | संस्थागत सामुदायिक बिद्यालय सहकार्य कार्यक्रम | संस्थागत तथा सामुदायिक बिद्यालयहरुले एक अर्कामा सहकार्य गरी राम्रा अभ्यासहरु आदान प्रदान गर्ने । | गाउँपालिका, शिक्षा शाखा, संस्थागत, सामुदायिक बिद्यालय |

# परिच्छेद : एघार

# अनुगमन तथा मूल्याङ्कन
# (Monitoring and Evaluation)

## ११.१ परिचय

शिक्षामा अनुगमन भनेको यससम्बन्धी अन्य कार्यहरूको प्रवाह तथा कार्यान्वयन योजना अनुरूप ठीकसंग भइरहका छन वा छैनन भनी निगरानी राख्ने कार्य हो । त्यसैगरी मूल्याङ्कन भनेको कुनै शैक्षिक आयोजना कार्यक्रमको निर्धारित उद्देश्यको सन्दर्भमा त्यसका कार्यहरू कति सान्दर्भिक, सक्षम, लाभदायक र प्रभावकारी देखिएका छन् भन्ने कुराको व्यवस्थित तरिकाले लेखाजोखा गर्ने कार्य हो ।

अनुगमन तथा मूल्याङ्कनको मुख्य उद्देश्य शान्तिनगर गाउँपालिका शिक्षा योजनाले निर्दिष्ट गरेका प्रत्येक सेवा प्रवाहका तहका लक्ष्य तथा उद्देश्यअनुरूपका उपलब्धिहरू पत्ता लगाई ती सूचनाका आधारमा निर्णय प्रक्रियालाई सहयोग गरी सेवा प्रवाहमा सुधार गर्नु हो ।

अनुगमन तथा मूल्याङ्कन पद्धतिद्वारा प्राप्त हुने सूचना तथा जानकारीहरूलाई योजना निर्माण र कार्यान्वयन प्रक्रियामा उपयोग गर्न तथा विद्यालय क्षेत्र सुधारको योगदानको लेखाजोखा गरी राष्ट्रिय विकासका उद्देश्य प्राप्त गर्न सकिन्छ । अनुगमन तथा मूल्याङ्कनका तीन ओटा मुख्य कार्यहरूको रुपमा ऐन नियमअनुसार कार्य भएनभएको लेखाजोखा गर्न, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्नु र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीतिगत तथा नीतिगत प्रभावको मूल्याङ्कन गर्नलाई लिन सकिन्छ ।

नेपालमा योजनाबद्ध विकास प्रयासको सुरुआतसँगै विकास कार्यक्रम आयोजनाको अनुगमन तथा मूल्याइन गर्ने परि पाटी भए तापनि पाँचौं पञ्चबर्षिय योजना २०३२-२०३७ देखि विकास आयोजनाहरूको कार्यान्वयनको मूल्याइन गर्ने कुराको सुरुआत भएको मानिन्छ । यस व्यवस्थाले भार प्रणालीमा आधारित प्रगति समीक्षा, उपलब्धि मूल्याङ्कन र प्रभाव व्यवस्थाको मूल्याङ्कनको अवधारणा सहितको अनुगमन तथा मूल्याइन व्यवस्थाको प्रारम्भ गयो । आठौं योजना (२०४९-५४) देखि अनुगमन तथा मूल्याइनलाई एउटा पद्दतिको रुपमा सुदृढ गर्ने कार्य गर्दै आलसम्म आईरहेको अबस्था छ । अवको मुल्याङ्कन पद्धतीमा लगानीको तुलनामा प्रतिफल प्राप्तीलाइ ध्यान दिने गरिएको छ ।

## ११.२ लक्ष्य र उद्देश्यहरु

### लक्ष्य

- कार्यक्रमको अवस्था र उद्देश्यबारे समयमै जानकारी उपलब्ध गराई तथ्यमा आधारित भई निर्णय गर्ने पद्धतिमार्फत योजनाको प्रभावकारी कार्यान्वयनका लागि सहजीकरण गर्नु ।

**उद्देश्य**

- कार्यक्रमको साधन, प्रक्रिया र परिणामको अनुगमन गर्ने र योजनाको प्रभाव मूल्याङ्कन गर्ने ।

## ११.३ अपेक्षित उपलब्धि एवं अनुगमन सूचकहरु

- परिमार्जित अनुगमन तथा मूल्याङ्कन प्रणालीमा आधारित अनुगमन तथा मूल्याङ्कन योजना लागू हुने ।
- अनुगमन तथा मूल्याङ्कन संरचना, भूमिका तथा उत्तरदायित्वको अद्यावधिक प्रतिवेदन उपलब्ध हुने ।
- सवै विद्यालयहरुले विद्यालय सुधार योजनाको निर्माण र अद्यावधिक गरी तदनुसार काम गरेको हुने ।
- विद्यालय र गाउँपालिकाले गरेका कार्यहरु पारदर्शीरुपले सरोकारवालाहरुलाई जानकारी दिनको लागि शिक्षा शाखाले बार्षिक रुपमा शैक्षिक रुपमा बुलेटिन प्रकाशित गर्ने कार्य निरन्तरता भएको हुने ।
- गाउँपालिका शिक्षा शाखामा एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) को प्रभावकारी रुपले अद्यावधिक भएको हुने ।
- अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी थप बनाउनका लागि अनुगमनबाट आएका कुराहरु वेभसाईड मार्फत सार्बजनिक गर्ने नीति लिईने छ ।

## ११.४ अवसर र चुनौतिहरु

- शान्तिनगर गाँउपालिका शिक्षा शाखाले बार्षिक रुपमा शैक्षिक बुलेटिन प्रकाशन गरी राम्रा अभ्यासहरु उल्लेख गर्ने अभ्यास थालेको छ । यस्ले विद्यालय एवं सरोकारवालाहरुसंग विद्यालयमा हुने तथा भईरहेका गतिबिधिबारे जानकारी मिलेको छ ।
- गाउँपालिका शिक्षा शाखाले प्रबाह गर्ने सेवालाई फेसबुक पेज मार्फत छिटो छरितो सार्वजनिक गरी जानकारी दिने गरिएकोमा यसलाई वेभसाईडमा आधारित बनाई झनै प्रभावकारी बन्ने अवसर प्राप्त हुदैछ । जस्ले ईन्टरनेटको पहुँचले चाहेको बेला सूचना प्राप्त गर्ने बातावरणको सृजना हुनेछ ।
- शिक्षा शाखाले प्रदान गर्ने सेवा सुबिधा तथा प्रबाह गर्ने सूचना शान्तिनगर गाउपालिकाको वेभसाईडमा राखेर तथा बिद्यालयहरुलाई ईमेल, म्यासेज बक्स तथा फेसबुक पेजमा राखी समयमै जानकारी दिने कामको शुरुवात भएको छ ।

## चूनौतिहरु

मौजुदा अनुगमन तथा मूल्याङ्कन व्यवस्था अपेक्षित रुपमा नतिजामुलक तथा प्रभावकारी हुन नसकेको कारणले शैक्षिक कार्यक्रम तथा योजना कार्यान्वयन समेत वाञ्छित रुपमा प्रभावकारी हुन नसकेको अवस्था छ । त्यसैले अनुगमन तथा मूल्याङ्कन प्रक्रिया संरचनालाई परिमार्जन गर्दै नतिजामुलक, नियमित, भरपदों र संस्थागत वनाई शैक्षिक आयोजनाको कार्यान्वयनमा प्रभावकारीता ल्याउनु प्रमुख चुनौतिको रुपमा रहेको छ ।

यस शान्तिनगर गाउँपालिका शिक्षा शाखाले गर्ने तथा गरिरहेको मुल्याङ्कन अपेक्षाकृत सन्तोसजनक देखिदैन । विद्यालयबाट गाउँपालिकामा पठाउनु पर्ने प्रतिवेदन समयमा नपठाउँदा धेरै का प्रभाबित हुने गरेका छन् । अनुगमन कार्य प्रभावकारी हुन नसक्दा सिकाइ उपलब्धि वृद्धि गर्न नकारात्मक असर परेको छ । तथ्याङ्कको अभावले गर्दा योजना निर्माणमा वास्तविकताको नजिक पुग्न कठिन भएको छ । केन्द्रमा समयमा पठाउनु पर्ने अनुगमन प्रतिवेदन ढिलो गरी पठाउँदा कार्यसम्पादन स्तरमा समस्या भोग्नु परेको छ । अनुगमन र प्रतिवेदनसँग सम्बन्धित शान्तिनगर गाउँपालिकाका समस्या र चूनौतिहरुलाई निम्नानुसार छन् ।

- अनुगमनका लागि शिक्षा शाखामा दक्षजनशक्तिको अभाव खड्किएको दुई जना कर्मचारीको भरमा शिक्षा शाखा चलिरहेको छ ।
- बिद्यालयहरुबाट आउनु पर्ने विभिन्न प्रतिवेदनहरू समयमा नआइदिने भएको कारण मन्त्रालय र विभागमा महत्व नपाएको अवस्था छ । सम्प्रेषण गर्नं पर्ने कतिपय प्रतिवेदनहरुको समयमै कार्यसम्पादन गर्न नसकिएको अवस्था छ ।
- सूचना सङ्कलन, प्रशोधन, भण्डारण र सम्प्रेषणका नयाँ प्रविधिको अपर्याप्तता तथा प्रबिधी मैत्री जनशक्तिको अभाव छ ।
- इन्टरनेट र इमेल सेवालाई बिद्यालयतहका सबै शिक्षक तथा कर्मचारीहरुको निम्ति पहुँचयोग्य बनाउन सकिएको छैन । उक्त सेवा आफैमा सर्वसुलभ र आवश्यक परेको समयमा प्रयाग गर्न सकिने हुन सकेको छैन ।
- विद्यालयहरुले भौतिक निर्माण र सुधारको काम समयमा गर्नका लागि अनुगमन कार्य प्रभावकारी हुन नसकेको अबस्था छ ।

## ११.५ रणनीतिक क्रियाकलापहरू

- अनुगमन व्यवस्थापनका प्रत्येक तहमा प्राप्त नतिजाहरुलाई परिभाषित गरिने छ । सबै तह र तप्कालाई समेटेर सहभागितामूलक अनुगमन प्रणालीको विकास गरिने छ ।

- शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई चुस्तता प्रदान गरी कार्यक्रमको तयारी, अनुगमन एवं प्रतिवेदन क्षेत्रमा प्रयोग गरिने छ।
- विद्यालयहरुको नियमित र प्रभावकारी किसिमले अनुगमन तथा निरीक्षण गर्ने कायैलाई जिम्मेबारी तोकेर प्रभावकारी बनाउने।
- वार्षिक कार्यक्रममा राखिएका लक्ष्यहरुको उपलब्धिलाई स्थिति प्रतिवेदन र वित्तीय अनुगमन प्रतिवेदनको आधारमा मूल्याङ्कन गरी प्रगति अनुगमनका प्रमुख आधारका रुपमा अवलम्बन गरिने छ।
- सार्वजनिक सुनुवाई, सरोकारवालाहरुको वीचमा नियमित बैठक, भेटघाट र अन्तरक्रिया, सामाजिक लेखापरीक्षण आदिको माध्यमबाट शिक्षाका गतिबिधीलाई तथ्यपरक बनाई सेवाग्राहीको पहुँचमा पुऱ्याईने छ।
- विद्यालयहरुमा कम्प्यूटर, इन्टरनेट र वेवसाइटको व्यवस्था गरी E-Library कार्यक्रम मार्फत बिद्यार्थीलाई E-Learning का लागि प्रोत्साहित गरिने छ।
- विद्यालय सुधार योजना र पालिका शिक्षा योजनाको आधारमा गाउँपालिकाका गतिबिधीहरुलाई नतिजामुलक बनाई कार्यन्वयनमा ल्याईने छ।
- गाउँपालिका शिक्षा शाखालाई भौतिक स्रोत, सवारी साधन र अन्य सामग्रीको हिसावले सम्पन्न गरिने छ।

## ११.६ अनुमानित लागत

योजना, अनुगमन तथा मूल्याङ्कनका शीर्षकमा योजना अवधिभरमा गरिने क्रियाकलाप र अनुमानित बजेट खाका परिच्छेद १३ अनुसूची ११ मा दिईएको छ।

## ११.७ कार्यान्वयन व्यवस्था

- सूचकहरू तय गरी लक्ष्य, उद्देश्य र मुख्यमुख्य नतिजाको अनुमान गरी एउटा विस्तृत र विशिष्ट अनुगमन योजनाको विकास गरिने छ।।
- विद्यालय तहमा विद्यालयहरू अनुगमन तथा प्रतिवेदन गर्न संस्थागत शैक्षिक सूचना व्यवस्थापन प्रणाली र हेको हुनेछ। (IEMIS)मा संस्स्थागत बिद्यालय समेतको सिकाई उपलव्धीको तहगत, कक्षागत तथा बिषयगत बिबरण बिद्यालयहरुले अध्याबधिक गरेका हुनेछन्।
- शिक्षा शाखामा संस्थागत बिद्यालयहरु समेतको शैक्षिक व्यबस्थापन सूपरिबेक्षण प्रतिबेदन, तथ्याङ्क सङ्कलन, सामाजिक परीक्षणका प्रतिवेदन एकिकृत रुपमा संकलन भएको हुनेछ।

**११.७.१ कार्यान्वयन तालिका यो**जना अबधी २०७८/७९ देखी २०८२/८३ सम्ममा समस्या समाधानमा गरिने क्रियाकलाप कार्यान्वयन तालिका

| क्र.सं. | समस्या (के) | समाधार क्रियाकलाप (के के) | प्रकृया (कसरी) | जिम्मेबारी (को/कस्को) |
|---|---|---|---|---|
| १ | बिद्यालयहरुबाट नियमित रुपमा तथ्याङ्कको बिकास तथा अध्याबधिक नहुनु । | बिद्यालयहरुले नियमित रुपमा तथ्याङ्कको बिकास तथा अध्याबधिक गर्ने । | बिद्यालयहरुको क्षमता बिकास गरि नियमित रुपमा तथ्याङ्क अभिलेखन गर्ने, प्राप्त गर्ने तथा अध्याबधिक गर्ने व्यबस्था गर्ने । | गाउँपालिका शिक्षा शाखा बिद्यालयहरु |
| २ | गाउँपालिका शिक्षा शाखामा स्पष्ट अनुगमन योजना नहुनु | अनुगमन सम्वन्धी योजना निर्माण र कार्यन्वयन | शिक्षा शाखाले बिद्यालयहरुको अनुगमनका लागि चेकलिष्ट सहितको अनुगमन कार्ययोजनना योजना निर्माण गरेको हुनेछ । | गाउँपालिका शिक्षाशाखा बिद्यालयहरु |
| ३ | शैक्षिक योजना निर्माण तथा अध्याबधिक नहुनु । | शैक्षिक योजनाहरु निर्माण, अध्याबधिक र कार्यन्वयन | शिक्षा शाखाले पालिका शिक्षा योजना निर्माण तथा अध्याबधिक गर्ने कार्यलाई नियमित गर्ने । | शिक्षा शाखा बिद्यालयहरु |
| ४ | शैक्षिक क्यालेण्डर र बुलेटिन प्रकाशनले नियमितता नपाउनु । | शैक्षिक क्यालेण्डर तथा बुलेटिनको नियमित प्रकाशन | कार्य प्रगति बिबरण तथा अध्याबधिक भएका शैक्षिक तथ्याङ्कका आधारमा शिक्षा शाखाले नियमित रुपमा शैक्षिक क्यालेण्डर बर्षमा १ पटक र शैक्षिक बुलेटिन २ पटक प्रकाशन गरेको गर्ने । | शिक्षा शाखा बिद्यालयहरु गैससहरु |
| ५ | अनुगमन गरी राम्रा अभ्यासको संग्रह अभिलेखिकरण नगरिनु । | राम्रा अभ्यासहरुको खोजी तथा प्रबर्धनात्मक कार्यक्रम | शिक्षा शाखाले अनुगमनबाट प्राप्त भएका सुधार गर्नुपर्ने र राम्रा अभ्यासहरुको संगालो प्रकाशन गरी राम्रा अभ्यासको प्रबर्धनका लागि कार्यक्रमहरु सञ्चालन गर्ने । | शिक्षा शाखा बिद्यालयहरु गैससहरु |

| | | | | |
|---|---|---|---|---|
| ६ | IEMIS को प्रभावकारी व्यबस्थापन नहुनु । | IEMIS को प्रभावकारी व्यबस्थापन | शिक्षा शाखाले शिक्षा बिभागको सहयोगमा हरेक बिद्यालयमा IEMIS लाई प्रभावकारी कार्यन्वयन गर्ने । | शिक्षा शाखा बिद्यालयहरु |
| ७ | दण्ड र पुरस्कारको व्यबस्था नहुनु । | तहगत रुपमा उत्कृष्ट बिद्यालय तथा शिक्षकलाई दण्ड र पुरस्कारको व्यबस्था । | राम्रो नतिजा निकाल्ने तथा राम्रो सूचक बनाएका शिक्षक र बिद्यालयलाई पुरस्कार रखराव सूचक तथा नतिजा पाईएका शिक्षक र बिद्यालयलाई नसिहत, स्पष्टिकरण तथा अनुदान रोक्का जस्ता दण्डको व्यबस्था गर्ने । | गाउँपालिका शिक्षा शाखा बिद्यालयहरु |
| ८ | एकिकृत अनुगमन योजनाको अभाव | एकिकृत अनुगमन योजना कार्यन्वयन | बिज्ञ मार्फत नमुना पाठ प्रदर्शन, कक्षाकोठा अबलोकन | शिक्षा शाखा बिद्यालयहरु |

# परिच्छेद बाह्र

# स्थानीय निकाय र गैरसरकारी संस्थाहरूसगको सहकार्य व्यवस्थापन

# (Managing Coordination with Local Government and NGOs)

## १२. परिचय

शान्तिनगर गाउँपालिकाको शैक्षिक विकासका निम्ति शिक्षा मन्त्रालयबाट स्वीकत भई आउने बजेट र कार्यक्रमका अतिरिक्त शिक्षाको क्षेत्रमा काम गर्ने राष्ट्रिय, अन्तर्राष्ट्रिय एवं स्थानीय सङ्घसंस्थाहरुबाट पनि कार्यक्रमहरुको विकास गरी कार्यान्वयन भईरहेको अवस्था छ। गाउँपालिकाको शैक्षिक बिकासका लागि शिक्षा योजनासंग मेल खाने खालका धेरै शैक्षिक क्रियाकलापहरु साझेदारीमा गरिनु ज्यादै आवश्यक रहेको छ।

## १२.१ शिक्षा क्षेत्रमा गैर सरकारी संघसंस्थाको भूमिका

यस शान्तिनगर गाउँपालिकालाई कार्यक्षेत्र बनाई काम गर्ने तथा गरिरहेका संघसंस्थाहरुले शिक्षा क्षेत्रमा भौतिक पुर्बाधर निर्माण, बिद्यालय लगायतका शैक्षिक संस्थाहरुको भौतिक निर्माण, मर्मत संहार, रंगरोगन, शैक्षिक सामग्री निर्माण तथा सहयोग, शिक्षकहरुको क्षमता बिकास आदिमा सहयोग पुऱ्याउन सक्छन। अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीयस्तरका गैरसरकारी सङ्घसंस्थाहरुले शिक्षा क्षेत्रको विकास र विस्तारमा सहयोग गरिरहेका छन्। शान्तिनगर गाउपालिकाको अभिलेख अनुसार यस अघि यस गाउपालिकामा वेस, दलित गैर सरकारी सस्था (डिएनजीओसीसी), ग्रामिण युवा सरोकार केन्द्र लगायतका गैर सरकारी संस्थाहरुले काम गरेको देखिन्छ। पछिल्ला दिनमा भने गैससको भुमिका कम हुदै गएको देखिएको छ।

गैर सरकारी संस्थाहरुले बिगतमा जस्तै यस गाउँपालिकामा भौतिक पुर्बाधार लगायत शिक्षा क्षेत्रका निम्न क्षेत्रमा सहयोग गर्न सक्छन।

- प्रारम्भिक बालविकास कार्यक्रम व्यवस्थापन र तालिम सञ्चालन।
- विद्यार्थीहरुका लागि विद्यालय स्वागत कार्यक्रम सञ्चालन।
- आधारभुत तथा माध्यमिक तहका शिक्षकका लागि बालमैत्री सिकाइ तालिम सञ्चालन,कक्षा शिक्षणका लागि तालिम, अनौपचारिक शिक्षा कार्यक्रममा सहयोग।
- कक्षाकोठाहरुमा शैक्षिक सामग्री एवं पुस्तकालयको व्यवस्थापन।
- शिक्षाका सरोकारवालाहरुलाई अभिमुखीकरण कार्यक्रम ।

- प्राथमिक विद्यालयहरुका लागि शैक्षिक सामग्री वितरण ।
- बालक्लव मार्फत विद्यालयमा अतिरिक्त क्रियाकलापहरुको सञ्चालन गर्ने ।

**१२.२ शिक्षा क्षेत्रमा उपभोक्ता समितिहरुको भूमिका**

स्थानीय स्तरमा विद्यालयहरुलाई सहयोग गर्ने नजीकको निकायहरु भनेका सामुदायिक बन उपभोक्ता समितिहरु र सहकारीहरु पनि हुन । यस्ता उपभोक्ता समितिहरुमा बन उपभोक्ता समिति र खानी (कोइला, ढुङ्गा आदि) उपभोक्ता समितिहरुको नाम प्रमख रुपले आउने गर्दछ । यसरी सामुदायिक बन उपभोक्ता समितिहरुबाट प्राप्त हुने रकम विद्यालयहरुमा निम्न कार्यमा लगानी भएको तथा गर्न सक्ने देखिन्छ ।

- विद्यालयहरुको भवन निर्माण एवं भौतिक सुधार, फर्निचर एवं शैक्षिक सामग्री व्यवस्थापन ।
- पर्खाल, तारवार, खानेपानी र सौचालयको व्यवस्थापन, खेलमैदान एवं खेलकुद सामग्रीको व्यवस्थापन ।
- विद्यालयमा विभिन्न प्रतियोगिता एवं अतिरिक्त क्रियाकलापहरुमा सहयोग ।
- विद्यालयको नयाँ अनुमति एवं स्तरोन्नतिका लागि आवश्यक पर्ने जमानत रकम आदि ।
- विद्यालयहरुमा निजीस्तरमा राखिएका शिक्षक र कर्मचारीहरुको तलब भत्ता व्यवस्थापन ।

**१२.३ शिक्षा क्षेत्रमा वडा कार्यालयहरुको सहयोग तथा भूमिका**

स्थानीय स्तरमा विद्यालयहरुलाई संघीय बजेट, प्रदेश सरकारबाट प्राप्त हुने बजेट गाउपालिकाबाट बिनियोजन हुने बजेटका अतिरिक्त वडा कार्यालयहरुबाट पनि बिद्यालयहरुलाई सहयोग भईरहेको अबस्थ छ । यसरी प्राप्त हुने सहयोग रकम निम्न कार्यमा लगानी भएको देखिन्छ ।

- विद्यालयहरुको भवन निर्माण एवं भौतिक सुधार, फर्निचर एवं शैक्षिक सामग्री व्यवस्थापन ।
- पर्खाल, तारवार, खानेपानी र सौचालयको व्यवस्थापन, खेलमैदान एवं खेलकुद सामग्रीको व्यवस्थापन ।
- विद्यालयमा विभिन्न कार्यक्रम, शैक्षिक भ्रमण एवं समारोहको व्यवस्थापनमा सहयोग ।
- विद्यालयमा विभिन्न प्रतियोगिता एवं अतिरिक्त क्रियाकलापहरुमा सहयोग ।
- विद्यालयको नयाँ अनुमति एवं स्तरोन्नतिका लागि आवश्यक पर्ने जमानत रकम आदि ।

**१२.४ वडा, गैरसरकारी संस्थाहरु र उपभोक्ता समितिसंगको सहकार्य व्यवस्थापनका चुनौतिहरु**

शान्तिनगर गाउपालिकामा शिक्षाको क्षेत्रमा काम गर्ने सङ्घसंस्थाहरुको उपस्थिति देखिएपनि गाउँपालिकाले बनाएको शिक्षा योजनासंग मेल खानेगरी योजनाहरु समेटिएको अबस्था छैन। बर्तमानमा देखिएका चुनौतिहरुलाई निम्न बुदाहरुमा समेट्ने प्रयास गरिएको छ।

- आबश्यकता भन्दा पनि पहुँच र माग तथा निवेदनको आधारमा योजना तथा बजेट दिने परम्परा अहिले पनि विद्यमान छ।
- शिक्षाको क्षेत्रमा काम गर्ने सङ्घसंस्थाहरुको कार्यमा प्रभावकारी समन्वय र अनुगमन शिक्षा शाखाबाट पनि हुन सकेको छैन।
- प्रभावकारी समन्वय हुन नसकेकै कारण कतिपय सङ्घसंस्थाहरुले सञ्चालन गर्ने कार्यक्रमहरु दोहोरिएको कारण लगानी उपलव्धीमुलक हुन सकिरहेको छैन।।
- सङ्घसंस्थाहरुले शिक्षा क्षेत्रमा गर्ने लगानी र कार्यक्रमहरुलाई सरोकारवालाहरुको सामु पारदर्शी बनाउन सकिएको छैन।

## १२.५ अपेक्षित उपलब्धी

- नेपाल सरकारले शिक्षा क्षेत्रमा अघि सारेका उद्देश्यहरु हासिल गर्नका लागि स्थानीय तह वडा कार्यालयहरु, गैर सरकारी सघसंस्थाहरुसंगको सहकार्य प्रभावकारी भई शिक्षा क्षेत्रको उपलब्धि बढाउन सकिने छ।

## १२.६ रणनीतिक क्रियाकलापहरु

- स्थानीय तहहरुलाई शिक्षा क्षेत्रमा योजनाबद्ध किसिमले लगानी गर्नका लागि उत्प्रेरित गरिने छ। योजना बनाउनका लागि प्राविधिक सेवा उपलब्ध गराइने छ।
- सरकारी एवं गैरसरकारी सघंसंस्थाहरुले सञ्चालन गर्ने कार्यक्रमहरु र कार्यक्षेत्र नदोहोरिने गरी आपसी समन्वयमा सञ्चालन गरिने छ।
- संघसंस्थाको उपस्थितिलाई ग्रामिण क्षेत्रका वडाहरुमा केन्द्रित गरिने छ।
- नेपाल सरकारले अंगिकार गरेका नीति र कार्यक्रम एवं पालिका शिक्षा योजनाले अघि सारेका कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सङ्घसंस्थाहरुको कार्यक्रमहरुलाई समन्वय र मार्गनिर्देशन गरिने छ।
- सङ्घसंस्थाहरुको बीचमा समन्वय गर्नका लागि शिक्षा शाखाले सकृयता बढाउने छ।
- गैससहरुले गर्ने क्रियाकलाप र बजेटलाई सरोकारवालाहरुको बीचमा पारदर्शी बनाउने प्रणालीको बिकास गरिने छ।

## १२.७ अनुमानित बजेट लक्ष

यस कार्यका लागि पाँच बर्षे योजना अबधीमा लाग्ने बजेट तथा गर्न सकिने क्रियाकलाप सहितको बजेट परिच्छेद १३ र अनुसूची १२ मा बिस्तृत रुपमा दिईएको छ।

**१२.७ कार्यान्वयन तालिका** योजना अबधी २०७७/७८ देखी २०८२/०८३ सम्ममा समस्या समाधान क्रियाकलाप कार्यान्वयन तालिका

| क.सं. | | क्रियाकलाप (के) | प्रकृया(कसरी) | जिम्मेबारी (को/कस्को) |
|---|---|---|---|---|
| १ | संघ, पालिका, वडा र गैससले गर्ने क्रियाकलाप बिच समन्वयको अभाव | वडा कार्यालय, गैसस तथा उपभोक्ता समितिहरुको लगानीलाई एकिकृत गरी सञ्चालन गर्ने | वडा कार्यालय, गैससहरुबाट शिक्षा क्षेत्रबाट हुने लगानीलाई गाउँपालिकाको सभामा एकिकृत गरी लगानीलाई एक्द्धार प्रणालीबाट सञ्चालन गर्ने। | शिक्षा शाखा<br>वडा कार्यालय<br>गैससहरु<br>उपभोक्ता समितिहरु |
| २ | बास्केट फण्ड तथा म्याचिङ फण्डको अभाव | मिल्दा जुल्दा कार्यक्रमहरु सञ्चालनका लागि बास्केट फण्डको व्यबस्था गर्ने। | शिक्षा क्षेत्रमा सञ्चालन हुने मिल्दा जुल्दा कार्यक्रममा दोहोरोपन हटाउन महाशाखा मार्फत बास्केट फण्डमा ल्याई कार्यक्रम सञ्चालन गर्ने। | शिक्षा शाखा<br>वडा कार्यालय<br>गैससहरु<br>उपभोक्ता समितिहरु |
| ३ | शैक्षिक प्रकाशनमा संस्थागत तथा गैससका गतिबिधीलाई स्थान नदिईएको। | शैक्षिक प्रकाशनहरुमा सबैलाई स्थान दिने | शिक्षा शाखाले प्रकाशन गर्ने शिक्षा बुलेटिनमा गैसस र वडा तथा उपभोक्ता समिति मार्फत भएका शैक्षिक गतिबिधीलाई पनि स्थान दिने। | शिक्षा शाखा<br>गैसस<br>वडा कार्यालय<br>उपभोक्ता समिति |
| ४ | अन्य क्षेत्रबाट शिक्षा क्षेत्रमा भईरहेको लगानी थाहा नभएको | गैसस तथा उपभोक्ता समितिको लगानीलाई शैक्षिक योजनामा समावेश गर्ने | गैसस/उपभोक्ता समितिले गर्ने क्रियाकलापमहरुमा स्थानीय तहको उपस्थिति जनाई पारदर्शी प्रणालीको बिकास गर्ने। | शिक्षा शाखा<br>गैससहरु<br>उपभोक्ता समितिहरु |
| ५ | अन्य निकायले शिक्षा क्षेत्रमा गरेका राम्रा अभ्यासको अनुसरण हुन नसकेको। | गैसस तथा उपभोक्ता समितिबाट भएका राम्रा अभ्यासहरुलाई प्रवर्धन गर्ने। | शिक्षा शाखाले गैसस र उपभोक्ता समितिको अनुगमनबाट प्राप्त भएका प्राप्त राम्रा अभ्यासहरुको संगालो प्रकाशन गरी राम्रा अभ्यासको प्रवर्धनका लागि कार्यक्रमहरु सञ्चालन गर्ने। | शिक्षा शाखा<br>गैससहरु<br>उपभोक्ता समितिहरु |
| ६ | शिक्षाका कार्यक्रमहरुमा दोहोरोपन देखिएको। | कार्यक्रमहरुमा हुने दोहोरोपन हटाउन पारदर्शी अनुगमन प्रणालीको बिकास | शिक्षा शाखाले शिक्षा क्षेत्रमा हुने कार्यक्रमहरुको दोहोरोपन हटाउन र संघसंस्थाका क्रियाकलापहरुलाई पारदर्शी बनाउ चेकलिष्ट सहित अनुगमन गर्ने। | शिक्षा शाखा<br>उपभोक्ता समिति<br>गैससहरु |

# परिच्छेद तेह्र

## बजेट व्यबस्थापन(Financial Management)

### १३ परिचय

यस परिच्छेदमा शान्तिनगर गाउँपालिकाको ५ बर्षे शिक्षा योजनाका लागि अनुमान गरिएका क्रियाकलापनका लागि बजेट अनुमान प्रस्तुत गरिएको छ। हरेक योजनालाई बास्तविक धरातलमा अनुमान तथा प्रक्षेपण गर्न र कार्यक्रम क्रियाकलापहरुलाई जीवन्तता दिन बजेट व्यबस्थापन जरुरी हुन्छ। बिगतका बर्षहरुमा भएका आम्दानीका श्रोतहरु र खर्च गराईको अभ्यास र सिकाइका आधारमा आगामी दिनमा गरिने क्रियाकलापकहरुका लागि बजेट अनुमान गर्ने गरिन्छ। त्यस पाटोलाई यस परिच्छेदमा बिषयगत, तहगत रुपमा स्पष्ट खाकामा राख्ने प्रयास गरिएको छ।

१३.१ पाँच बर्षे योजना अबधीमा गरिने क्रियाकलापका लागि आम्दानीका अनुमान रु हजारमा

| क.सं. | सहयोग उपलब्ध हुने निकाय | कुल बजेट | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाल सरकार संघीय बजेट | 770972 | 80.7 |
| २ | नेपाल सरकार प्रदेश बजेट | 10000 | 1.0 |
| ३ | गाँउपालिका बजेट | 150000 | 15.7 |
| ४ | वडा बजेट | 15000 | 1.6 |
| ५ | संस्थागत बिद्यालय बजेट | 1600 | 0.16 |
| ६ | गैर सरकारी संस्था बजेट | 3016 | 0.31 |
| ७ | सामुदायिक बन कोईला आदी समितिहरु | 5000 | 0.52 |
| | जम्मा | 955588 | 100 |

१३.१ मा पाँच बर्षे योजना अबधिमा गरिने अनुमानित निकायगत आम्दानी खाका देखाईएको छ। यो अबधीमा कुल ९५ करोड ५५ लाख ८८ हजार रुपैया आम्दानी हुने अनुमान गरिएको छ। जस्को प्रतिशत समेत देखाईएको छ।

१३.१.१ पाँच बर्षे योजना अबधिमा गरिने विभिन्न क्रियाकलाप शिर्षक तथा बजेट अनुमान

| क्र.सं. | क्रियाकलाप शिर्षकहरु | पाँच बर्षको जम्मा |
|---|---|---|
| १ | बाल बिकास, आधारभुत तथा माध्यमिक तहको प्रशासन तर्फको संघको बजेट | **507232** |
| २ | बाल बिकास, आधारभुत तथा माध्यमिक तहको तलव बाहेकको संघको नियमित अनुदान | **263740** |
| ३ | बाल बिकास, आधारभुत तथा माध्यमिक तहको प्रशासन तर्फको गाउँपालिका बजेट भौतिक तथा बित्तिय लक्ष बिबरण | **91831** |
| ४ | बाल बिकास केन्द्रतर्फ पाँच बर्षको योजना अबधिका क्रियाकलापको भौतिक एबं बित्तिय लक्ष बिबरण | 11600 |
| ५ | आधारभुत तथा माध्यमिक तहमा भौतिक पूर्बाधार तथा शैक्षिक सामग्री उपकरण पूर्बाधार तर्फको बित्तिय बजेटको लक्ष | 43600 |
| ६ | आधारभुत, माध्यमिक तथा उच्च शिक्षामा गुणस्तरिय शिक्षाका लागि शैक्षिक व्यबस्थापन तर्फको बजेट लक्ष | 9250 |
| ७ | आधारभुत, माध्यमिक तथा समुदाय स्तरमा खेलकुद तथा युवा तर्फको बित्तिय बजेट लक्ष | 3900 |
| ८ | अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा तर्फको बजेट | 1610 |
| ९ | बिद्यार्थी, शिक्षक, कर्मचारीको क्षमता तथा पेशागत बिकास बजेट | 16260 |
| १० | संस्थाथत बिद्यालय व्यबस्थापन बजेट | 1710 |
| ११ | गैर सरकारी संस्था संगको सहकार्य बजेट | 3255 |
| १२ | सुपरिवेक्षण, अनुगमन तथा मुल्याङ्कन बजेट | 1600 |
| | **जम्मा** | 955588 |

तालिका १३.१.१ मा पाँच बर्षे शिक्षा योजना कार्यन्वयनमा जादा हुने शिर्षकगत खर्च अनुमानको बिस्तृत बिबरण देखाईएको छ ।

तालिका १३.२.सहयोगी कार्यकर्ता, आ.बि. तथा मा.बि.शिक्षक, बिद्यालय सहायक र सहयोगीको तलव भत्ताकों संघ तर्फको बजेट लक्ष रकम रु हजारमा

| क्र. स. | शिक्षाका कार्यक्रमहरु | हालको एकाई | ५ बर्षको जम्मा | |
|---|---|---|---|---|
| | | | भौतिक | वित्तिय |
| १ | बाल बिकास सका ३७ जना, बिद्यालय सहायक ६ तथा बिद्यालय सहयोगी २७ जना र सामदायिक सिकाई केन्द्र सहजकर्ता १ जना गरी ७१ जनाको पारिश्रमिक तथा पोशाक भत्ता | 71 | | 56021 |
| २ | प्रा.बि. ९१, निमाबि २३, गरी ११४ जनाको पारिश्रमिक तथा पोशाक भत्ता | 114 | | 370971 |
| ३ | मा.बि. ११, प्राबिधिक धार १५, उमाबि ३ जना गरी २९ जना शिक्षकको पारिश्रमिक तथा पोशाक भत्ता | 29 | | 80240 |
| | | | | 507232 |

तालिका १३.२ मासहयोगी कार्यकर्ता, आधारभुत तथा माध्यमिक बिद्यालयका शिक्षक, बिद्यालय सहायक र सहयोगीको तलव भत्ताकों लागि संघबाट उपलब्ध हुने बजेट अनुमान गरिएको छ। जस अनुसार ५ बर्षको योजना अवधीमा तलव भत्ताका लागिमात्र ५० करोड ७२ लाख ३२ हजार रुपैया बजेट खर्च हुनेछ।

तालिका १३.३ बाल बिकास, आधारभुत तथा माध्यमिक तहको तलव बाहेक संघको नियमित अनुदानको बजेटको लक्ष रु. हजारमा

| क.स. | शिक्षाका कार्यक्रमहरु | एकाई | ५ बर्षको जम्मा | |
|---|---|---|---|---|
| | | | भौतिक | वित्तिय |
| १ | बिद्यार्थीहरुका लागि निशुल्क पाठ्पुस्तक अनुदान | | | 17036 |
| २ | बिद्यालय सञ्चालन तथा व्यबस्थापन अनुदान | | | 10523 |
| ३ | छात्रा, दलित तथा अपाङ्गता लगायतका छात्रबृत्ति | | | 5661 |
| .४ | दिवा खाजा कार्यक्रम अनुदान | | | 36917 |
| ५ | छात्राहरुका लागि निशुल्क स्यानीटरी प्याड बितरण | | | 9339 |
| ६ | प्रति बिद्यार्थी लागतका आधारमा शिक्षण सिकाई एबं कक्षा ८ को परिक्षा व्यबस्थापन | | | 30867 |
| ७ | बिद्यालय शैक्षिक गुणस्तर सुदृढिकरण एबं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान | | | 48871 |
| ८ | शैक्षिक गुणस्तर सुनिश्चितता, अनौपचारिक तथा बैकल्पीक शिक्षा कार्यक्रम | | | 5382 |
| ९ | बिद्यालय भौतिक पुर्बाधार निर्माण अनुदान | | | 96704 |
| १० | खेलकुद बिकास कार्यक्रम | | | 1220 |
| ११ | युवा कार्यक्रम | | | 1220 |
| | जम्मा | | | 263740 |

तालिका १३.३ बाल बिकास, आधारभुत तथा माध्यमिक तहको तलव बाहेक संघको नियमित अनुदान अन्तर्गत माथि उल्लेखित ११ शिर्षकमा २६ करोड ३७ लाख ४० हजार बजेटको लक्ष निर्धारण गरिएको छ।

तालिका १३.४. बाल बिकास, आधारभुत तथा माध्यमिक तहको प्रशासन तर्फको गाउँपालिका बजेट भौतिक तथा बित्तिय लक्ष बिबरण रु. हजारमा

| क.स. | शिक्षाका कार्यक्रमहरु | एकाई | प्रति ई लागत | ५ बर्षको जम्मा | |
|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तिय |
| १ | बाल विकास सका थप तलव अनुदान | 37 | 101 | | 22791 |
| २ | सासिकेका सहजकर्ता १ थप तलव अनुदान | 1 | 101 | | 615 |
| ३ | बिद्यालय सहायक ६ तथा सहयागी २७ गरी ३३ जना अनुदान | 33 | 101 | | 20344 |
| ४ | आधारभुत तहका ३८ जना शिक्षक पारिश्रमिक तथा पोशाक भत्ता अनुदान | 38 | 127 | | 32456 |
| ५ | माध्यमिक तहका १६ जना शिक्षकको पारिश्रमिक तथा पोशाक भत्ता अनुदान | 16 | 160 | | 15625 |
| | जम्मा | | | | 91831 |

तालिका १३.४. बाल बिकास, आधारभुत तथा माध्यमिक तहका शिक्षकहरुलाई संघबाट अपग तथा पालिकाबाट थप तलव भत्ता अनुदानका लागि ५ बर्षको अबधीमा ९ करोड १८ लाख ३१ हजार बजेटको लक्ष अनुमान गरिएको छ ।

**तालिका १३.५. बाल बिकास शिक्षा तर्फ गाउँपालिका तथा अन्य क्षेत्रबाट प्राप्त हुने सहयोगका भौतिक एबं बित्तिय लक्ष बिबरण रु हजारमा**

| क.स. | शिक्षाका कार्यक्रमहरु | एकाई | प्रति ई लागत | ५ बर्षको जम्मा | |
|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तिय |
| १ | बाल बिकास सकालाई सिकाई सामग्री निर्माण कार्यशाला (एक पटकमा २० देखी २५ जना) | | 150 | 3 | 650 |
| २ | बाल बिकासका लागि लिड टिभी तथा आईसीटी सामग्री व्यबस्थापन | | 50 | | 5750 |
| ३ | सकाहरुलाई आधारभुत, पुनर्ताजगी तथा मन्टेश्वरी तालिम एक सिप्टमा २० देखी २५ जना | | 150 | 3 | 500 |
| ४ | सकाहरुलाई नेतृत्व बिकास, बच्चाको हेरचाह शिप बिकास तालिम | | 150 | 2 | 300 |
| ५ | बाल बिकास केन्द्रमा खेल सामग्री व्यबस्थापन प्रति बिद्यार्थी ५ सय | | 566 | 5 | 2950 |
| ६ | पालिकास्तरिय प्रारम्भिक बाल बिकासका बिद्यार्थी बिचको चित्रकला प्रतियोगिता वा बकृत्वकला प्रतियोगिता | | 50 | 5 | 250 |
| ७ | बिद्यालयको प्रस्तावमा आधारित नमुना बाल बिकास केन्द्र प्रोत्साहन अनुदान | | 200 | 5 | 1200 |
| | जम्मा | | | | 11600 |

तालिका १३.५. बाल बिकास शिक्षा तर्फ गाउँपालिका तथा अन्य क्षेत्रबाट प्राप्त हुने सहयोगका भौतिक एबं बित्तिय लक्ष १ करोड १६ लाख अनुमान गरिएको छ। जुन क्रियाकलाप माथिको तालिकामा देखाईएको छ।

**तालिका १३.६आधारभुत/माध्यमिक तहमा भौतिक तथा शैक्षिक सामग्री उपकरण पूर्बाधार तर्फको** भौतिक एबं बित्तिय लक्ष बिबरणरु. हजारमा

| क.स. | शिक्षाका कार्यक्रमहरु | एकाई | प्रति ई. लागत | ५ बर्षको जम्मा | |
|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तिय |
| १ | बिद्यालयमा भवन निर्माण गाउँपालिका मोडेल लाख | | 4000 | 1 | 4000 |
| २ | शिक्षक तथा छात्रा लगायतलाई छात्राबास भवन | | 10000 | 1 | 10000 |
| ३ | बिशेष शिक्षा भवन (अपाङ्गता भएका बिद्यार्थीका लागि) | | 0 | 0 | 0 |
| ४ | बिद्यालयमा तालिम तथा सेमिनार कक्षा सहितको सभाहल निर्माण | | 2000 | 2 | 4000 |
| ५ | बाचनालय सहितको पुस्तकालय भवन निर्माण | | 2000 | 2 | 4000 |
| ६ | क्यान्टीन (खाजाघर) निर्माण | | 2000 | 1 | 4000 |
| ७ | वास तथा चेण्जिङ रुपम सहितको सौचालय | | 1000 | 1 | 1000 |
| ८ | बिज्ञान ल्याव भवन डेकोरेसन कक्ष सहितका | | **500** | 2 | 1000 |
| ९ | ३३ प्रतिशत बिद्यालयको लागत सहभागितामा बिद्यालयमा कम्पाउण्ड वाल तथा तारवार खेल मैदान निर्माण | | 200 | 5 | 1000 |
| १० | बिद्यालयमा सुद्ध खानेपानी ट्याङकी, युरोगार्ड फिल्टर जडान | | 50 | 5 | 250 |
| ११ | बिद्यालयको २५ प्रतिशत लागत सहभागितामा बिद्यालय रंगरोगन | | 200 | 5 | 1000 |
| | **बिद्यालय शैक्षिक सामग्री पुर्बाधार तर्फ** | | | | |
| १२ | बिज्ञान ल्याव उपकरण खरिद | | 100 | 4 | 400 |
| १३ | पुस्तकालयका लागि पुस्तक खरिद अनुदान | | **100** | 4 | 400 |
| १४ | कम्युटर ल्यावका लागि कम्प्युटर खरिद अनुदान | | 400 | 2 | 800 |
| १५ | फर्निचर/डेस्कबेञ्च, दराज अफिस सामान | | 300 | 2 | 600 |
| १६ | बिषयगत टिकाउ शैक्षिक सामग्रीहरु ( सबै बिषयका) | | 100 | 4 | 400 |
| १७ | खेल/बाद्यबादन सामग्री | | 50 | 16 | 1250 |
| १८ | माध्यमिक तहका प्रबिधी मैत्री बिज्ञान, गणित, अंग्रेजी शिक्षकलाई ७० प्रतिशत अनुदानमा ल्यापटप बितरण | | 50 | | 3000 |
| १९ | बिद्यालयमा सूचना प्रबिधी बिस्तार ईन्टरनेट उपकरण तथा सहज कार्यसम्पादनका लागि ल्यापटप, कम्प्युटर ईन्टरनेट जडान, फोटोकपी मेसिन, प्रीन्टर | | 200 | 25 | 5500 |
| २० | म्याचिङ फण्डमा आधारित शैक्षिक बिकास कार्यक्रम | | | | 1000 |
| | **जम्मा** | | | | 43600 |

तालिका १३.६ मा आधारभुत तथा माध्यमिक तहमा भौतिक तथा शैक्षिक सामग्री उपकरण पूर्बाधार तर्फ ५ बर्षे योजना अबधिमा संघ बाहेकको श्रोतबाट ४ करोड ३६ लाख रुपैया खर्च गर्ने गरी क्रियाकलाप अनुमान गरिएको छ।

**तालिका १३.७ आधारभुत, माध्यमिक तथा उच्च शिक्षामा गुणस्तरिय शिक्षाका लागि शैक्षिक व्यबस्थापन तर्फको बजेट** लक्ष रु. हजारमा

| क.स. | शिक्षाका कार्यक्रमहरु | एकाई | प्रति ई. लागत | ५ बर्षको जम्मा | |
|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तिय |
| १ | बाल बिकास, कक्षा र बिद्यालय थप तथा मर्जका लागि (सामुदायिक नक्साङकन) | | | 1 | 200 |
| २ | माध्यमिक तहमा प्राबिधिक धार बिषय बिस्तार संभाव्यता अध्ययन | | 500 | 1 | 500 |
| ३ | तहगत तथा बिषयगत दरबन्दी मिलान | | | 1 | 100 |
| ४ | शैक्षिक क्यालेण्डर, बुलेटिन तथा पार्श्वचित्र निर्माण | | | 10 | 1050 |
| ५ | गाउँपालिका शिक्षा योजना अध्याबधिक | | | 1 | 200 |
| ६ | धार्मिक बिद्यालयलाई ० वा ०-१, वा ०-२ वा ०-३ पछि सामुदायिक बिद्यालयमा मुलप्रबाहिकरण अनुदान | | | 1 | 100 |
| ७ | शिक्षा, साक्षरता लगायतका दिवसका अबसरमा अन्तर बिद्यालय अतिरिक्त क्रियाकलाप सञ्चालन | | | 18 | 500 |
| ८ | सिकाई उपलव्धी मापनका लागि परिक्षा व्यबस्थापन | | | 10 | 800 |
| ९ | पाठ्यक्रम प्रबोधिकरण कार्यक्रम | | | 2 | 200 |
| १० | कक्षा ५ र ८ को परिक्षा तथा नतिजा व्यबस्थापन | | | 10 | 1000 |
| ११ | स्थानीय संस्कृति तथा शिपमा आधारित पाठ्यक्रम निर्माण तथा प्रबोधिकरण | | | 1 | 900 |
| १२ | सूचक तयार गरी उत्कृष्ट बाल बिकास, आ.बि. तथा माबि पुरस्कार | | | 15 | 1000 |
| १३ | बाल बिकास, आधारभुत तथा माध्यमिक तहका शिक्षक सहित बिबिस, शिक्षा समितिका प्रतिनिधीलाई राम्रा बिद्यालयको शैक्षिक अबलोकन कार्यक्रम | | 300 | 2 | 600 |
| १४ | शिक्षा सम्वन्धी ऐन, कानुन तथा निर्देशिका निर्माण | | 200 | | 600 |
| १५ | शिक्षा शाखा मसलन्द, सवारी मर्मत, ईन्धन, सूचना सञ्चार खर्च | | | | 1500 |
| जम्मा | | | | | 9250 |

तालिका १३.७ मा संघका नियमित बाहेक बिशेष कार्यक्रम लगायत अन्य श्रोतको खोजी गरी १५ प्रकारका १५ बटा क्रियाकलापमा ९२ लाख ५० हजार खर्च हुने अनुमान गरिएको छ।

**तालिका १३.८.बिद्यालय तथा समुदाय स्तरमा गाउँपालिकास्तर बजेट खेलकुद तथा युवा तर्फको** भौतिक एबं बित्तिय लक्ष बिबरणरु. हजारमा

| क.स. | शिक्षाका कार्यक्रमहरु | एकाई | प्रति ईकाई लागत | ५ बर्षको जम्मा | |
|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तिय |
| १ | अध्यक्ष कप खेलकुद प्रतियोगिता | | | | 3900 |
| २ | भलिबल प्रतियोगिता | | | | |
| ३ | क्रिकेट प्रतियोगिता | | | | |
| ४ | अन्य रचनात्मक खेलकुद | | | | |
| जम्मा | | | | | 3900 |

तालिका १३.८. मा बिद्यालय तथा समुदाय स्तरमा गाउँपालिका बजेटबाट खेलकुद तथा युवा तर्फ पाँच बर्षे योजना अवधीमा ३९ लाख रुपैया बजेटको बित्तिय लक्ष राखिएको छ।

**तालिका १३.९ अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा तर्फको भौतिक एबं बित्तिय लक्ष बिबरण रु. हजारमा**

| क.स. | शिक्षाका कार्यक्रमहरु | एकाई | प्रति ईकाई लागत | ५ बर्षको जम्मा | |
|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तिय |
| १ | सामुदायिक सिकाई केन्द्र (CLC) सञ्चालन निर्देशिका तयार गर्ने | 1 | 50 | 1 | 50 |
| २ | अनौपचारिक तथा जीवन पर्यन्त शिक्षा नगर समन्वय समिति गठन | | 20 | 1 | 20 |
| ३ | सीएलसी सहजकर्ता क्षमता अभिबृद्वि तालिम | | | 2 | 40 |
| ४ | सीएलसी मार्फत ड्रप आउट जीरो कार्यक्रम | | | 5 | 250 |
| ५ | शैक्षिक सूचना केन्द्र स्थापना | | | 1 | 250 |
| ६ | शिक्षा महाशाखामा सिप परिक्षण इकाई गठन गरी सीप परिक्षण प्रश्नपत्र बैक/मुल्याङ्कन बिधी व्यबस्थापन | | | | 150 |
| ७ | सिकाई केन्द्र मार्फत आय आर्जन समुह गठन तथा समुहहरुलाई बिउ पुजी सहयोग | | | 12 | 400 |
| ८ | जीवन पर्यन्त शिक्षाश्रोत व्यक्ति दुत मनोनयन गरी अभियान सञ्चालन | | | 16 | 400 |
| ९ | सीएलसी मा सिप आर्जन गरेकाको अभिलेखिकरण गरी शिपयुक्त जनसक्ति रोष्टर तयार गर्ने | | 25 | 1 | 25 |
| १० | लक्षित समुह तथा सेवा प्रदायक समन्वय अन्तर्क्रिया कार्यक्रम सञ्चालन | | 25 | 1 | 25 |
| | जम्मा | | | | 1610 |

तालिका १३.९ अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा तर्फको गरिने क्रियाकलापकका लागि १६ लाख १० हजारको बजेट लक्ष अनुमान गरिएको छ ।

**तालिका १३.१० बिद्यार्थी, शिक्षक, कर्मचारीको क्षमता तथा पेशागत बिकास** रु. हजारमा

| क.स. | शिक्षाका कार्यक्रमहरु | एकाई | प्रति ईकाई लागत | ५ बर्षको जम्मा | |
|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तिय |
| १ | आधारभुत तथा माध्यमिक शिक्षकका लागि सेवा प्रबेश तालिम (१० दिने) | | | | 200 |
| २ | आधारभुत तथा माध्यमिक शिक्षकका लागि बिषयगत तालिम (सामाजिक गणित बिज्ञान अंग्रेजी.......) | | | | 1100 |
| ३ | प्रधानाध्यापकहरुका लागि नेतृत्व बिकास, कार्यालय व्यबस्थापन, परामर्श सेवा, मध्यस्थता, बिबाद समाधान तालिम | | | | 1150 |
| ४ | आ.बि. तथा मा.बि.का प्र.अ. बिद्यालय सहायक तथा योजना निर्माणमा रुची राख्ने शिक्षकलाई बिद्यालय बिकास योजना निर्माण शिप तालिम | | | | 1150 |
| ५ | सका, आधारभुत तथा माध्यमिक शिक्षक र प्र.अ. तथा बिद्यालय कर्मचारी समेतलाई सूचना, सञ्चार तथा प्रबिधी (आईसीटी ) लेखा प्रणाली तालिम | | | | 1100 |
| ६ | सहयोगी कार्यकर्ता आधारभुत तथा माध्यमिक शिक्षक, प्रधानाध्यापक तथा बिबिस अध्यक्षलाई राम्रा अभ्यास सञ्चालन भएका नमुना बिद्यालयको भ्रमण | | 200 | 3 | 750 |
| ७ | अनुसन्धानमा संलग्न शिक्षकलाई छात्रबृत्ति तथा पुरस्कार प्रोत्साहन | | | 20 | 680 |
| ८ | सूचकका आधारमा उत्कृष्ट शिक्षक, कर्मचारी, व्यबस्थापन समिति तथा दानबिर अभिभावकलाई पुरस्कृत तथा प्रमाणपत्र बितरण कार्यक्रम | | | 20 | 680 |
| ९ | बिभिन्न प्रतियोगिताहरु मार्फत बिद्यार्थीको क्षमता बिकास तथा प्रतिभा पहिचान कार्यक्रम | | | | 900 |
| १० | गैसस संगको सहकार्यमा शिक्षक तथा बिद्यार्थीको खोज, क्षमता तथा सृजना प्रदर्शन शैक्षिक महोत्सव | | | | 1000 |
| ११ | सूचक तयार गरी उत्कृष्ट बाल बिकास, आ.बि. तथा माबि पुरस्कार | | | | 1550 |
| १२ | प्राबिधिक बिषयका बिद्यार्थीलाई उच्च शिक्षा छात्रबृत्ति | | | | 2500 |
| १३ | जेहेन्दार बिद्यार्थी छात्रबृत्ति | | 200 | | 1200 |
| १४ | शिक्षकहरुलाई IEMIS तालिम | | 200 | | 1100 |
| १५ | प्रधानाध्यापकहरुको द्वैमासिक बैठक | | | | 1200 |
| जम्मा | | | | | 16260 |

तालिका १३.१० मा बिद्यार्थी, शिक्षक, कर्मचारीको क्षमता  तथा पेशागत बिकासका लागि पाँच बर्षे योजना अवधीमा १ करोड ६२ लाख ६० हजार रुपैयाको बजेट खर्च हुने अनुमान गरिएको छ।

**ताालिका १३.११. संस्थाथत बिद्यालय व्यबस्थापन बजेट लक्ष** रु. हजारमा

| क्र.स. | शिक्षाका कार्यक्रमहरु | एकाई | प्रति ई लागत | ५ बर्षको जम्मा | |
|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तिय |
| १ | संस्थागत बिद्यालयलाई मुल प्रबाहिकरण तथा मर्जका लागि प्रोत्साहन अनुदान | | | 1 | 200 |
| २ | संस्थागत बिद्यालयलाई तथ्याङक व्यबस्थापन तालिम | | | 3 | 175 |
गाभिनेविद्यालयले सरकारको तर्फबाट विशेष सहायता कार्यक्रमको अवसर पाउनेछन् । यस्तो विशेष सहायता कार्यक्रमको विकास शिक्षा विभागले गर्नेछ । सबै विद्यालयहरु गाभ्नका लागि उपयुक्त हुने छैनन् । स्थापित आधार र

विद्यालय नक्सांकन कार्यक्रमबाट प्राप्त सूचनाका आधारमा गाभ्ने विद्यालयको पहिचान गरिनेछ । गाभ्ने विद्यालय छनौटका आधारहरुमा निम्न कुराहरु समावेश हुन सक्नेछन् :

- दुई वा सोभन्दा बढी विद्यालयको पर्खाल एक आपसमा जोडिएको,
- दुई या सोभन्दा बढी विद्यालयबीचको पैदल दूरी ३० मिनेटभन्दा बढी नभएको,
- नजिक रहेको दुई अथवा सोभन्दा बढी विद्यालयमध्ये एउटा अथवा सबैमा विद्यार्थी संख्या प्रारम्भिक विद्यालयको लागि चाहिने १०० भन्दा कम, प्राथमिक विद्यालयका लागि चाहिने २०० भन्दा कम र उच्च प्राथमिक विद्यालय सञ्चालनका लागि चाहिने ३०० भन्दा कम भएमा,
- नजिकको दूरीमा रहेका र आपसमा गाभिएर उच्च तहको विद्यालयको हैसियत प्राप्त गर्न चाहने दुई अथवा सोभन्दा बढी विद्यालय,
- जनसंख्या वृद्धि दर कम भएको, जनसंख्या वृद्धि घट्दो दरमा भएको र भविष्यमा पनि जनसंख्या नबढ्ने खालको समुदायमा स्थापना भएका दुई अथवा सोभन्दा बढी विद्यालयहरु ।

**विद्यालय स्तरमिलन**

हाल सञ्चालनमा रहेका तर प्रारम्भिक, प्राथमिक र उच्च प्राथमिक विद्यालयका रुपमा स्तर वृद्धि गर्न र आपसमा गाभ्नका लागि आधार पूरा नगर्ने विद्यालयका लागि निम्नलिखित विकल्पहरु हुनेछन् :

- हाल सञ्चालनमा रहेर पनि प्रारम्भिक विद्यालयका रुपमा स्तर वृद्धि गर्ने न्यूनतम आधार पूरा नभएका विद्यालयले समुदाय र स्थानीय तहसँगको सहकार्यमा बहुकक्षा विद्यालय या पूर्व बाल शिक्षा विकास केन्द्रसहितको वैकल्पिक शिक्षा केन्द्रको रुपमा सञ्चालन हुने विकल्प छान्न पाउनेछन् ।
- कक्षा १-५ सम्म सञ्चालन हुने प्राथमिक विद्यालयका रुपमा स्तर वृद्धि गर्न आधार पूरा नभएका विद्यालयले कक्षा १-३ सम्मको प्रारम्भिक विद्यालयका रुपमा सञ्चालनमा रहन पाउनेछन् । यस्ता विद्यालयलाई नजिकको प्राथमिक विद्यालयको विस्तारित शाखाको रुपमा सञ्चालनमा रहन पाउने पनि अवसर हुनेछ ।
- हाल सञ्चालनमा रहेर उच्च प्राथमिक विद्यालयका रुपमा स्तर वृद्धि भई सञ्चालनमा आउन आधारहरु पूरा नभएका विद्यालयले प्राथमिक विद्यालयका रुपमा सञ्चालन हुन पाउनेछन् र यस्ता विद्यालयले नजिकको उच्च प्राथमिक विद्यालयको शाखा विद्यालयका रुपमा रहन पाउने पनि अवसर पाउनेछन् ।

## धार्मिक/परम्परागतरुपमा सञ्चालित विद्यालयहरु

गुम्बा/विहार, मदरसा र गुरुकुल जस्ता परम्परागत विद्यालयहरु शिक्षाको औपचारिक पद्धतिमा आउन सक्नेछन्। हाल सञ्चालनमा रहेका संस्कृत विद्यालयहरु राष्ट्रिय ढाँचाभित्रै निरन्तर सञ्चालनमा रहनेछन्।

यस्ता विद्यालयहरुले शिक्षणसिकाइका सन्दर्भमा राष्ट्रिय आधार र मापदण्ड पूरा गर्नुपर्ने हुन्छ। यस्ता विद्यालयहरुले उपलब्ध गराएकोशिक्षाको स्तरका आधारमा प्रमाणीकरण र स्तराङ्कन गरिनेछ। यस्ता विद्यालयबाट कुनै तहको शिक्षा पूरा गरेकाहरु जुनसुकै पद्धतिको माथिल्लो तहमा अध्ययन गर्न पाउनेछन्। यस्ता धार्मिक/परम्परागत विद्यालयहरुको राष्ट्रिय मूल प्रवाहीकरणका लागि जिल्लास्तरमा एउटा उच्चस्तरीय समिति गठन गरिनेछ, जसले यस्ता विद्यालयको पाठ्यक्रम र शैक्षिक मापदण्डका बारेमा अध्ययन र सिफारिस गर्नेछ। उक्त समितिले यस्ता विद्यालयबाट प्राप्त शिक्षाको प्रमाणीकरण र स्तराङ्कनका लागि पनि सिफारिस गर्नेछ। जसले गर्दा एक किसिमको विद्यालयबाट अर्को किसिमको विद्यालयमा प्रवेश सहज हुनेछ।

## नयाँ विद्यालयको स्थापना

तोकिएका आधारहरु र विद्यालय नक्साङ्कन कार्यक्रमबाट प्राप्त सूचनाका आधारमा स्थानीय तह सरकारले नयाँ स्थापना गर्ने विद्यालयको स्थान र विद्यालयको तह-प्रारम्भिक, प्राथमिक र उच्च प्राथमिक विद्यालयको स्वीकृति दिन पाउने छ। कुनै पनि विद्यालयले प्रारम्भिक, प्राथमिक र उच्च प्राथमिक भन्दा फरक कक्षा समावेश हुनेगरी सञ्चालन गर्नका लागि स्वीकृति पाउने छैन। एकपटक स्वीकृति पाएका सबै विद्यालयहरुले तोकिएको समयभित्र तोकिएको कक्षा/तह सञ्चालन गर्नुपर्नेछ।

- प्रारम्भिक विद्यालय: ३० देखि ४० अथवा सोभन्दा बढी घरधुरी भएका १५० देखि २०० जनसंख्या या ५ वर्षदेखि ७ वर्षसम्मको उमेरसमूहको जनसंख्या १०० देखि १५० सम्म भएको वस्ती/समुदायमा कम्तिमा एउटा प्रारम्भिक विद्यालय स्थापना हुने पातलो वस्ती भएका स्थानहरुमा प्रारम्भिक विद्यालय स्थापना गर्ने भनिए तापनि यस्ता केही विद्यालयमा बहुकक्षा शिक्षणको व्यवस्थाका बारेमा सम्भाव्यता अध्ययन र परीक्षण गरिनेछ।

- प्राथमिक विद्यालय: ८० देखि १०० या सोभन्दा बढी घरधुरी भएको या जम्मा जनसंख्या ४०० देखि ५०० वा सोभन्दा बढी भएको या ५ देखि ९ वर्ष उमेर समूहको जनसंख्या २०० देखि २५० सम्म भएको गाउँमा कम्तिमा एउटा प्राथमिक विद्यालय स्थापना हुने।

- उच्च प्राथमिक विद्यालय: १५० देखि २०० या सोभन्दा बढी घरधुरी या ८०० देखि १००० सम्म कुल जनसंख्या या ५ देखि १३ वर्ष उमेर समूहको जनसंख्या ३०० देखि ३५० भएको गाउँमा कम्तिमा एउटा उच्च प्राथमिक विद्यालय स्थापना हुने।

- कक्षा ३ सम्मको बहुकक्षा विद्यालयः छरिएको जनसंख्या भएको र जनसंख्या वृद्धिको सम्भाव्यता एकदम कम भएको समुदाय बहु कक्षा विद्यालयका लागि छनौट हुन सक्नेछ ।

द्रस्टव्य : माथि उल्लेख गरिएका आधारहरु हिमाल, पहाड र तराईको असमान जनसंख्यालाई सम्बोधन गर्ने किसिमका छन्। बसोबासको क्षेत्रका विशेषता र यसको जनसंख्या सम्बन्धी बृहत सूचनाका आधारमा यी आधारहरु स्थानीयस्तर मा परिभाषित हुनुपर्नेछ ।

**वैकल्पिक शिक्षा**

विविध जन आवश्यकता र चाहनाहरुको सम्बोधन गर्नका लागि वैकल्पिक माध्यमबाट शिक्षा प्रदान गर्ने कामलाई अझ व्यापक बनाइनेछ । वैकल्पिक शिक्षा कार्यक्रमभित्र खुला, घुम्ति पद्धतिसहितको लचिलो विद्यालय शिक्षा र अनौपचारिक शिक्षा पर्दछन्। हाल कार्यान्वयनमा रहेका अनौपचारिक शिक्षा कार्यक्रमले विद्यालय शिक्षा छाडिसकेकाहरुका लागि लक्षित गरेर विद्यालय विस्तार, लचिलो विद्यालय शिक्षा र ब्रिजिङ कोर्स पनि समावेश गर्नेछ ।

वैकल्पिक शिक्षा कार्यक्रम कार्यान्वयनको जिम्मेवारी गाउँ पालिका र नगरपालिकाजस्ता स्थानीय तहका सरकारको हुनेछ। यस कार्यक्रमका लागि उनीहरुले कार्यान्वयन निर्देशिका र अनुगमन तथा सुपरिवेक्षणका ढाँचाको विकास गर्ने छन् । वैकल्पिक शिक्षा कार्यक्रमको गुणस्तर सुनिश्चिततताका लागि जिल्ला शिक्षा बिकास तथा समन्वय ईकाईले अनुगमन र सुपरिवेक्षणका लागि आवश्यक प्राविधिक स्रोत सहयोग उपलब्ध गराउनेछ ।

जिल्ला शिक्षा बिकास तथा समन्वय इकाइ कार्यालयले स्थानीय तह सरकारसँगको परामर्शमा वैकल्पिक शिक्षा कार्यक्रमका लागि केन्द्रको संख्या र कार्यक्रमको किसिम निर्धारण गर्नेछ । यी कार्यक्रमहरु विद्यालय, गैरसरकारी संस्था र समुदायमा आधारित संस्थाहरुले पनि सञ्चालन गर्न सक्नेछन् ।

अनौपचारिक शिक्षा केन्द्रले वैकल्पिक शिक्षा कार्यक्रम कार्यान्वयनको ढाँचा उपलब्ध गराउनेछ । जसका आधारमा जिल्लास्तरमा शिक्षा बिकास तथा समन्वय ईकाई र स्थानीय तह सरकारलाई शिक्षाविद्को परामर्शमा आफ्नै वैकल्पिक शिक्षा कार्यक्रम विकास गर्न प्रोत्साहन गरिनेछ । स्थानीयस्तरमा विकास गरिएका यस्ता कार्यक्रमहरु प्रमाणीकरण र स्तराङ्कनका लागि अनौपचारिक शिक्षा केन्द्रबाट स्वीकृत गराउनुपर्नेछ ।

विभिन्न पद्धतिबाट प्राप्त गरेको शिक्षाको समकक्षता हुनु आवश्यक छ। जुनसुकै पद्धतिबाट शिक्षा लिएको व्यक्तिलाई अर्को पद्धतिको तोकिएको कक्षा र तहमा जाने अनुमति/स्वीकृत हुन आवश्यक छ । अहिले अनौपचारिक शिक्षा केन्द्रमा प्राप्त नौ महिने प्याकेज कक्षा ३ सँग समकक्ष छ भने ३ वर्षे सघन कोर्स कक्षा ५ को समकक्षताको मान्यतामा छ ।

अनौपचारिक शिक्षा केन्द्रले हाल कार्यान्वयनमा रहेका प्याकेजलाई प्रस्ताव गरिएको शिक्षाको संरचना र आधारभूत शिक्षाको भावनासँग मिल्ने गरी परिमार्जन गर्न सक्नेछ । यसो गर्दा अनौपचारिक शिक्षा स्थानीयस्तरका सान्दर्भिक

विषयवस्तु समावेश भएको र स्थानीय तरिकाबाटै सहज शिक्षणसिकाइ गर्नसकिने किसिमको बन्नेछ ।

नौ महिने प्याकेज पूरा गरेका व्यक्तिहरुले प्रारम्भिक तहको शिक्षाको प्रमाणपत्र प्राप्त गर्न सक्नेछन् जो औपचारिक शिक्षाको ४ कक्षामा भर्ना हुन योग्य मानिनेछन् । यस्तै गरेर ३ वर्षको सघन कोर्स पूरा गर्ने व्यक्तिहरुले प्राथमिक तहको शिक्षाको प्रमाणपत्र प्राप्त गरेर उच्च प्राथमिक विद्यालयका कक्षा ६ मा भर्ना हुन योग्य हुनेछन् ।

वैकल्पिक पद्धतिको शिक्षाबाट शिक्षा प्राप्त गरेकाहरु औपचारिक शिक्षाको कुनै पनि कक्षामा भर्ना हुने सन्दर्भमा नमूना विकास जिल्लाबाट तल लेखिएका कुराहरु ग्रहण गर्न सकिन्छ :

- वैकल्पिक शिक्षा घरमै प्राप्त गरेकाहरुमध्ये उमेर र ज्ञानका आधारमा औपचारिक शिक्षाका उपयुक्त कक्षाहरुमा भर्ना हुन चाहनेहरुका लागि योग्यता परीक्षा सञ्चालन गर्न एउटा स्तरीकृत ढाँचा विकास गरिनेछ । यस्तो परीक्षामा राम्रो नतिजा ल्याएकाहरुलाई विद्यालयले उपयुक्त कक्षाहरुमा भर्ना गर्नुपर्नेछ ।

- जिल्लामा जनसाधारणका विविध चाहनाहरु सम्बोधन गर्नका लागि विद्यालयहरुले जिल्ला शिक्षा बिकास तथा समन्वय ईकाई कार्यालय, समुदायमा आधारित संघसंस्थाहरु, गैरसरकारी  संस्थाहरु र स्थानीय शिक्षाविद्हरु सँगको सहकार्यमा सघन प्याकेज विकास गर्नसक्नेछ । यस्ता प्याकेजहरु औपचारिक शिक्षाको निश्चित कक्षा र तहको शिक्षासँग समकक्षता हुनेगरी स्तराङ्कन हुनेछन् । यस्ता प्याकेजहरुको विकास शिक्षाको मूल धार बाट बाहिर रहेका जनसंख्यालाई कम्तिमा आधारभूत शिक्षा उपलब्ध गराएर शिक्षाको मूल धारमा ल्याउने सिद्धान्तबाट निर्देशित हुनपर्दछ । यसका साथै यस्ता प्याकेजले विभिन्न बाधाहरुका कारणले विद्यालय शिक्षा लिन पायक नपरेका व्यक्तिको शिक्षा पाउने अधिकारलाई पनि सुनिश्चित गर्नसक्ने कुरालाई ध्यान पुऱ्याउनु पर्दछ ।

वैकल्पिक शिक्षा सञ्चालनमा ल्याउनका लागि निम्नलिखित कुराहरुले पनि मार्गदर्शन गर्नेछन् ।

१. जिल्ला शिक्षा विकास तथा समन्वय इकाइ कार्यालयले जिल्लाको वैकल्पिक शिक्षाको आवश्यकता पूरा गर्नका लागि विद्यालय नक्सांकन र स्थानीयस्तरमा प्राप्त अन्य स्रोतका सूचनाहरु समेतको प्रयोग गरेर स्थानीय तह, नागरिक समाज र गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासमेतको सहकार्यमा वैकल्पिक शिक्षा कार्यक्रमको किसिम र संख्याको योजना बनाउनेछ ।

२. स्थानीय तहले जिल्ला शिक्षा बिकास तथा समन्वय कार्यालयसँगको सरसल्लाह समेतमा स्थानीयस्तरका संस्थाहरु, जस्तै विद्यालयहरु र गैरसरकारी संस्थाहरुलाई वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गर्नका लागि अधिकार दिनसक्नेछ ।

३. वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालनका लागि साझेदार संस्थाहरु खोज्न र शैक्षिक स्रोतहरु, तालिम र सहजकर्ताको सेवा सहितको सहयोग जिल्ला शिक्षा विकास तथा समन्वय इकाइ कार्यालयको समन्वयमा स्थानीय तहले गर्नेछ।

४. उपलब्ध सीमित स्रोतहरुको उच्चतम उपयोगका लागि निम्न आधारहरु समेत प्रयोग गरिनेछ :

क) प्रत्येक वैकल्पिक शिक्षा केन्द्रमा कम्तिमा १५-२५ जना सहभागी हुनुपर्ने।

ख) शिक्षा केन्द्रहरु अधिकांश सहभागिका लागि पायक पर्ने स्थानमा हुनुपर्ने।

# अनुसूची १९

## गुणस्तरीय शिक्षा (मानक तथा मापदण्ड)

विद्यालय क्षेत्र सुधारको मूल दस्तावेजमा गुणस्तरीय शिक्षाको मुख्य दुईओटा कामः गुणस्तर सुधार र गुणस्तर नियन्त्रणको सुनिश्चितताका बारेमा चर्चा गरेको छ। गुणस्तरका यी दुवै पक्ष/क्षेत्रले राष्ट्रिय मापदण्ड र मापक निर्धारणको आवश्यकता देखाउँछन् । निर्धारित मापदण्ड प्राप्ति गरेर गुणस्तरमा सुधार ल्याउने लक्ष्य र रणनीतिमा स्थानअनुसार विभिन्नता हुनसक्छन् । गुणस्तर सुनिश्चितताका लागि राष्ट्रिय मापदण्ड र लक्ष्य केन्द्रमै तय हुन्छन् तर यी मापदण्ड र लक्ष्य प्राप्ति दिगोपनका लागि अपनाइने रणनीति फरक हुनसक्छन् । गुणस्तर नियन्त्रणको एउटा पक्ष प्रत्येक मापदण्डका न्यूनतमस्तर निर्धारण गर्नु पनि हो । तय गरिएका यी मापदण्डले सिकाइका लागि सक्षमता अवस्थाको जानकारी दिन्छन्, जसलाई उपलब्ध गराउनु सरकारको कर्तव्य हो । विद्यालय क्षेत्र सुधारअन्तर्गत निम्नलिखित पक्षलाई शिक्षाको गुणस्तर सुधारका मुख्य तत्वका रुपमा लिइएको छ : सक्षमता अवस्था, पाठ्यक्रम र पाठ्यपुस्तक तथा शैक्षिक प्रक्रिया । त्यसैगरी गुणस्तर सुनिश्चितता अन्तर्गत शिक्षकको व्यवस्थापन र विकास, प्रधानाध्यापकको व्यवस्थापन र विकास, प्रमाणिकरण र परीक्षाका साथै अन्य व्यवस्थालाई लिइएको छ ।

गुणस्तर सुधारका लागि सबै विद्यालयमा आफ्नै किसिमको न्यूनतम सक्षमता अवस्थाको व्यवस्था हुनुपर्दछ । यस प्रसङ्गमा सबभन्दा पहिलो कुरा स्थानीय अख्तियारवालाहरुले न्यूनतम अवस्थाका लागि तिनीहरुका आफ्नै आधारहरु निर्धारण गर्नसक्ने खालको न्यूनतम सक्षमता अवस्थाको ढाँचा उपलब्ध गराउनुपर्दछ । सक्षमता अवस्थाको सबै अवयवका विषयमा निम्निलिखित कुराहरुले बृहत मार्गनिर्देशन गर्दछन् :

### १. भौतिक वातावरण

### १.१ विद्यालयको वातावरण

खेलकुद मैदान र कम्पाउण्डसहितको विद्यालयको आफ्नै भवन हुनुपर्दछ। विद्यालयको वातावरण सधैं स्वस्थ, सफा र बालमैत्री हुनुपर्दछ । शिक्षा विभागले नयाँ स्थापना हुने र सञ्चालनमा भइरहेका विद्यालयहरुले पूरा गर्न सक्ने खालको भौतिक अवस्थाको विस्तृत विवरण सहितको नयँ विद्यालय र विद्यालय सुधार योजनाको नमूना विकास गर्नेछ। स्थापना हुने नयाँ विद्यालयको भवन शिक्षा विभागले अन्तिम रुप दिएको ढाँचा अनुसारको हुनुका साथै शिक्षा विभागले तयार गरेको वातावरणीय आवश्यकताहरु पनि पूरा भएको हुनुपर्दछ ।

हाल सञ्चालन भइरहेका विद्यालयहरुले आगामी ३ वर्षमा कार्यान्वयन हुनसक्ने खालको विद्यालय सुधार योजना बनाउनुपर्दछ। विद्यालय सुधार योजना कार्यान्वयन गर्नका लागि आवश्यक आर्थिक व्यवस्थापनमा सस्थानीय तह र विद्यालय रहेको समुदायले साझेदारी गर्नुपर्दछ ।

## १.२ विद्यालयमा सुविधाहरुको व्यवस्था

सबै विद्यालयमा एउटा छात्र र छात्राका लागि कम्तिमा १/१ ओटा छुट्टाछुट्टै शौचालय हुनुपर्दछ। प्रारम्भिक विद्यालयमा छात्र र छात्राका लागि एक एक गरी कम्तिमा २ ओटा शौचालय हुनुपर्दछ। कक्षा १-५ सम्मको प्राथमिक विद्यालयमा कम्तिमा ३ ओटा छुट्टै शौचालय हुनुपर्दछ, तीमध्ये छात्राको लागि कम्तिमा एउटा हुनुपर्दछ बाँकी शौचालयको प्रयोग सम्बन्धमा विद्यालय व्यवस्थापन समितिले विद्यार्थीहरुको चापका आधारमा निर्णय गर्नेछ। यस्तै गरेर कक्षा १ देखि ८ सम्म पढाइ हुने उच्च प्राथमिक विद्यालयमा कम्तिमा ५ ओटा शौचालय हुनुपर्दछ, जसमध्ये कम्तिमा २ ओटा छात्राहरुको प्रयोगका लागि हुनुपर्दछ। यी शौचालयहरुमा सफा गर्न डिटरजेन्ट सहित आवश्यक मात्रामा पानीको आपूर्ति हुनुपर्दछ। सबै विद्यालयमा आफ्नै स्रोतको पिउने पानीको व्यवस्था हुनुपर्दछ।

## १.३ कक्षाकोठा र यसको आकार

विद्यालयमा सञ्चालन भएका प्रत्येक कक्षाका लागि एउटा एउटा छुट्टै कक्षाकोठा हुनुपर्दछ। उदाहरणका लागि १ देखि ३ कक्षासम्म पढाइ हुने प्रारम्भिक विद्यालयका लागि कम्तिमा ३ ओटा कक्षाकोठाको व्यवस्था हुनुपर्दछ। कक्षाकोठाको आकार कक्षा १ देखि ८ सम्म एउटा विद्यार्थीका लागि ०.७५ वर्गमिटर क्षेत्रफल पुग्ने किसिमको हुनुपर्दछ भने अन्य खाली ठाउँ शिक्षा विभागले तयार गरेको विद्यालय ढाँचामा तोकिएअनुसारको हुनुपर्दछ।

विद्यालयहरुको प्रभावकारी र दक्षतायुक्त सञ्चालनका लागि विद्यालयको आकार किसिमअनुसार तलको तालिकामा दिइएको अधिकतम संख्या नबढ्ने विद्यार्थीहरु हुनुपर्दछ :

**तालिका नं. २.१ प्रति विद्यालय अधिकतम विद्यार्थी संख्या**

| विद्यालयको किसिम | न्यूनतम विद्यार्थी संख्या | अधिकतम विद्यार्थी संख्या |
|---|---|---|
| प्रारम्भिक (आधार) (१-३) | १०० | १५० |
| प्राथमिक (१-५) | २५० | २५० |
| उच्च प्राथमिक (१-८) | ३०० | ४०० |

माथिको तालिकामा उल्लेख भएको अधिकतम संख्याभन्दा बढी विद्यार्थी भर्ना गर्ने विद्यालयले स्थानीय अख्तियार वालाबाट स्वीकृत लिनुपर्दछ। यस प्रसङ्गमा स्थानीय अख्तियारवालाले निम्न कुराहरुको सुनिश्चितता गर्नुपर्दछ। १) विद्यार्थीका लागि आवश्यक भौतिक व्यवस्थापन र विद्यार्थीको न्यूनतम सक्षमता अवस्थाको प्राप्ति, २) ठूलो विद्यार्थी संख्यामा लागत प्रभावकारीताका साथ विद्यालयको सञ्चालन।

## १.४ कक्षाकोठामा फर्निचर र अन्य सामग्रीहरु

प्रत्येक कक्षामा विद्यार्थीको उमेर उचाइअनुसारको आफ्नै फर्निचर व्यवस्था हुनुपर्दछ भने कोठाको भुइँको व्यवस्था पनि उमेर समूहका लागि सुहाउने हुनुपर्छ। हरेक कक्षाकोठामा एउटा पुस्त राख्ने र्‍याक, शिक्षकका लागि लेख्न

कालो/सेतो पाटी, शैक्षिक सामग्रीको भण्डारका लागि एउटा दराज, प्रदर्शनका व्यवस्था र सबै विद्यार्थीका लागि पुग्ने संख्यामा पर्याप्त डेस्क र बेञ्च हुनुपर्दछ । शिक्षा विभागले विद्यार्थीको उमेर सुहाउँदो फर्निचरको ढाँचा सहितको कक्षाकोठाको अन्तिम रुपको ढाँचा उपलब्ध गराउनेछ ।

## २. शैक्षिक वातावरण

### २.१ कक्षाको आकार

प्रत्येक कक्षमा बढीमा ४० जनाभन्दा बढी विद्यार्थी हुनु हुँदैन । एउटा कक्षामा ४० जनाभन्दा बढी विद्यार्थी भएमा बढी विद्यार्थीको उचित प्रबन्धका लागि विद्यालय व्यवस्थापन समितिले निर्णय गर्नेछ। विद्यालय व्यवस्थापन समितिले गर्ने निर्णयमा वैकल्पिक कक्षाको व्यवस्था, दिउँसो र बिहानीको समयमा कक्षा सञ्चालन र अन्य आवश्वयक व्यवस्थासम्बन्धी विकल्प हुनुपर्दछ ।

### २.२ शिक्षक विद्यार्थी अनुपात

देशको सबै भौगोलिक क्षेत्रका विद्यालयमा शिक्षक विद्यार्थी अनुपात बढीमा १:४० कायम हुनुपर्दछ। एउटा कक्षामा बढीमा ४० जनाभन्दा बढी विद्यार्थीलाई शिक्षकले पढाउनु पर्ने अवस्था हुनुहुँदैन। एउटा कक्षामा तोकिएको संख्याभन्दा बढी विद्यार्थी भएमा प्रति विद्यार्थी अनुदान उपलब्ध गराइनेछ। विद्यालयले एउटा कक्षाका लागि तोकिएको भन्दा बढी विद्यार्थीको व्यवस्थापन प्रति विद्यार्थी अनुदानबाट प्राप्त रकमबाट गर्नेछ। तर विद्यार्थी संख्या जतिसुकै भए पनि यो योजनाको अन्तिम लक्ष्य भने प्रत्येक किसिमको विद्यालयमा निम्नअनुसारको न्यूनतम शिक्षक संख्या पूरा गर्ने हुनेछ।

**तालिका नं. २.२ न्यूनतम शिक्षक संख्या**

| विद्यालयको किसिम | न्यूनतम शिक्षक |
|---|---|
| आधार (कक्षा १-३) | ३ |
| प्राथमिक (कक्षा १-५) | ६ |
| उच्च प्राथमिक (कक्षा १-८) | १० |

उच्च प्राथमिक तहको विद्यालयमाा प्रधानाध्यापकका लागि एउटा छुट्टै पदसहितको १० जना न्यूनतम शिक्षक संख्या हो ।

### २.३ पुस्तकालय

हरेक विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा सान्दर्भिक पुस्तकसहितको एउटा पुस्तकालय हुनुपर्दछ। विद्यालयको पुस्तकालयमा पाठ्यपुस्तक बाहेक कम्तिमा निम्न संख्यामा अन्य पुस्तकहरु हुनु आवश्यक छ :

**तालिका नं. २.३ अन्य पुस्तकको न्यूनतम पुस्तक संख्या**

| विद्यालयको किसिम | न्यूनतम पुस्तक संख्या |
|---|---|
| आधार (कक्षा १-३) | ५०० |
| प्राथमिक (कक्षा १-५) | १००० |
| उच्च प्राथमिक (कक्षा १-८) | २००० |

विद्यालयमाा भएका पुस्तकालय शिक्षक र विद्यार्थीले सजिलै पुस्तक पाउने गरी विद्यालय समयमा खुला हुनुपर्नेछ।

## २.४ अतिरिक्त क्रियाकलाप र सामग्रीहरु

विद्यालयहरुमा कोठाभित्र र बाहिर खेल्न सकिने खेलका सामग्री र मनोरञ्जनका सामग्रीहरु सहितको अतिरिक्त कार्यकलाप आयोजना गरी विद्यार्थीहरुलाई सहभागी गराउनु पर्नेछ । अतिरिक्त कार्यकलापका क्रियाकलापहरु विद्यालयको तह र किसिम सुहाउने हुनुपर्दछ।

## ३. शैक्षणिक व्यवस्था

### ३.१ शिक्षणको माध्यम

आधारभूत शिक्षाको कम्तिमा कक्षा १ देखि ३ सम्म पढाइ हुने प्रारम्भिक विद्यालयमा बालबालिकाले मातृभाषामा शिक्षा पाउने अधिकार निश्चित गरिनेछ । विद्यालय व्यवस्थापन समितिले स्थानीय निकायसँगको परामर्शमा विद्यालयमा प्रयोग गरिने माध्यम भाषाका विषयमा आवश्यक निर्णय गर्न सक्नेछ। कक्षा १ देखि नै सबै कक्षाहरुमा अंग्रेजी भाषालाई एउटा विषयका रुपमा शिक्षण गरिनेछ। गुम्बा, विहार, मदरसा र गुरुकुल जस्ता विद्यालयमा माध्यम भाषाको निर्धारण तिनीहरुको सम्बन्धित व्यवस्थापन पक्षले जिल्ला शिक्षा कार्यालयसँगको परामर्शमा गर्नेछ।

### ३.२ मातृभाषा

बालबालिकाहरुले कम्तिमा सुरुका तीनओटा कक्षामा उनीहरुको मातृभाषामा शिक्षा पाउने अवस्थाको सुनिश्चितताका लागि विद्यालय व्यवस्थापन समितिले स्थानीय निकायको परामर्शमा माध्यम भाषाको निर्धारण गर्नेछ। कक्षा ४ र ५ मा मातृभाषामा शिक्षा दिनलिन पाउने व्यवस्थाबाट नेपाली भाषालाई शिक्षणको माध्यम भाषा बनाउने सङ्क्रमणकालको अवलम्बन गरिनेछ। कक्षा ६ देखि ८ सम्मको शिक्षाको माध्यम भाषा पूर्ण रुपमा नेपाली हुनेछ। अंग्रेजीलाई एउटा विषयका रुपमा कक्षा १ देखि ८ सम्म नै शिक्षण गरिनेछ।

### ३.३ शिक्षक तयारी

विद्यालयमा विद्यार्थीको मातृभाषामा शिक्षा उपलब्ध गराउनका लागि शिक्षक तयारी गर्न विद्याय व्यवस्थापन समितिले जिल्ला शिक्षा कार्यालयसँगको सहकार्यमा योजना बनाउनेछ। यस्तो योजनाको कार्यान्वयनका विषयमा

शैक्षिक जनशक्ति विकास केन्द्रसँग पनि आवश्यक छलफल र अन्तरक्रिया गरिनेछ। आधारभूत शिक्षाको प्रारम्भिक कक्षाहरुमा बालबालिकाहरुलाई उनीहरुको माातृभाषामा शिक्षा उपलब्ध गराउनका लागि चाहिने मानव स्रोतको वैकल्पिक व्यवस्था विद्यालय व्यवस्थापन समितिले स्थानीयस्तरमा उपलब्ध मानव स्रोतबाट पनि गर्न सक्नेछ।

### ३.४ बालमैत्री वातावरण

विद्यलायमाा कुनैपनि बालबालिकालाई कुनै पनि किसिमको भौतिम दण्ड सजाय दिइने छैन्। बालबालिकाहरुलाई भौतिक दण्ड सजाय गर्ने शिक्षक र विद्यालयलाई दोषी मानिनेछ। यसक्रममा शिक्षकलाई उसले पाउने ग्रेड घटुवा गर्ने र विद्यालय व्यवस्थापन समितिलाई चेतावनी दिएर अनुशासन सम्बन्धी कारवाही गरिनेछ।

### ३.५ निरन्तर मूल्यांकन प्रणाली

आधारभूत शिक्षामा एउटै (उही) विद्यार्थी एउटा कक्षामा १ वर्षभन्दा बढी रहिरहने व्यवस्थाको अन्त्यका लागि निरन्तर विद्यार्थी मूल्यांकन प्रणली लागु गरिनेछ। विद्यालयका प्रत्येक कक्षामा बालबालिकाहरुको न्यूनतम सिकाइ तहको सुनिश्चितताका लागि विद्यालय तहमा सुधारात्मक सबल सहायता प्रणाली लागु हुनेछ। मूल्यांकनमा सांकेतिक अक्षर प्रणाली क्रमशः कार्यान्वयनमा ल्याइनेछ। अपेक्षा गरिएभन्दा तलको उपलब्धिस्तर भएका विद्यार्थीहरुका लागि उपचार ात्मक कार्यक्रम उपलब्ध गराइनेछ। पाठ्क्रम विकास केन्द्रले राष्ट्रिय परीक्षा बोर्डको सल्लाहमा निरन्तर मूल्यांकन प्रणालीसम्बन्धी शिक्षक अभिमुखीकरण कार्यक्रमसहितको निर्देशिका उपलब्ध गराउनेछ।

### ३.६ बहुकक्षा शिक्षण

राष्ट्रिय स्तरमा निर्धारण गरिएका आधार अनुसार पहिचान गरिएका विद्यालयहरुमा बहुकक्षा शिक्षणलाई शैक्षणिक पद्धतिका रुपमा लागु गरिनेछ। जिल्ला शिक्षा कार्यालयको परामर्शमा स्थानीय निकाय (सरकार) ले बहुकक्षा शिक्षण पद्धति लागु गर्ने उपयुक्त विद्यालयको छनौट गर्नेछ। आधारभूत शिक्षाको पनि प्रारम्भिक कक्षाहरुमा बहुकक्षा र कक्षा शिक्षण पद्धति प्रयोगमा ल्याइनेछ। बहुकक्षा शिक्षणका लागि छानिएका विद्यालय र कक्षाका लागि विशेष किसिमले तयार गरिएका सिकाइ प्याकेज/सुविधा उपलब्ध गराइनेछ।

## ४. पाठ्यक्रम र पाठ्यपुस्तक

### ४.१ बहुपाठ्यपुस्तक प्रणाली

बहु पाठ्यपुस्तक प्रणाली परीक्षण भइरहेको छ। पाठ्यक्रम विकास केन्द्रले वार्षिक रुपमा प्रत्येक तह र कक्षाका लागि पाठ्यपुस्तक उत्पादन गर्नेछ। पाठ्यक्रम विकास केन्द्रले जिल्ला शिक्षा कार्यालयसँगको सहकार्य र राष्ट्रिय पाठ्यक्रम प्रारुपका आधारमा जिल्लाका सबै कक्षा र तहका लागि उपयुक्त पाठ्यपुस्तकको निर्धारण गर्नेछ। छानिएको पाठ्यपुस्तकको सूचीलाई पाठ्यक्रम विकास केन्द्रको स्वीकृति आवश्यक हुनेछ। जिल्ला शिक्षा कार्यालयले जिल्ला शिक्षा समितिको परामर्शमा स्थानीयस्तरका पुस्तक उत्पादहरुलाई पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेको पाठ्यपुस्तक

मध्येबाट छपाइ गर्न प्रोत्साहन गर्नेछ । स्थानीय वा राष्ट्रिय उत्पादकबाट पाठ्यपुस्तक किन्ने सम्बन्धमा शिक्षा विभागले जिल्ला शिक्षा बिकास समन्वय ईकाईसँगको सल्लाहमा निर्णय गर्नेछ । जिल्लाभित्र आवश्यक मात्रामा पाठ्यपुस्तक उपलब्ध गराउने संयुक्त जिम्मेवारी जिल्ला शिक्षा समिति र जिल्ला शिक्षा कार्यालयको हुनेछ ।

### ४.२ शैक्षिक सामग्री

विद्यालयहरुमा पाठ्यपुस्तकका साथै विद्यार्थीहरुको उमेर सुहाउँदो र पाठ्क्रममा उल्लेख भएका, सिकाइ उपलब्धि हासिल गर्न सहयोग पुऱ्याउने खालका सान्दर्भिक पाठ्यसामग्रीहरु हुनुपर्दछ । यस्ता सामग्रीहरुको व्यवस्था गर्ने जिम्मेवारी स्थानीय तहको हुनेछ ।

### ४.३ स्थानीय पाठ्क्रम

नगर तथा गाउपालिका शिक्षा समिति र स्थानिय अधिकारीहरुको परामर्श र राष्ट्रिय पाठ्यक्रम प्रारुपको मार्गनिर्देशनमा स्थानीय तहहरुले नै स्थानीय पाठ्यक्रम निर्माण गर्नेछन् । यस्ता स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन सम्बन्धमा स्थानीयस्तरमा क्षमता अभिवृद्धि सम्बन्धी योजना निर्माणको कार्य समेत स्थानीय तहहरुकै हुनेछ ।

## ५. गुणस्तरको सुनिश्चितता

### ५.१ शिक्षकको पेशागत विकास

#### ५.१.१ योग्यता

विद्यालय क्षेत्र सुधारले आधारभूत शिक्षाका लागि शिक्षकको न्यूनतम योग्यता शिक्षाशास्त्रमा प्रमाणपत्र तह या शिक्षक तयारी कोर्ससँग सम्बन्धित उच्च माध्यमिक शिक्षा पूरा गरेको हुनुपर्ने भनी तोकेको छ । शिक्षक हुनका लागि तोकिएको योग्यता र तालिम नभएको व्यक्ति योग्य मानिने छैनन् । तथापि एसएलसी वा सोभन्दा तलको शैक्षिक योग्यता भई हाल विद्यालयमा कार्यरत शिक्षकले निम्न विकल्प छान्न अवसर पाउनेछन् ।

क)सेवा निवृत नहुन्जेलसम्मका लागि कक्षा १-३ सम्म शिक्षण गर्ने,

ख) पाँच वर्षभित्रमा तोकिएको न्यूनतम योग्यता पूरा गरिसक्ने । यसका लागि शैक्षिक जनशक्ति विकास केन्द्रले १० महिने तालिम पूरा गरिसकेको शिक्षकहरुको योग्यता बुद्धिसम्बन्धी प्राज्ञिक संस्थाहरुसँग काम पनि गर्नेछ ।

ग) स्वेच्छिक अवकासको अवसर लिने । यसका लागि शिक्षा विभागले एउटा प्योकज कार्यक्रम विकास गर्नेछ ।

जिल्लास्तरमा शिक्षकहरुको पेशागत विकासका लागि जिल्ला शिक्षा कार्यालयले एउटा योजना बनाउने छ । यस योजनामा जिल्लाभित्रका शिक्षकहरुको समग्र विवरण, तोकिएको समयभित्र आफ्नो योगयता बढाउने शिक्षकको संख्या, ऐच्छिक रुपमा सेवा निवृत्त हुने शिक्षकको संख्या र थप चाहिने शिक्षकको संख्या उल्लेख भएको हुनुपर्दछ ।

### ५.१.२ तालिम

सबै शिक्षकहरुले शिक्षक तयारी कोर्स पूरा गरेको र प्रत्येक ५ वर्षमा पुनर्ताजगी शिक्षक तालिम कोर्स पूरा गर्नुपर्दछ । हाल कार्यरत तालिम नलिएका र आंशिक रुपमा तालिम लिएका शिक्षकहरुलाई आगामी ३ वर्षभित्रमा शिक्षक तयारी कोर्स पूरा गर्न प्रोत्साहन गरिनेछ । जिल्ला शिक्षा कार्यालय र शैक्षिक जनशक्ति विकास केन्द्रले यसका लागि योजना बनाउने र यस्तो अवसरका लागि सम्भाव्य शिक्षकहरुलाई तालिम उपलब्ध गराउने छन् ।

### ५.१.३ अन्य योग्यता

शिक्षकहरुसँग कम्प्युटर सम्बन्धी आधारभूत सीप र शान्तिका लागि वार्ता र सहमति गर्ने सीप, मेलमिलाप गर्ने गराउने सीप र आत्म व्यवस्थापन सहितको जीवनोपयोगी सीप हुनुपर्दछ ।

## ५.२ प्रधानाध्यापकको व्यवस्थापन र विकास

### ५.२.१ योग्यता र क्षमता

आधारभूत शिक्षा तहको सबै उच्च प्राथमिक विद्यालयमा प्रधानाध्यापकका लागि एउटा छुट्टै पद हुनेछ । आधारभूत तहको प्रधानाध्यापक हुनका लागि न्यूनतम शैक्षिक योग्यता शिक्षा शास्त्र संकायमा स्नातक तह या सो सरहको शिक्षक तयारी कोर्स पूरा गरेको हुनेछ । विद्यालयको प्रधानाध्यापक हुनका लागि प्रधानाध्यापकका लागि सञ्चालन हुने व्यवस्थापन तालिम अनिवार्य रुपमा लिउको हुनुपर्नेछ । कार्यरत शिक्षकमध्येबाट प्रधानाध्यापक छानिने छन् । प्रधानाध्यापक छनौटमा महिला, दलित अन्य पिछडिएको समुदायका शिक्षकलाई प्राथमिकता दिइनेछ ।

### ५.२.२ प्रधानाध्यापकको छनौट

उच्च प्राथमिक विद्यालयमा प्रधानाध्यापकको नियुक्तिका लागि स्थानीय तहमा स्थानीय विशेषज्ञ र सरोकारवालाहरु समेत रहेको एउटा स्वतन्त्र प्रधानाध्यापक भर्ना समिति गठन गर्न सकिने छ । विद्यालय व्यवस्थापन समितिले छनौट गरिएका प्रधानाध्यापकलाई निश्चित अवधिका लागि सेवा करार गर्नेछ ।

### ५.२.३ छनौट प्रक्रिया

विद्यालयमा प्रधानाध्यापक हुन चाहने उम्मेदवारले विद्यालयको विकासका लागि प्रस्ताव तयार गर्नुपर्नेछ, जुन प्रस्तावको मूल्यांकन प्रधानाध्यापक छनौटको प्रमुख आधार हुनेछ । प्रधानाध्यापकको कार्य अवधि चार वर्षको सेवा कर र हुनेछ । विद्यालय विकासका लागि निर्माण गरिएको प्रस्तावका आधारमा प्रधानाध्यापकको कार्यदक्षताको वार्षिक लेखाजोखा विद्यालय व्यवस्थापन समितिले गर्नेछ । विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापकको कार्यदक्षताको आधारमा करारअवधि थप्न सक्नेछ ।

### ५.२.४ जिम्मेवारी

विद्यालयको प्राविधिक पक्षको व्यवस्थापनका लागि प्रधानाध्यापकको भूमिका र अधिकार ठूलो हुनेछ। प्रधानाध्यापकहरु उनीहरुको कार्यदक्षताका लागि विद्यालय व्यवस्थापन समितिप्रति जवाफदेही हुनेछन् । शिक्षकहरुको कार्य दक्षताको लेखाजोखाका लागि आधारहरु तयार गर्न प्रधानाध्यापकलाई पर्याप्त अधिकार दिइनेछ । विद्यालयको व्यवस्थापनको काममा सक्रिय गराउनका लागि प्रधानाध्यापकको शिक्षण गर्ने कार्यबोझक म गरिनेछ ।

### ५.२.५ कार्यरत प्रधानाध्यापक सम्बन्धमा

विद्यालयको प्रधानाध्यापक हुनका लागि तोकिएको न्यूनतम योगयता र योग्यताका आधारहरु सबै शिक्षक र कार्यर त प्रधानाध्यापकका लागि प्रयोग हुनेछन् । प्रधानाध्यापकको छनौट प्रक्रियामा प्रधानाध्यापकका लागि तोकिएको योग्यता पुगेका हाल कार्यरत प्रधानाध्यापकसहित सबै शिक्षकहरु सहभागी हुन पाउनेछन् ।

## ६. प्रमाणीकरण र परीक्षा प्रणाली

विद्यार्थी मूल्यांकनका आधारमा प्रत्येक कक्षा र तहका लागि पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरेको सक्षमताको मापदण्ड पूरा भएको हुनुपर्दछ। राष्ट्रिय पाठ्यक्रम प्रारुपमा निर्धारण गरिएका न्यूनतम मापदण्ड नपुगेको आधारमा १ देखि ७ सम्मका विद्यार्थीहरुलाई एउटै कक्षामा दोहोऱ्याई राखिने छैन । यस्ता कम क्षमता भएका विद्यार्थीले थप उपचारात्मक सिकाइ सहयोग प्राप्त गरी न्यूनतम स्तर प्राप्त गर्ने व्यवस्था गरिनेछ ।

राष्ट्रिय पाठ्यक्रम प्रारुपले निर्धारण गरेका साधारण, प्राविधिक/व्यवसायिक र वैकल्पिक शिक्षाका मुख्य र ऐच्छिक विषय र यसका विषयवस्तुहरु शैक्षिणक प्रक्रिया र विद्यार्थीको अन्तिम मूल्यांकनका लागि आधारका रुपमा प्रयोग गरि नेछन् । कक्षा ८ को अन्त्यमा लिइने परीक्षा आधारभूत तहको शिक्षाको अन्त्यमा लिइने परीक्षा हुनेछ। कक्षा ३, ५ र ८ मा भर्ना भएका विद्यार्थीहरुका लागि विद्यार्थी उपलब्धिको राष्ट्रिय मूल्यांकन आवधिक रुपमा सञ्चालन गरिनेछ। यस्ता मूल्यांकनहरुले शिक्षाको गुणस्तरका लागि आधार र मापदण्ड निर्धारण गर्न सहयोग गर्नेछन् ।

## ७. विद्यालय व्यवस्थापन र सञ्चालन

### ७.१ विद्यालयमा न्यूनतम कक्षा सञ्चालन हुने दिन

एक शैक्षिक सत्रमा सबै विद्यालयहरुमा कम्तिमा २२० दिन खुलेर कक्षा सञ्चालन हुनुपर्छ। यदि कुनै कारणले एक शैक्षिक वर्षमा २२० दिन कक्षा सञ्चालन भएन भने विद्यालय व्यवस्थापन समितिले विद्यालयका शिक्षकहरु परिचालन गरेर कम्तिमा १००० घण्टा विद्यालय सञ्चालन गर्ने व्यवस्था छ । न्यूनतम २२० दिन या न्यूनतम १००० घण्टा विद्यालय सञ्चालन गर्ने मापदण्ड पूरा गर्न विद्यालय व्यवस्थापन समितिले थप कक्षा सञ्चालन गर्ने या दुई सिफ्ट गरेर कक्षा सञ्चालन गर्नेमध्ये एउटा विकल्प रोज्नुपर्छ। तर कक्षा १-३ का लागि वार्षिक कार्यघण्टा न्यूनतम ८०० घण्टा हुनसक्नेछ ।

विद्यालय खुलेर नियमित कक्षा सञ्चालन हुन नसकेको अवस्थामा विद्यालय व्यवस्थापन समितिले १००० कक्षा घण्टाको मापदण्ड पूरा गर्नका लागि समुदायमा आधारित संघसंस्थाहरुको सहयोग लिनसक्छ । बालक्लबहरुलाई प्रोत्साहन गर्नसक्छ । सामुदायिक अध्ययन केन्द्रहरुलाई प्रयोग गर्नसक्छ अनि सट्टा शिक्षकलाई पनि परिचालन गर्नसक्छ । स्थानीय निकाय पूर्णरुपमा क्रियाशील नभएको अवस्थामा सो कार्य विद्यालय व्यवस्थापन समितिले गर्नेछ ।

## ७.२ विद्यालय कक्षाकोठामा शिक्षकले बिताउने न्यूनतम समय/दिन

नियमित रुपले तोकिएको तलबभत्ता पाउने शिक्षक विद्यालयका पूर्णकालीन शिक्षक हुन् । यस्ता शिक्षकले कक्षाकोठामा शिक्षणसिकाका लागि वार्षिक कम्तिमा १००० कार्यघण्टा र लगभग ५०० घण्टा विद्यालय व्यवस्थापनका लागि व्यवस्थापन पक्षसँग समय दिनुपर्नेछ । कक्षाकोठामा शिक्षकले दिनुपर्ने समयको निर्धारण, अनुगमन र सुपरिवेक्षण प्रधानाध्यापक विद्यालय व्यवस्थापन समितिले संयुक्त रुपमा गर्नेछ । शिक्षकले विद्यालयको व्यवस्थापनका लागि दिनुपर्ने समय विद्यालयमै या उसको आफ्नो पेशागत विकासका लागि खर्च हुनेछ । शिक्षकले व्यवस्थापन पक्षसँग बिताउने ५०० घण्टाको समयभित्र सेमिनारहरु, कार्यशालाहरु, तालिमहरु, विद्यालय व्यवस्थापन र प्रशासन, परीक्षा सम्बन्धी कामहरु र अन्य स्थानीय विकास सम्बन्धी निम्न कामहरुमा पनि यस्तो समय लगाउन सक्नेछ । सामुदायिक अध्ययनकेन्द्र सञ्चालनका लागि सहयोग, अनौपचारिक कक्षाहरु सञ्चालनका लागि सहयोग, थप कक्षा र अतिरिक्त कार्यकलापहरुको सञ्चालन ।

शिक्षकले कक्षाकोठामा र विद्यालयको व्यवस्थापन सम्बन्धी बिताएको समयको अभिलेख विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकले राख्नेछ । यदि शिक्षकले तोकिएको न्यूनतम समय कक्षाकोठामा शिक्षणको लागि र विद्यालयको व्यवस्थापनका लागि बिताएको नपाइएमा उसलाई अनुशासन सम्बन्धी कारवाही हुनसक्नेछ । शिक्षकले शिक्षण लगायत अन्य गतिविधिमा देखाएको दक्षताको आधारमा उनीहरुलाई पुरस्कृत गर्न विद्यालय व्यवस्थापन समितिले शिक्षक पुरस्कार प्याकेजको निर्धारण गर्नसक्नेछ ।

## ८. गुणस्तर सुनिश्चितताका लागि अन्य व्यवस्थाहरु

### मापदण्ड-१ <u>पाठ्यक्रम सम्बन्धी मापदण्ड</u>

१. प्रत्येक तहका लागि पाठ्यक्रमको ढाँचा अनुसार सिकाइ उपलब्धि निर्धारण गरिन्छ र ती सिकाइ उपलब्धिहरु विद्यार्थीहरुको उपलब्धि मापदण्डका आधार हुनेछन् ।

२. प्रत्येक तहका प्रत्येक कार्यसम्पादन मापदण्डहरु प्रत्येक विद्यार्थीद्वारा हासिल हुने सुनिश्चितता हुनेछ । त्यसैले सामाजिक आर्थिक अवस्था, जातियता, लिङ्ग र स्थानीयता आदिका कारणले विद्यार्थीले प्राप्त गर्ने ज्ञानमा कुनै फरक हुने छैन ।

३. स्थानीय पाठ्यक्रमको विकास स्थानीय विद्यालय र स्थानीय निकायले स्थानीय र राष्ट्रिय मापदण्ड मिलाएर गर्नेछन् । त्यसैले मापदण्डमा आधारित जवाफदेहिता प्रणालीले ठीक तरिकाले काम गर्नेछ । उच्च होसियारीका साथ स्थानीय पाठ्यक्रमहरु फरक-फरक स्थान (परिवेश) मा फरक हुन्छन् र यिनीहरुलाई राष्ट्रिय मापदण्डसँग मिलाएर परिवेशका कारणले विद्यार्थीको ज्ञानबीचमा हुने भिन्नता कम हुनेछ ।

४. कक्षाको तह बढ्दै जाँदा विद्यार्थीहरुलाई व्यावसायिक सीपहरु उपलब्ध गराइनेछ । केही व्यवसायमा निश्चित अवधिका लागि संलग्न भएपछि माथिल्लो तहको शिक्षा लिन चाहनेको अवसरका लागि आवश्यक ध्यान दिइनेछ ।

५. विभिन्न तहमा शिक्षण गरिने विषयका बारेमा गरिने निर्णय स्थानीय परिवेश, राष्ट्रिय आवश्यकता र अन्तर्राष्ट्रिय मागका आधारमा गरिनेछ ।

६. राष्ट्रिय पाठ्क्रम बारेको निर्णय केन्द्रीय तहमा पाठ्यक्रम विकास केन्द्रबाट र स्थानीय पाठ्यक्रम बारेको निर्णय स्थानीय तहमा गाउँपालिका र नगरपालिकाहरुको सहभागितामा हुनेछ ।

**मापदण्ड-२ शिक्षकको मापदण्ड**

१. आधारभूत शिक्षाका लागि शिक्षकको न्यूनतम शैक्षिक योग्यता एसएलसीबाट कक्षा १२ उत्तीर्ण या सोसरह बनाइएको छ ।

२. शिक्षक हुनका लागि पूर्वसेवाकालीन तालिम र अध्यापन अनुमतिपत्रको अनिवार्य गरिएको छ ।

३. शिक्षकहरुको उपलब्धिको लेखाजोखा गरी उनीहरुको पेशागत विकासका लागि अवसरहरु उपलब्ध गराएर कार्यरत स्थायी र अस्थायी शिक्षकहरुको गुणस्तर सुनिश्चित गरिनेछ ।

४. विद्यालय र कक्षाकोठामा शिक्षकको नियमितताको अनुगमन ठीन तरिकाले गरिनेछ ।

५. शिक्षकले अध्यापनसम्बन्धी काममा बिताउने समय १०० प्रतिशतको नजिक हुनुपर्नेछ ।

६. कक्षाकोठाको शिक्षणसिकाइमा शिक्षँकले विषय र विषयवस्तु सुहाउँदो शैक्षिक सामग्रीहरु प्रयोग गर्ने कुराको सुनिश्चितता हुनेछ ।

७. विद्यार्थीको उपलब्धिको सुधारका लागि समयमै उपलब्ध गराइने पृष्ठपोषणका लागि शिक्षकहरु जवाफदेही हुनेछन् ।

८. कक्षामा भएका अधिकांश विद्यार्थीहरुको मातृभाषाको जानकारी शिक्षकलाई हुनुपर्नेछ ।

९. जवाफदेहिताका माध्यमबाट शिक्षकको प्रतिवद्धता सुनिश्चित हुनेछ ।

**मापदण्ड-३ कक्षाकोठाको मापदण्ड**

१. औसतमा एकजना विद्यार्थीले ०.७५ वर्गमिटर क्षेत्रफल पाउनेछन् ।

२. एउटा कक्षामा ४० जनाभन्दा बढी विद्यार्थी हुने छैनन् ।

३. प्रत्येक कक्षाकोठामा पर्याप्त प्रकाशको व्यवस्था हुनेछ ।

४. प्रत्येक कक्षामा दोहोरो हावा खेल्ने व्यवस्था हुनेछ ।

५. कक्षाकोठा विद्यार्थीका चाहनाअनुसार बालमैत्री बनाइनेछन् ।

६. उमेरसमूहका विद्यार्थीका लागि सुहाउँदो कक्षाकोठा हुनेछन् ।

७. कक्षाकोठामा शिक्षकले विभिन्न क्रियाकलाप गराउन मिल्ने किसिमको उपयुक्त र बालमैत्री फर्निचर हुनेछन् ।

**मापदण्ड-४ मूल्यांकनका लागि मापदण्ड**

१. कक्षा ८ को अन्त्यमा जिल्लास्तरीय परीक्षा सञ्चालन हुनेछ ।

२. कक्षा १० को अन्त्यमा क्षेत्रस्तरीय परीक्षा सञ्चालन हुनेछ ।

३. कक्षा १२ को अन्त्यमा राष्ट्रिय परीक्षा सञ्चालन गरिनेछ ।

४. विद्यालयका प्रत्येक कक्षामा निरन्तर मूल्यांकन प्रणाली लागु गरिनेछ र विद्यार्थी मूल्यांकनको अभिलेख तोकिएको ढाँचामा राखिनेछ ।

५. प्रत्येक कक्षाका अन्त्यमा निर्णयात्मक मूल्यांकन गरिनेछ ।

६. वर्षभरिको विद्यार्थीको उपलब्धिको लेखाजोखा निर्माणात्मक र निर्णयात्मक मूल्यांकनको योगबाट गरिनेछ ।

७. प्रत्येक विषयको विद्यार्थीको उपलब्धिका लागि विषय शिक्षकलाई जवाफदेही बनाइनेछ ।

८. विद्यार्थीहरुको उपलब्धिको नियमित जानकारी अभिभावकले पाइरहनेछन् । यसका लागि कक्षा शिक्षकलाई जिम्मेवार बनाइनेछ ।

९. प्रत्येक विषय शिक्षकले कमजोर विद्यार्थीको उपलब्धिस्तर अरु विद्यार्थीसरह बनाउनका लागि थप कक्षाहरु सञ्चालन गर्नेछन् ।

१०. माथिल्लो कक्षामा जानका लागि प्रत्येक विषयमा विद्यार्थीले ५० प्रतिशत अंक ल्याउने कुराको सुनिश्चितता हुनेछ ।

**मापदण्ड-५ गुणस्तरसँग सम्बन्धित अन्य मापदण्डहरु**

१.एक वर्षमा कम्तिमा २२० दिन विद्यालय खुल्ने कुराको सुनिश्चितता हुनेछ ।

२. शैक्षिक सत्र निर्धारणका लागि स्थानीय निकायलाई स्वायत्तता दिइनेछ । यसो गर्दा उक शैक्षिक वर्षमा २२० दिन विद्यालय सञ्चालन हुन स्थानीय निकाय जवाफदेही हुनेछन् ।

३. एक शैक्षिक वर्षभरिमा विद्यालयमा कुनै पनि राजनैतिक बाधा नपर्नेगरी विद्यालयहरु शान्तिक्षेत्र घोषित हुनेछन् ।

४. प्रभावकारी अनुगमन र सुपरिवेक्षण प्रणालीका साथमा शिक्षा नियमावलीको नियमनिष्ठ कार्यान्वयको सुनिश्चितता हुनेछ ।

५. पुरस्कार र दण्डलाई जवाफदेहितासँग सम्बन्धित गराइनेछ ।

६. कक्षा १ देखि ५ सम्म कक्षा शिक्षक र कक्षा ६ देखि १२ सम्म विषय शिक्षकको व्यवस्था हुनेछ ।

७. नेतृत्वको गुणस्तरसम्बन्धी मापदण्डका आधारमा प्रधानाध्यापकको छनौट गरिनेछ ।

८. विद्यालयको व्यवस्थापन स्थानीय निकायले समुदायको निकट परामर्शमा गर्नेछ ।

९. विद्यार्थीहरुको नियमितताको सुनिश्चितता हुनेछ ।

१०. कुनै दोहोरापन बिना विद्यालयको व्यवस्थापन गरिनेछ ।

११. हरेक तहको विद्यालयको भौतिक सुविधाको राष्ट्रिय आधार निर्माण गरेर ती आधारहरु पूरा गर्न स्थानीय निकायलाई उत्प्रेरित गरिनेछ ।

अनुसूची २०

**आर्थिक बर्ष २०७६/२०७७ र २०७७ /२०७८ मा शान्तिनगर गा.पा.मा शिक्षा बजेट बिनियोजन**

| आर्थिक बर्ष | संघीय बजेट | पालिका बजेट | कुल बजेट |
|---|---|---|---|
| २०७६/२०७७ | १२,१८,५७,००० | १,४६,१२,५०० | १३,६४,६९,५०० |
| २०७७ /२०७८ | १२,०४,४२,००० | १,७०,४०,००० | १३,७४,८२,००० |
| सामुदायिक बिद्यालयका बिद्यार्थी संख्या ०-१२ सम्म | | | ५४१३ |
| सामुदायिक बिद्यालयका बिद्यार्थीमा संघ र स्थानीय तह पालिकाको मात्र प्रति बिद्यार्थी लगानी (वडा, गैसस, प्रदेस सरकार बाहेक) | | | २५,३९८ |
| संस्थागत बिद्यालयका बिद्यार्थी संख्या २९२० जस्मा अभिभावकको मात्र लगानी छ। अर्थात सरकारले गर्नुपर्ने लगानी अभिभावक स्वयंले गरिरहेका छन् । | | | २९२० |

**श्रोत : शान्तिनगर गाउँपालिका शिक्षा, यु तथा खेलकुद महाशाखा २०७८ बैशाख**

## शान्तिनगर गापामा बिगत दुई आर्थिक को संघीय बजेट बिनियोजनको अबस्था

| क्र.सं. | शिर्षक | बिनियोजन **२०७६/२०७७** | बिनियोजन **२०७७/२०७८** |
|---|---|---|---|
| १ | आधारभुत तहका स्विकृत दरबन्दीका शिक्षक कर्मचारीलाई तलव भत्ता | ५४२४९३२८ | ५७८००००० |
| २ | माध्यमिक तहका स्विकृत दरबन्दीका शिक्षक कर्मचारीलाई तलव भत्ता | १५९५६३१२ | १२४००००० |
| ३ | प्रारम्भिक बाल बिकास सहजकर्ता पारिश्रमिक बिद्यालय कर्मचारी व्यबस्थापन अनुदान | ६४४६३६० | ७३३१००० |
| ४ | बिद्यालय भौतिक पुर्बाधार निर्माण अनुदान | २२८००००० | १५८४२००० |
| ५ | सार्बजनिक बिद्यालयका बिद्यार्थीहरुका लागि निशुल्क पाठ्यप्स्तक अनुदान | २०१०००० | २८२६००० |
| ६ | बिद्यालय सञ्चालन तथा व्यबस्थापन अनुदान | १७२७००० | १७२४००० |
| ७ | शैक्षिक पहुँच सुनिश्चिता, अनौपचारिक तथा बैकल्पीक शिक्षा कार्यक्रम (परम्परागत बिद्यालय बैकल्पिक बिद्यालय साक्षरता र निरन्तर शिक्षा कार्यत्रम समेत) | ९००००० | ८८२००० |
| ८ | बिद्यालय शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | २७४७००० | ८००६००० |
| ९ | प्रति बिद्यार्थी लागतका आधारमा शिक्षण सिकाई सामग्री एबं कक्षा ८ को परिक्षा व्यबस्थापन अनुदान | ५०११००० | ५०५७००० |

| | | | |
|---|---|---|---|
| १० | सार्बजनिक बिद्यालयमा अध्ययनरत बिद्यार्थीहरुका लागि छात्रबृत्ति आबासिय समेत | १३८३००० | ९९६००० |
| ११ | तोकिएका बिद्यार्थीको दिवा खाजाका लागि बिद्यालय अनुदान | ८३२७००० | ६०४८००० |
| १२ | कोभिड १९ प्रभाव न्युनिकरण तथा विद्यार्थी सिकाइ प्रवन्धन कार्यक्रम | ३००००० | ३३०३००० |
| १३ | सामुदायिक बिद्यालयका छात्राहरुका लागि निशुल्क स्यानिटरी प्याड | १५९६००० | १५३०००० |
| १४ | अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | | ३४५६००० |
| जम्मा | | १२१८५७००० | १२०४४२००० |

श्रोत शान्तिनगर गाउँपालिका शिक्षा तथा खेलकुद महाशाखा २०७७ चैत

**शान्तिनगर गाउँपालिकाको आर्थिक वर्ष २०७६/२०७७ को शिक्षा क्षेत्रमा खर्च गर्ने बजेट**

| क्र.सं. | शिर्षक | बिनियोजन | प्रगति प्रतिशत |
|---|---|---|---|
| १ | वालविकासका लागि न्याक निर्माण एवं खरिद | ८५०००० | ७४ |
| २ | कक्षा ३ को अंग्रेजी माध्यम संञ्चालन गर्न सात दिने तालिम | २००००० | ८९ |
| ३ | शिक्षा ऐन निमावली अभिमखिकरण तालिम | १००००० | ० |
| ४ | वार्षिक परिक्षा संञ्चालन व्यवस्थापन | ८००००० | १०० |
| ५ | विद्यालय भर्ना अभियान संञ्चालन | ८०००० | ० |
| ६ | सुचना सुविधा | ६००० | १०० |
| ७ | पौष देखि फाल्गुन सम्म कक्षा १० का विद्यार्थीहरुका लगि आवास खर्च | ६००००० | १०० |
| ८ | प्र अ वैठक | १००००० | ९८ |
| ९ | मा वि तहका विद्यार्थीका लागि पिटि | १५०००० | १०० |
| १० | ई.एम.आई.एस अपग्रेड अभिमुकिरण तालिम | ६०००० | ० |
| ११ | वालविकास स का हरुका लागि थप पारिश्रमिक | ७२१५०० | ९७ |
| १२ | भ्रमण तथा विद्यालय अनुगमन | २००००० | ० |
| १३ | शैक्षिक क्यालेण्डर निर्माण | १००००० | ० |
| १४ | दरवन्दि मिलान कार्यदल तथा पेशागत संघ संगठनको वैठक खर्च | २५००० | ० |
| १५ | गाउशिक्षा समिति वैठक खर्च | १५०००० | ७० |
| १६ | विद्यालयहरुमा लेखा सफ्टवेर जडान | १३००००० | ९ |

| | | | |
|---|---|---|---|
| १७ | निजि शिक्षक व्यावस्थापन अनुदान थप | ८२४०००० | १०० |
| १८ | विद्यालय प्रशासन व्यवस्थापन शिक्षक अभिलेख संकलन तयारी अपग्रेड | १५०००० | १०० |
| १९ | शिक्षा दिवश तथा अन्तराष्ट्रिय साक्षरता  दिवश | ८०००० | १०० |
| २० | अंग्रजी माध्यम वाट पाठ्यपुस्तक थप अनुदान | ७००००० | ८१ |
| जम्मा | | १४६१२५०० | ८५ |

श्रोत शान्तिनगर गाउँपालिका शिक्षा तथा खेलकुद शाखा २०७७

**शान्तिनगर गाउँपालिकाको आ.व. २०७७/२०७८ को शिक्षातर्फको बजेटको**

| क्र.सं. | शिर्षक | बिनियोजन | प्रगति प्रतिशत |
|---|---|---|---|
| १ | संचार सुविधा | ६००० | |
| २ | शैक्षिक बुलेटिन प्रकाशन | ० | |
| ३ | प्रविधिमैत्री वैकल्पिक शिक्षा | ५००००० | |
| ४ | ल्यापटप खरिद एवम लेखा तथा परीक्षा सफ्टवेयर जडान | ३३२००० | |
| ५ | IEMIS ई.एम. आई.एस.अभिमुखिकरण | ० | |
| ६ | कक्षा ४ अंग्रेजी माध्यम वाट संचालन गर्न विषयगत शिक्षक तालिम | २००००० | |
| ७ | अंग्रेजी माध्यम वाट संचालि विद्यालयका विद्यार्थीका लागि पा पु अनुदान | ८००००० | |
| ८ | कक्षा १० का विद्यार्थीका लागि विद्यार्थी संख्याका आधारमा ३ महिने आवासिय पढाई | ६००००० | |
| ९ | नमुना वाहेकका १९ वटा वालविकासका लागि सामाग्री खरिद | १९००००० | |
| १० | वार्षीक परीक्षा संचालन तथा ब्यवस्थापन | १०००००० | |
| ११ | विद्यालय भर्ना अभियान संचालन तथा ब्यवस्थापन | १००००० | |
| १२ | शिक्षा सम्वन्धि दिवस समारोह | ० | |
| १३ | स्थानीय शिक्षा ऐन अभिमुखिकरण | ० | |
| १४ | नमुना  वालविकासका लागि एलसिडि खरिद तथा वितरण | ३३२५०० | |
| १५ | विद्यालय र संघसंस्था विच म्याचिङ फण्डमा आधारित कार्यक्रम | २८४००० | |

| | | | |
|---|---|---|---|
| १६ | कार्यक्रम अनुगमन तथा दैनिक भ्रमन भत्ता | २००००० | |
| १७ | गाउँ शिक्षा योजना निर्माण | ५००००० | |
| १८ | गाउँ शिक्षा समिति वैठक खर्च | १५०००० | |
| १९ | दरवन्दि मिलान कार्यदल तथापेशाागत शिक्षक संघ संगठन वैठक खर्च | ३०००० | |
| २० | प्रधानाध्यापक वैठक खाजा खर्च | १००००० | |
| २१ | विविध | १६२५०० | |
| २२ | शैक्षिक क्यालेण्डर निर्माण तथा वितरण | २००००० | |
| २३ | अनुमति प्राप्त विद्यालयका नि मा वि र मा वि निजि शिक्षक व्यवस्थानका लागि विद्यालयलाई अनुदान | ८५६७००० | |
| २४ | वालविकास केन्द्रका स काहरुका लागि थप पारिश्रमिक अनुदान | ९३६००० | |
| २५ | छात्रवृती गरिव तथा जेहन्दार ,दलित ,जनजाती तथा द्धन्दपिडित ७ जना | १४०००० | |
| जम्मा | | १,७०,४०,००० | |

## शन्दर्भ सामग्रीहरु


१. शान्तिनगर गाउँपालिकाको आ.ब.२०७७/०७८ को बार्षिक बजेट कार्यक्रम पुस्तिका ।

२. राष्ट्रिय जनगणना २०६८ का नतिजाहरु, केन्द्रिय तथ्याङ्क बिभाग काठमाडौ ।

३. पन्ध्रौ पञ्चबर्षिय योजना २०७६/०७७-२०८०/८१, राष्ट्रिय योजना आयोग काठमाडौ ।

४. नेपालको संबिधान २०७२, कानुन किताव व्यबस्था समिति, काठमाडौ ।

५. शिक्षा नीति २०७६, शिक्षा मन्त्रालय, काठमाडौ. ।

६. विद्यालय क्षेत्र विकास कार्यक्रम २०७३-२०८० शिक्षा बिभाग काठमाडौ ।

७. कार्यक्रम कार्यन्वयन पुस्तिका २०७७/०७८, शिक्षा तथा मानव श्रोत बिकास केन्द्र, भक्तपुर ।

८. दिगो बिकास लक्ष २०१७-२०३०, राष्ट्रिय योजना आयोग काठमाडौ ।

९  राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७५, पाठ्यक्रम बिकास केन्द्र काठमाडौ ।

१०. त्रि- वर्षिय जिल्ला शिक्षा योजना २०७०/०७१-२०७२/७३, जिल्ला शिक्षा कार्यालय दाङ ।

११. शैक्षिक दर्पण २०७६, जिल्ला शिक्षा बिकास तथा समन्वय ईकाई, दाङ ।

१२. शिक्षा ऐन संसोधन सहित २०२८, कानुन किताव व्यबस्था समिति, काठमाडौ ।

१३. स्थानीय सरकार सञ्चालन ऐन २०७४, काठमाडौ ।

१४. आधारभुत तह कक्षा १-३ को पाठ्यक्रम २०७६, पाठ्यक्रम बिकास केन्द्र, भक्तपुर ।

१५. शिक्षा सरोकारवाला लक्षित समुहहरु संग गरिएको समुहगत SWOT ANALYSIS टिपोट ।

१६. शिक्षा नियमावली २०५९ संसोधन सहित, कानुन किताव व्यबस्था समिति, काठमाडौ ।

१७. स्थानीय सरकार संञ्चालन ऐन २०७४, काठमाडौ ।

१८.  उच्चस्तरिय कार्यदलको प्रतिबेदन, शिक्षा मन्त्रालय काठमाडौ ।

१९. निशुल्क तथा अनिबार्य शिक्षा ऐन २०७५ काठमाडौ । .

२०.दश बर्षे नयाँ शिक्ष क्षेत्र योजना २०७८-२०८७ बिकास प्रस्तावको खाका लुम्बिनी प्रदेश ।

२१. नगर शिक्षा योजना २०७६/०७७-२०८०/०८१ बुटवल उपमहानगरपालिका ।